साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क १ ✪ १३ माघ २०८२, मङ्गलबार ✪ 27 January 2026, Tuesday ✪ मूल्य रू. १०।-

## जिल्ला जिल्लामा नेमकिपाका उम्मेदवारहरू

काठमाडौँ । आगामी फागुन २१ हुने प्रतिनिधिसभाको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीले ५९ जिल्लाको १२० निर्वाचन क्षेत्रमा उम्मेदवारी दिएको छ ।

पार्टीले भक्तपुर क्षेत्र नं. १ मा सचिव प्रेम सुवाल र केन्द्रीय सदस्यहरू नवराज कोइराला बैतडी क्षेत्र नं. १, खगेन्द्रबहादुर शाही डोटी क्षेत्र नं. १, बखतबहादुर थापा दैलेख क्षेत्र नं. २, रमेशकुमार रावल दार्चुला क्षेत्र नं. १ मा पार्टीको तर्फबाट उम्मेदवारी उठाएको छ ।

कालीकोटमा केन्द्रीय सदस्य नन्दबहादुर शाहीलाई उम्मेदवारी बनाएको छ । पार्टीको वाग्मती प्रदेश सदस्य रमेश वैद्यलाई भक्तपुर क्षेत्र नं. २ मा पार्टीले उम्मदेवार बनाएको छ ।

त्यस्तै पार्टीले केन्द्रीय सदस्य सरोजकुमार साहलाई पर्सा क्षेत्र नं. ३ मा, दैलेख जिल्ला अध्यक्ष जगतबहादुर ओलीलाई सोही जिल्लाको क्षेत्र नं. १ मा र जुम्ला जिल्ला उपाध्यक्ष बिर्खबहादुर राउतलाई सोही जिल्लाको उम्मेदवारी बनाएको छ ।


नुवाकोट जिल्लाका पार्टी अध्यक्ष रवीन्द्र डंगोल सो जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा, रौतहट जिल्ला पार्टी अध्यक्ष




दिनेसप्रसाद साह सोही जिल्लाको क्षेत्र नं. ४ मा, उदयपुर जिल्ला पार्टी अध्यक्ष विष्णुबहादुर खत्री सोही जिल्लाको क्षेत्र नं. १ मा पार्टीको उम्मेदवारी हुनुभयो ।

लुम्बिनी प्रदेश पार्टी सदस्य नवीनकुमार शाही दाङ जिल्लाको क्षेत्र नं. २ मा पार्टीको उम्मेदवार हुनुभएको छ ।

## पार्टी स्थापना दिवसको अवसरमा दुई पुस्तक विमोचन
# नि:स्वार्थभावले देश सेवामा समर्पित बनाउन नयाँ पुस्तालाई उत्साहित गर्नुपर्ने





भक्तपुर । नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिको आयोजनामा पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा माघ १० गते पुस्तक सार्वजनिकीकरण तथा विचार गोष्ठी सम्पन्न भयो ।

पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा 'श्रमिक' साप्ताहिकको 'सम्पादकीय सङ्कलन दोस्रो खण्ड' र हरिबहादुर श्रेष्ठको कवितासङ्ग्रह 'ए, मेरा रातहरू' पुस्तक पनि विमोचन गरिएको थियो ।

स्वार्थी भावनाबाट देश नबन्ने शिक्षा नयाँ पुस्तालाई दिनुपर्ने प्रसङ्ग कोट्याउँदै उहाँले यसमा शिक्षक र अभिभावकको भूमिका महत्त्वपूर्ण हुनुपर्ने बताउनुभयो ।

दस वर्षको प्रवासपछि देशमा नयाँ साथीहरूबाट सङ्गठन विस्तारमा लागेको उल्लेख गर्दै उहाँले देश पराइको भरमा नभई आफ्नै बलबुट्टामा बनाउने कोसिस गर्नुपर्छ भन्नुभयो ।

समाजवादमा उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण हुने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुने चर्चा गर्दै उहाँले त्यहाँ कोही बेरोजगार भएर बस्न नपर्ने प्रस्ट पार्नुभयो । उहाँले साम्यवादी समाज वर्गविहीन र राज्यविहीन हुने र त्यहाँ मानिसको आवश्यकता समाजले पूरा गर्ने हुँदा सेना प्रहरीसमेत आवश्यक नहुने उल्लेख गर्नुभयो ।

साम्यवादमा गाउँ र सहर तथा शारीरिक र बौद्धिक श्रमको भेद नहुने चर्चा गर्दै उहाँले मजदुर र किसानको पनि भेद नहुने बताउनुभयो ।

"उपनिवेशमा कस्तो दु:ख हुन्छ भन्ने विषय नेपालीले व्यहोरेका छैनन् । २००७, २०१७, २०४६ र ०६३ सालको सबै घटनामा बत्ती बाल्नेहरू देखिए, नयाँ पुस्तालाई नसिकाइएसम्म तन, मन, धनले देशको सेवा गर्ने समर्पणको भावना हुँदैन ।", उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, "संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायतमा आगजनी हुँदा सम्बन्धित कर्मचारीहरूले पनि रोक्नुपर्ने थियो । पुरातत्त्व विभागका कर्मचारीहरूले रोकेकै कारण त्यो भवन सुरक्षित भयो ।"

"नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनलाई बाटो बिराउन नदिने प्रकाशस्तम्भको रूपमा स्थापना भएको हो; प्रकाशस्तम्भले समुद्रका जहाजलाई ठुलठुला चट्टानमा ठोक्ने काम रोकेजस्तै नेमकिपाले सही बाटो देखाउँदै आएको छ" उहाँले भन्नुभयो ।

"किसान आन्दोलनलाई जोड दिन, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादविरुद्ध सङ्घर्ष गर्न नेमकिपा स्थापना भएको हो । त्यसबेला नेमकिपाले पञ्चायती चुनावको उपयोग र भूमिसुधारको समर्थन गर्दा राजावादीको आरोप लगाइयो । त्यो उत्तिबेलै असत्य साबित भएको हो ।", उहाँले भन्नुभयो ।

बाँकी पृष्ठ १२ मा

## पार्टीले समाजवादी प्रचार अभियानको रूपमा निर्वाचनलाई उपयोग गर्ने




भक्तपुर । नेपाल मजदुर किसान पार्टीको तर्फबाट भक्तपुर निर्वाचन क्षेत्र नं. १ मा पार्टीका सचिव प्रेम सुवालले माघ १० गते उम्मेदवारी दिनुभएको छ ।

उम्मेदवारी दर्तापछि दरबार क्षेत्रमा भएको जनसभामा सचिव सुवालले नेमकिपा मजदुर, किसान र कामदारवर्गको हित हेर्ने देशभक्तहरूको पार्टी भएको स्पष्ट पार्दै पार्टीले समाजवादको प्रचार अभियान अगाडि बढाउन निर्वाचनलाई उपयोग गर्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "समाजवादी व्यवस्थामा उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, शिक्षा र स्वास्थ्य नि:शुल्क, योग्यताअनुसार काम र कामअनुसारको पारिश्रमिकको बन्दोबस्त हुनेछ भने विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्थासहितको करमुक्त व्यवस्था हुनेछ । युवालाई देशभित्र रोजगारीको व्यवस्था हुनुपर्ने विषयलाई पनि नेमकिपाले जोड दिँदै आएको छ ।"

सचिव सुवालले थप्नुभयो, "निर्वाचन जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरजस्तै हो । नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, फुकोट कर्णालीलगायत सन्धि सम्झौता गरी देशलाई नवउपनिवेश बनाउने देशद्रोही पार्टी र उम्मेदवारलाई हराउने एउटा दबु निर्वाचन पनि हो ।"

आगामी फागुन २१ गते हुने निर्वाचनमा प्रधानमन्त्री र मन्त्री बन्ने भन्दै जनतालाई पैसा र सामान बाँडेर, भोज खुवाएर, झूटा आश्वासन दिएर जनताको मत किन्नेहरूले भोलि तिनीहरूले नेपाली जनताको घरजग्गा लुट्ने र अन्तत: देश

बाँकी पृष्ठ १२ मा

## सर्लाहीमा कार्यकर्ता प्रशिक्षण गरी पार्टी स्थापना दिवस मनाइयो

सर्लाही । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा माघ १२ गते पार्टी प्रशिक्षण तथा कार्यकर्ता भेला भयो ।

उक्त प्रशिक्षणात्मक कार्यकर्ता भेलामा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले राजनीति इमानदारीपूर्वक देश र जनताको सेवा गर्न हो, पैसा कमाउनको निम्ति होइन भन्नुभयो ।

देशको राजनीतिमा नेमकिपाले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको उल्लेख गर्दै उहाँले निर्वाचन पनि विचारको सङ्घर्ष भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेमकिपाका कार्यकर्ताहरू इमानदारीपूर्वक लडाइँ गर्ने सिपाहींहरू हुन् भने जनता न्यायाधीश हुन् । जनताले असल, नि:स्वार्थी र इमानदार उम्मेदवारलाई जिताउनुपर्छ ।"

नेमकिपालाई दिएको भोट खेर नजाने विश्वास व्यक्त गर्दै उहाँले जनता राजनीतिक रूपमा सचेत र सङ्गठित भई इमानदार उम्मेदवारलाई जिताउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "अहिलेको निर्वाचन देश बनाउने र देश बिगार्नेहरूबिचको वैचारिक लडाइँ हो । नेमकिपाले स्थापनाकालदेखि सामन्तवादविरुद्ध आन्दोलन गर्दै आएको छ । निर्वाचन घोषणापत्रअनुसार नेमकिपाबाट निर्वाचित जनप्रतिनिधिहरूले भक्तपुर नगरपालिकामा शिक्षा, स्वास्थ्य क्षेत्रमा समाजवादउन्मुख अवधारणाअनुसार काम गरिरहेका छन् ।"

सरकारी कलकारखानाहरू निजीकरण गरेर सरकार आफ्नो जिम्मेवारीबाट पन्छिरहेको औँल्याउँदै शासक पार्टीहरूले २८ खर्ब ऋण पुऱ्याएर देशलाई ऋणमा डुबाएको केन्द्रीय सदस्य प्रजापतिले बताउनुभयो ।

युवाहरूलाई बिदेसिन बाध्य पारिरहेको उल्लेख गर्दै उहाँले नेमकिपा

बाँकी पृष्ठ १२ मा

## रौतहटमा प्रशिक्षण एवं कार्यकर्ता भेला



रौतहट । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा माघ १० गते कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम रौतहटमा भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले कामदारवर्गलाई शासकवर्गमा पुऱ्याउने नेमकिपाको उद्देश्य हो भन्नुभयो ।

उहाँले नेमकिपाले मोहियानी हक प्राप्तिको लागि किसान आन्दोलनको सुरुआत गरेको चर्चा गर्दै महँगी, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको निरन्तर विरोध गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "ठुलो पार्टी हुँदैमा सद्दे हुने होइन, सङ्ख्या महत्त्वपूर्ण होइन । नेमकिपा समाजवादी विचार लिएर काम गरिरहेको पार्टी हो । आगामी चुनाव देशभक्त र देशघातीहरूबिचको लडाइँ हो ।"

समाजवादमा योग्यताअनुसारको काम, कामअनुसारको ज्याला हुने या नभए बेरोजगारी भत्ताको व्यवस्था हुने उल्लेख गर्दै उहाँले पुँजीवादी व्यवस्था जनताको हितमा हुँदैन भन्नुभयो ।

नेपालले एमसीसी पारित गरेको परिणाम अहिले अमेरिकी दलालहरू देशको शासन सत्तामा पुगेको उल्लेख गर्दै उहाँले पुँजीवादी चुनाव जनताको चेतनास्तर नाप्ने यन्त्र मात्र हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "नेमकिपाले राजनीति सुविधाको निम्ति होइन जनताको सेवाको निम्ति गरिरहेको हो । तर, राजनीति गर्ने ठुला दलका नेताहरूले धन कमाउने माध्यम बनाए । नेमकिपाले गरिब जनतालाई सेवा सुविधा दिने कार्य गर्दै आएको छ ।"

नेक्रामहिलासङ्घका केन्द्रीय कोषाध्यक्ष रोशनमैँया सुवालले महिलाहरू पनि राजनीतिमा सक्रिय हुनु आवश्यक छ भन्नुभयो ।



मानिसहरू स्वतन्त्रतालाई प्रेम गर्छन्, स्वतन्त्रताप्रतिको प्रेमले नै उनीहरू गतिशील हुन्छन् र जहाँ स्वतन्त्रता छैन त्यहाँबाट टाढिन्छन् ।

**-होजे मार्टि** (क्युवाली स्वाधीनता सङ्ग्रामका नेता)

## सम्पादकीय

# के निर्वाचनले भ्रष्टाचार निर्मूल होला ?

अहिले गाउँका चौतारा, पँधेरा होस् वा स-साना बस्तीहरूको पाटी र पौवा होस् वा सहरहरूको बस सेवा, रेस्टुराँ र खाने पसल, हरेक ठाउँमा एउटै प्रश्न उठ्दै छ - के निर्वाचनले भ्रष्टाचार निर्मूल होला ?

यसको उत्तर हुनेछ - यदि भ्रष्टाचार गर्ने र हुने परिस्थिति नभएमा भ्रष्टाचार हुने छैन - अर्थात् उत्पादनका साधनहरू र निजी सेवाहरूको बन्दोबस्त राज्य वा जनताको हातमा पुगेमा भ्रष्टाचार एक एक पाइला गरेर कम हुँदै जानेछ र अन्ततः भ्रष्टाचार निर्मूल हुनेछ । त्यसका सर्तहरू के के हुनेछन् ? एक, विभिन्न कारणले निजी र सार्वजनिक सम्पत्तिहरूको प्रतिस्पर्धाको ठाउँमा निजी सम्पत्तिलाई सबै जनताले अस्वीकार गर्ने नीति, ऐन कानुन र आदर्श समाजतिर जाने लक्ष्य राखेमा भ्रष्टाचार कम हुँदै त्यसको अन्त्य हुँदै जानेछ ।

दुई, यदि भ्रष्टाचारीहरूलाई जनताले तत्काल उदाङ्ग्यायो भने राजनैतिक दलहरू, खास गरेर शासक दलहरू सरकारका सबै अङ्गहरूले भ्रष्टाचारीहरूलाई 'आफ्ना मानिसहरू' भनेर जोगाउने सामन्त प्रवृत्तिलाई निर्मूल गरे भ्रष्टाचार छिट्टै अन्त्य हुँदै जानेछ ।

XXX

समाजका यस्ता खराबी वा धमिराहरूलाई समाप्त पार्न तत्काल सबै ठाउँमा भ्रष्टाचार विरोधी सशक्त अभियान चलाएर भ्रष्टाचार निर्मूल पार्नु आवश्यक छ ।

दोस्रो उपाय हो - देशका मुख्य मुख्य भ्रष्टाचारका काण्डहरू वा मुद्दाहरू देशभरि नै निर्ममतापूर्वक कारबाही गरी टुङ्ग्याउँदै अघि बढ्न आवश्यक छ । ढिलो कारबाहीले 'कानुनी उपचार' को नाममा सबै भ्रष्टाचारीहरू मिलेर उनीहरूले राजनैतिक दल, संसद् र सांसदहरू, सरकार वा मन्त्रीहरू आफ्नो हातमा पार्न सक्छन् । त्यसैले भ्रष्टाचारका मुद्दाहरू छिटछिटो टुङ्ग्याउनुपर्छ । भ्रष्टाचार निर्मूल गर्ने संस्थाहरूलाई भ्रष्टाचारीहरूको भनसुन र घुस प्रक्रियाको सम्भावनाबाट टाढै राख्नु आवश्यक छ ।

हो, निश्चय पनि भदौको जेन-जीहरूको - 'आगो लगाउने र ध्वस्त पार्ने', उपाय र आन्दोलनले भौतिक सम्पत्ति वा सार्वजनिक सम्पत्ति ध्वस्त हुँदा ती भवन र संस्थाहरूमा बसी भ्रष्टाचार गर्ने भ्रष्टहरू वा निश्चित व्यक्तिहरू अहिले मुक्त भएको सम्झँदै छन् ।

यसकारण, एक एक गरी 'आगो लगाए' जस्तै तत्काल मुद्दाहरू छिनोफानो गर्दै गएमा भ्रष्टाचारीका गुटहरू र गुप्त 'संस्थाहरू' भाग्ने छन् वा भ्रष्ट कामबाट अलग्ग बस्ने छन् ।

**एउटा उदाहरण**

सानो तर अत्यन्त संवेदनशील र जनताको चासो व्यापक भएको ठाउँ 'भक्तपुर क्यान्सर अस्पताल' हो । देशभित्रका र विदेशका डाक्टर, इन्जिनियर, बुद्धिजीवी र सद्भावना भएका व्यक्तिहरू र संस्थाहरूले स्थापना गरेको उक्त स्वास्थ्य संस्थालाई शासक दल (नेपाली काङ्ग्रेसका नेताहरूको एक समूह) ले एक एक पाइला गरेर त्यस अस्पताललाई निजीकरणको बाटो पुऱ्यायो र लुट मच्चायो ।

त्यस अस्पतालका हरेक अङ्गहरू (परीक्षण गर्ने, रगत जाँच्ने, एक्सरे गर्ने, टिकट लिने र औषधि बेच्ने जस्ता) सबै अङ्गहरू निजीकरण गरियो । त्यसले उपचारमा मूल्य बढेर पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिणसम्मका सबै रोगी जनता र परिवारले अचानक पहाड खसेको अनुभव गरे ।

त्यो हाहाकारबाट बच्न रोगी परिवार, कार्यरत कर्मचारीहरू र जान्ने बुझ्ने स्थानीय जनताले स्थानीय नगरपालिकामा उजुरी गरी छिटो सस्तोमा उपचारको बन्दोबस्तको निम्ति गुहार मागे ।

शासक दलहरूकै मानिसहरूको भनसुन सुनेर सरकारले कान सुन्ने नसुन्ने जस्तै गर्दा अकालमा मानिस मर्ने सम्भावना बढ्दै गयो । बिरामी परिवारहरू, साधारण जनता, संवदेनशील समूह र स्थानीय तहले अगुवाइ गरी सरकारलाई चित्त बुझाएर 'भक्तपुर क्यान्सर अस्पताल' पुनः सरकारी अस्पतालको रूपमा सञ्चालन भयो ।

पछि फेरि नयाँ युवा मन्त्रीको नाममा नेपाली काङ्ग्रेस र एमालेको सरकारले एक नयाँ डाइरेक्टरको नाममा जनताको मर्म र दुःख नबुझ्ने डाक्टरले भ्रष्ट लोग्ने स्वास्नी जोडी राखेर पुनः स्वर्गलाई नर्क बनाउन खोज्यो । पीडितहरूले फेरि सरकारलाई गुहारे । पीडितहरूले आशा गरेबमोजिम 'अख्तियार' अस्पतालमा पुगेको खबर जनतासम्म पुग्यो । छिटछिटो भ्रष्टाचारीहरूलाई कारबाही भएमा देशभर यस्ता कदमहरू सरकारले चालेमा जनतालाई आश्वासन पार्ने एक उदाहरण बन्ने जनताको अनुमान छ ।

# नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनलाई बाटो देखाउने पार्टी

✍ **प्रज्ज्वल**

नेपाल मजदुर किसान पार्टी स्थापनाको आधार किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा आन्दोलन र साम्राज्यवादविरुद्धको आन्दोलन हो । पार्टीका अग्रजहरूले २०१९-२० सालदेखि बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, मोहियानी हकको आन्दोलन, साँढे धपाउने आन्दोलन सुरु गर्नुभएको थियो ।

संवत् २०२७ सालमा भारतीय विस्तारवादले सेना पठाएर पाकिस्तानको अभिन्न अङ्ग पूर्वीपाकिस्तानलाई बङ्गलादेश घोषणा गरायो । पार्टीका अग्रजहरूले त्यसको पनि विरोध गर्नुभयो । भारतीय विस्तारवादले २०३१ सालमा सार्वभौम देश सिक्किमलाई निल्यो । पार्टीका अग्रजहरूले त्यसको पनि विरोध गर्नुभयो ।

सोभियत सङ्घमा स्तालिनको मृत्युपछि नेतृत्वमा आएकाहरूले वर्ग सङ्घर्ष त्याग्ने र निर्वाचनबाट चुनाव जित्ने संशोधनवादी नीति लिए । पार्टीका अग्रजहरूले त्यो संशोधनवादी नीतिको खण्डन गर्नुभयो ।

नेपालको कम्युनिस्ट आन्दोलनलाई ठीक बाटोमा हिँडाउन अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले संवत् २०३१ साल माघ १० गते नेपाल मजदुर किसान पार्टी स्थापना गर्नुभयो । समुद्रमा जहाजहरू ठूलठूला चट्टानमा नठोक्किने गरी टाढादेखि देखिने बिजुली बलेको प्रकाश स्तम्भ राखिएको हुन्छ । नेमकिपाले नेपालको कम्युनिस्ट आन्दोलनमा त्यही प्रकाशस्तम्भको रूपमा काम गर्दै छ ।

सोभियत रुसमा समाजवादी क्रान्ति सम्पन्न भएको ३५ वर्षभित्र संसारको दोस्रो अर्थतन्त्रमा उक्लियो । नेपालका शासक दलहरूको अकर्मण्यताको कारण कृषि प्रधान देश नेपाल खाद्यान्नमा परनिर्भर बन्दै छ । नेपालका शासकहरूले सोभियत सङ्घबाट पाठ सिक्न सकेनन् ।

संरा अमेरिकाले जापानको हिरोसिमा नागासाकीमा खसालेको आणविक बमको कारण अहिलेसम्म त्यहाँ बिरुवा उम्रन सकेको छैन । त्यहाँ बच्चाहरू विकलाङ्ग जन्मिन्छन् । यसर्थ हतियार उत्पादन र युद्धको विरोध गर्नु जरुरी छ ।

**निर्वाचन घोषणापत्रको आधारमा हुनुपर्ने**

निर्वाचन घोषणापत्रको आधारमा हुनु आवश्यक छ । नेमकिपाको घोषणापत्रमा विद्यालय शिक्षा निःशुल्क, देशभित्र रोजगारीको बन्दोवस्त, स्वास्थ्य उपचार निःशुल्क, कृषिमा आत्मनिर्भर बनाउने, जोत्नेलाई जमिन वितरण गर्नेलगायत विषय उल्लेख हुँदै आएको छ । शासक दलहरूले यी विषय समेटेका छैनन् । शासक दलहरूले महँगी नियन्त्रण गर्ने, भ्रष्टाचार रोक्ने, देश समृद्ध बनाउने विषय उठाएको ३५ वर्ष भयो, तर केही सीप लागेन ।

विगत २० वर्षको तथ्याङ्कले हरेक वर्ष नेपालको खेती ०. ६ प्रतिशतले घटेको देखाएको छ । शासक दलहरूले युवाहरूलाई विदेश पठाएको र देशको सन्तुलित विकास नगरेको हुँदा नेपालमा खेती कम हुँदै छ ।

निर्वाचन जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरजस्तै हो । कामदार वर्गले शोषक वर्गको विरुद्ध सङ्घर्ष गर्ने एउटा थलो निर्वाचन पनि हो । त्याग, तपस्या, बलिदान र सेवाको क्षेत्र राजनीति हो । शासक दलहरूमा यो प्रतिबद्धता देखिएन ।

शासक दलका नेताहरू मन्त्री निवासको नाममा दरबारमा बस्न थाले । प्रदेश प्रमुख र मुख्य मन्त्रीहरू भैँसेपाटीमा सरकारी आवास निर्माण गरेर बस्नुको सट्टा आफ्नै प्रदेशम बस्नुपर्ने हो । सङ्घीय राजधानी काठमाडौँमा प्रदेश मुख्य मन्त्रीको सुविधासम्पन्न आवास बनाउनुभन्दा जिल्ला जिल्लामा जनताको निम्ति अस्पताल, विद्यालय, कलेज स्थापना गर्नु जरुरी छ ।

नेमकिपाका जनप्रतिनिधिहरू निर्वाचित भक्तपुर नगरपालिकाले सञ्चालन गरेका शैक्षिक संस्थाहरूमा ७७ जिल्लाकै विद्यार्थीहरूले उच्च शिक्षा अध्ययन गर्ने अवसर पाए ।

कम्युनिस्ट घोषणापत्रमा मार्क्स एंगेल्सले लेख्नुभयो, "सर्वहारा वर्गसँग जित्नको निम्ति सारा संसार छ; हार्नको निम्ति आफूलाई बाँधिएको सिक्रीबाहेक छैन ।" यो यथार्थबारे नेपालका मजदुर, किसान र कामदार वर्गलाई शिक्षित गर्नु आवश्यक छ ।

मार्क्स आफ्नो छोराछोरीको बिनाउपचार मृत्यु हुँदा पनि मजदुर वर्गको सेवा गर्ने आफ्नो अडानबाट विचलित हुनु भएन । नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यू पनि मजदुर र किसान वर्गको पक्षमा दृढ अडान लिएर सेवा गर्दै हुनुहुन्छ । यो अडानमा हामी सबै कार्यकर्तासँग लाग्नु जरुरी छ ।

शासक दलहरूले देश र जनताको निःस्वार्थ सेवा नगरेको र सम्भावित विध्वंसबारे पूर्वानुमान गर्न नसकेको हुँदा साम्राज्यवादीहरूको उक्साहटमा भदौ २३ र २४ गतेको घटना घटेको विदेशीहरूले बोलिरहेको सार्वजनिक भइरहेको छ । नेपाली जनता सचेत हुनुपर्दछ ।

भेनेजुयलाको सुन, तेल, ग्यासलगायतका खनिज तथा प्राकृतिक स्रोतहरू अमेरिकी कम्पनीहरूसमेतले कब्जा गरेका थिए । भेनेजुयलामा ह्युगो चाभेज सत्तामा आएयता ती कम्पनीहरू राष्ट्रियकरण गरियो । निकोलस मादुरोले पनि चाभेजकै नीति अनुसरन गरेको कारण ट्रम्प प्रशासनले मादुरो दम्पत्तीलाई अपहरण गरी भेनेजुयला कब्जा गरेको खुलिरहेको छ । ट्रम्प प्रशासनको यो अपहरण र कब्जाको संसारका न्यायप्रेमी जनतासँगै नेमकिपाले विरोध गर्दै छ ।

संसारमा भएका ८ अर्ब मान्छेमध्ये ६० हजार मान्छेसँग आधाभन्दा बढी सम्पत्ति कब्जामा रहेको सार्वजनिक भयो । यसकारण निर्वाचनमा पुँजीवादी पार्टीहरूलाई मत दिनु हुँदैन ।

नेपालका शासक दलहरूले फेरि पनि सिद्धान्तहीन मोर्चा र सत्ता गठबन्धन बनाउने सम्भावना छ । भर्खरै सम्पन्न राष्ट्रियसभाको चुनावमा काङ्ग्रेस एमालेबिच गठबन्धन भयो । यस्तो गठबन्धनले देश र जनताको हित गर्दैन ।

# श्रम स्वीकृति नभएका देशमा युवा पठाउनुको जिम्मेवारी आजसम्म प्रधानमन्त्री र मन्त्रीहरूले लिनुपर्दछ

**पाठक स्तम्भ**

**शुक्र**

सरकारले युवाहरूलाई स्वदेशमा रोजगारी नदिई वैदेशिक रोजगारीका नाममा युवा बेच्दै छ । नेपाल सरकारले वैदेशिक रोजगारीमा ११० मुलुकमा नेपाली पठाउने तर श्रम सम्झौता १२ देशसँग मात्रै गरेको समाचार छ ।

श्रम मन्त्रालयका अनुसार सरकारले कतार, दक्षिण कोरिया, बहराइन, जोर्डन, मलेसिया, जापान, मौरिसस, युएई, इजरायल, बेलायत, रोमानिया र जर्मनीसँग श्रम सम्झौता गरेको र साउदी र ओमान थप दुई देशसँग श्रम सम्झौताका लागि मन्त्रिपरिषद्ले स्वीकृति दिएको सार्वजनिक भयो ।

सरकारले वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र तलब-सुविधाको सुनिश्चितताका लागि सबै गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्दै छ । मन्त्रालयका अनुसार श्रम सम्झौता भएपछि तोकिएको काममा लगाइने र तोकिएको ज्याला पाउने सर्त पालना गर्न सम्बन्धित देश र त्यहाँको कम्पनी बाध्य हुनेछ, कुनै कामदारलाई सर्तविपरीतको कार्य गराए कानुनी उपचारको बाटो हुनेछ ।

सरकारले श्रम सम्झौता गरिएका देशहरू दक्षिण कोरिया र इजरायलमा त्यहाँका सरकारसँग सम्झौता गरी युवा पठाउँदै छ भने जापानमा सरकारको सहजीकरणमा म्यानपावर कम्पनीले युवालाई पठाइरहेको छ । कतार, बहराइन, जोर्डन, मलेसिया, जापान, मौरिसस, युएई, बेलायत, रोमानिया र जर्मनीमा पनि नेपाल सरकारले म्यानपावरमार्फत पठाइरहेको छ ।

सरकारले युवाहरूलाई देशभित्रै काम दिएन । कामको खोजीमा नेपाली युवा १५१ मुलुकमा पुगेको सार्वजनिक भयो । वैदेशिक रोजगार विभागका अनुसार सरकारले अनुमति दिएका ११० देशमध्ये ९९ देशको वैदेशिक रोजगारीमा नेपाली पुगे । श्रम स्वीकृति नभएका ५२ मुलुकमा नेपाली युवा कसरी पुगे ? के यसमा सरकार जिम्मेवार हुनु पर्दैन ?

साम्राज्यवादको आक्रमणबाट प्रताडित देशहरू इराक र लिबियामा समेत नेपाल सरकारले श्रम स्वीकृति दिएर युवाहरू पठाउनु मर्न पठाउनुजस्तै हो । आर्थिक रूपमा कमजोर भएका देशहरू इथोपिया, फिजी, बर्मुडा, जमैका र द्वन्द्वरत देशहरू सुडान, कङ्गो, सोमालियालगायतमा समेत नेपाली युवालाई वैदेशिक रोजगारीमा पठाउनु आजसम्मका सरकारहरूको नालायकीको द्योतक हो । सरकारी तथ्याङ्कमा २०८२ साउनदेखि मङ्सिरसम्ममा १०८ देशमा युवा पठाइएको छ ।

श्रम सम्झौता नभएका देशहरू साउदीमा २०८२ कार्तिक र मङ्सिरमा वैदेशिक रोजगारीमा सबैभन्दा धेरै युवा पठाइयो । श्रम विभागका अनुसार कात्तिकमा १५ हजार ७६९ र मङ्सिरमा १४ हजार ३३९ युवा साउदी पुऱ्याइयो । ओमानमा गत आवमा आठ हजार ६०१ युवा पुऱ्याइएको सार्वजनिक भयो ।

इजरायलले नेपाली युवालाई कृषि र केयर गिभरको काममा लगाउने गरेको छ । सरकारले वार्षिक १२ सय हाराहारी युवा इजरायलमा पठाउँदै छ ।

वैदेशिक रोजगार विभागका अनुसार आव २०८१/८२ मा पेर्टोरिको, बुल्गेरिया, कङ्गो, रुवान्डा, सेन्ट लुसिया, सेनेगल, सर्बिया, साइटा लियोन, सिन्ट मार्टिन, सोमालिया, सुडान, सुरिनेम, स्वाजिल्यान्ड, ताइवान, ताजिकिस्तान, टिमोर लिस्ट, टोगो, ट्रिनिडाड एन्ड टोबागो, तुर्केमिनिस्तान, ट्रक्स एन्ड काइकोस आइल्यान्ड, उरुग्वे, यमन र जाम्बियामा नेपालका म्यानपावरमार्फत नेपाली युवालाई विनाश्रम स्वीकृति पठाइयो ।

आव २०८१/८२ मा श्रम स्वीकृति नलिएरै अङ्गोला, बहमास, बर्माडोस, बेनिन, बर्मुडा, ब्रिटिस भर्जिन आइल्यान्ड, क्यामरुन, सेन्ट्रल अफ्रिकन रिपब्लिक, कुक आइल्यान्ड, कोते डिभोर, डिजिवाँती, डोमिनिकन रिपब्लिक, इक्वेडर, इक्वेडेरियल गुनिया, इथोपिया, फ्रेन्च पोलोसेनिया, ग्याबोन, जर्जिया, घाना, जमैका, लिथुनिया, माडागास्कर, मालावी, माली, मौरीटानिया, पलाउ र पपुवा न्युगिनीसम्म दलाल म्यानपावरमार्फत नेपाली युवालाई कसरी पठाइयो ?

यो अवस्थाको जिम्मेवारी आजसम्म प्रधानमन्त्री र मन्त्री भएकाहरूले लिनुपर्दछ ।

# देश र जनतामा समर्पित नेमकिपाको गौरवमय आधा शताब्दी

✍ विवेक

**नेपाल मजदुर किसान पार्टीको तत्कालीन उद्देश्य जनताको प्रजातन्त्र हो भने दीर्घकालीन उद्देश्य समाजवाद हुँदै साम्यवादी समाज स्थापना हो। जनताको प्रजातन्त्रको अर्थ कामदार वर्गको नेतृत्वमा प्रगतिशील बुद्धिजीवीहरू, राष्ट्रिय पुँजीपतिवर्गसहितको सहभागितामा गठन हुने सरकार हो। त्यस व्यवस्थामा उत्पादनका मुख्य मुख्य साधनहरूको क्रमश: सामाजिकीकरण गर्दै लगिने, सञ्चार सेवामा सरकारी नियन्त्रण हुने र शोषक सामन्तहरूलाई मताधिकारबाट बञ्चित गरिने छ।**

आजभन्दा ५२ वर्षअघि २०३१ साल माघ १० गते (२३ जनवरी १९७५) नेपाल मजदुर किसान पार्टीको स्थापना भएको हो। स्थापना कालदेखि देश र जनताको इमानदारीपूर्वक सेवा गर्दै आएको अहिले आधा शताब्दी भइसकेको छ। पार्टी निर्माणको सिलसिलामा यस अवधिमा कैयौँ नेता कार्यकर्ताहरूले जेलनेल, प्रवास र भूमिगत जीवन बिताउनुपर्यो। प्रतिक्रियावादीहरूले कैयौँलाई झूटा मुद्दामा फसाएर अनेकौँ दु:ख दिए। जस्तोसुकै कठिन जीवन व्यतित गर्नुपरे पनि पार्टीका नेता कार्यकर्ताहरू पार्टीको सिद्धान्त र विचारबाट अलिकति पनि विचलित भएनन्। कहिले पनि पुँजीवादी राज्य सत्ताको सेवा सुविधाप्रति लोभ गरेनन्। नेमकिपाका यस्ता हजारौँ नेता कार्यकर्ताहरूको अमूल्य योगदान, पार्टीको सिद्धान्त र विचारप्रतिको अटल विश्वास नै पार्टीलाई जनताबिच जाज्वल्यमान बनाई राख्ने शक्ति हो।

**नेमकिपाको उद्देश्य :**

नेपाल मजदुर किसान पार्टीको तत्कालीन उद्देश्य जनताको प्रजातन्त्र हो भने दीर्घकालीन उद्देश्य समाजवाद हुँदै साम्यवादी समाज स्थापना हो। जनताको प्रजातन्त्रको अर्थ कामदार वर्गको नेतृत्वमा प्रगतिशील बुद्धिजीवीहरू, राष्ट्रिय पुँजीपतिवर्गसहितको सहभागितामा गठन हुने सरकार हो। त्यस व्यवस्थामा उत्पादनका मुख्य मुख्य साधनहरूको क्रमश: सामाजिकीकरण गर्दै लगिने, सञ्चार सेवामा सरकारी नियन्त्रण हुने र शोषक सामन्तहरूलाई मताधिकारबाट बञ्चित गरिने छ।

तर समाजवादी व्यवस्थामा भने व्यक्तित्व विकासमा समान अवसर, उत्पादनका मुख्य मुख्य साधन र सेवाहरू सामाजिकीकरण, योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त, शिक्षा र स्वास्थ्य उपचारजस्ता जनताका आधारभूत आवश्यकताहरू नि:शुल्क हुने, विदेशमा सम्पत्ति राख्न नपाउने, सम्पत्तिको सीमा तोकिनेछ। धनी र गरिबबिचको असमानता दुरी कम हुँदै जानेछ। जब समाज साम्यवादी समाजमा रूपान्तरण हुन्छ तब मानिसहरूको आवश्यकता अनुसारको वितरण प्रणालीको बन्दोबस्त हुनेछ। समाजमा कसैले कसैलाई आदेश वा निर्देशन दिनुपर्ने अवस्था रहनेछैन। समाज स्वचालित यन्त्र जस्तै आ-आफ्नो जिम्मेवारी पूरा गर्ने अवस्थामा पुग्नेछ। समाजमा दबाउनुपर्ने कुनै वर्ग रहनेछैन। समाज वर्गविहीन हुनेछ। दबाउनुपर्ने कुनै वर्ग पनि नहुने अवस्थामा कानुन र राज्यको औचित्य पनि क्रमश: घट्दै जानेछ। बिस्तारै बिस्तारै गाउँ र सहरबिचको भेद तथा शारीरिक र मानसिक श्रमबिच भेद हट्दै जानेछ। यो एक आदर्श समाज हुनेछ। सोभियत सङ्घ, प्रजग कोरिया, क्युवा, चीनलगायतका देशहरूमा समाजवाद स्थापना भए पनि संसारको कुनै पनि देश आजसम्म साम्यवादी समाजसम्म पुग्न सकेको छैन। समाजवादी देशहरू साम्यवादमा रूपान्तरणका लागि निरन्तर लागिरहेका छन्। नेमकिपा त्यही आदर्श समाज निर्माणको लागि अगाडि बढिरहेको छ।

**नेपालको राजनीतिक परिवर्तनमा नेमकिपाको योगदान :**

२०३६ साल, २०४२ साल र २०४६ सालको विभिन्न चरणका जनआन्दोलनहरूमा नेमकिपाले महत्त्वपूर्ण योगदान गरेको थियो। नेमकिपा एक्लै वा विभिन्न पार्टीहरूसित संयुक्त रूपमा पनि सङ्घर्षमा सहभागी भयो। २०४६ सालको आन्दोलनको नेतृत्व गर्ने बाममोर्चाका मुख्य घटकहरूमध्ये नेमकिपा पनि एक हो। नेमकिपाका धेरै कार्यकर्ताहरू त्यस आन्दोलनमा शहीद र घाइते भए भने धेरैले जेल र प्रहरी हिरासतमा बन्दी जीवन बिताउनु पर्यो। तर पार्टीको सिद्धान्तबाट अलिकति पनि विचलित भएनन्। अन्तत: निर्विकल्प भनिएको पञ्चायती व्यवस्था विकल्प दिनमात्र होइन सदाको लागि नेपालको इतिहासबाटै समाप्त भयो र बहुदलीय व्यवस्था स्थापना भयो।

२०४६ सालपछि नेका र एमालेले पालैपालो नेपाली जनतामाथि शासन गरे। उनीहरू पनि पञ्चहरूकै पदचापमा हिँड्न थाले। जनताको तिब्र आक्रोस र असन्तोषलाई वास्ता गरेनन्। झन् स्वेच्छाचारी शासन गर्न थाले। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०५९ साल जेठ ८ गते प्रतिनिधि सभा विघटन गरे। त्यहीबाट प्रतिगमन शुरु भयो। नेमकिपाले संसद पुन:स्थापनाको मागलाई अगाडि सार्यो। पछि त्यो सात दलको साझा माग बन्यो। आन्दोलनको बिचमा एमाले प्रतिगमन आधा सच्चियो भनेर प्रतिगामी सरकारमा सामेल हुन गयो। एमालेले जनतालाई धोका दिए पनि नेमकिपाले भने सडक तताइरह्यो। कहिले एक्लै, कहिले चार, पाँच वा सात दलसित मिलेर पनि संयुक्त आन्दोलनको भावनालाई बचाई राख्यो। अन्तत: २०६३ साल वैशाख ११ गते संसद पुन:स्थापना भयो। त्यसले देशलाई गणतन्त्रसम्म पुर्याउन मार्ग खुल्यो। यसर्थ नेपालको राजनैतिक इतिहासमा पञ्चायती व्यवस्था, संवैधानिक राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनासम्मको विभिन्न चरणबद्ध जनआन्दोलनमा नेमकिपाको अत्यन्त ठुलो योगदान छ।

**कानुनी र गैरकानुनी सङ्घर्षमा नेमकिपा :**

पार्टीको तत्कालीन र दीर्घकालीन उद्देश्य पूरा गर्न पार्टीले कानुनी र गैरकानुनी सङ्घर्षलाई जोड दिइरहेको छ। निरङ्कुश पञ्चायती शासन कालमा जनतालाई बोल्ने लेख्ने स्वतन्त्रता थिएन। जनताको मौलिक र राजनीतिक अधिकार प्राप्तिको लागि पार्टीले दशकौँ सङ्घर्ष गर्यो भने किसानहरूको मोहियानी हक सुरक्षा, बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, महँगी विरुद्ध आन्दोलन जस्ता गैरकानुनी सङ्घर्षहरूलाई पनि अगाडि बढाइरह्यो। त्यसै गरी भियतनाममाथि अमेरिकी साम्राज्यवादले गरेको बर्बर आक्रमण, नेपालको सुस्ता, महेशपुर, तिलाठी, इलामको पशुपतिनगर, कालापानीमाथि भारतीय विस्तारवादले गरेको भूमि आक्रमण विरुद्ध पनि नेमकिपाले विभिन्न समयमा सङ्घर्षहरू गर्दै आएको छ।

**निर्वाचनलाई उपयोग गर्ने नीति :**

नेमकिपाले लिएको नीति र सिद्धान्तअनुसारको समाज निर्माणको लागि विभिन्न निर्वाचनहरूलाई नेमकिपाले उपयोग गर्दै आएको छ। निर्वाचनबाट जितेर सरकारमा जाने र व्यक्तिगत सुविधा लिन होइन कि समाजवादी क्रान्तिको लागि सहयोग पुर्याउन निर्वाचनलाई उपयोग गर्दै आएको हो। प्रतिक्रियावादीहरूलाई नङ्ग्याउन, जनतालाई राजनीतिक रूपमा सचेत पार्न र पार्टीको विचार र सिद्धान्तबारे जनतालाई स्पष्ट पार्न निर्वाचन उपयोगको नीति लिइएको हो। निर्वाचन उपयोगको सिलसिलामा कैयौँ निर्वाचित पदाधिकारीहरू पार्टी त्यागेर पद र पैसाको लागि अन्य पार्टीमा गएको कठोर अनुभव पनि पार्टीसँग नभएको होइन। दैलेख, जुम्ला, भक्तपुरलगायत विभिन्न जिल्लामा थुपै सिद्धान्तच्युत हरूले पार्टीलाई धोका र विश्वासघात गरे तर पनि पार्टीले निर्वाचन उपयोगको नीतिलाई परित्याग गरेन किनभने शान्तिपूर्ण अवस्थामा जनतालाई राजनीतिक रूपमा सचेत र सङ्गठित गर्न, पुँजीवादी पार्टीहरूले गरेका विकृति र विसङ्गतिहरूबारे जनतालाई बुझाउन निर्वाचनमा भाग लिनु आवश्यक मात्र होइन अपरिहार्य छ।

खराब चरित्र, गलत मनसाय र स्वार्थी मानिसहरू पार्टीबाट निकालिएपछि पार्टी थप मजबुत हुन्छ। नेमकिपाबाट विभिन्न जिल्लाका केही स्वार्थीहरू छोडेर गए पनि कमजोर हुनुको सट्टा पार्टी सैद्धान्तिक रूपमा झन् झन् मजबुत बनिरहेको छ। नेपालमा कम्युनिस्ट सिद्धान्तअनुसार चल्ने एक मात्र पार्टी नेपाल मजदुर किसान पार्टी बनेको छ। यो नेमकिपाका तमाम कार्यकर्ताहरूको निम्ति गर्वको विषय हो।

निर्वाचनमा प्राप्त गरेको मत सङ्ख्या पार्टीको विचार र सिद्धान्त सही वा गलतको आधार वा मापदण्ड होइन। करोडौ खर्च गरेर, भोज ख्वाएर, गुण्डाहरू र प्रशासनको प्रयोग गरेर प्राप्त गरेको मतको कुनै अर्थ छैन। निर्वाचन जित्न सिद्धान्त विपरीत एमाले, माओवादीजस्ता पार्टीहरूले निर्वाचनमा जे हर्कत देखाए त्यो घोषित पुँजीवादी पार्टीहरूको भन्दा खराब छ। त्यसैले नेमकिपाले ती पार्टीहरूलाई पुँजीवादी पार्टी वा भाइ काङ्ग्रेस घोषणा गरेको हो।

**संविधान सभामा नेमकिपा :**

नेपालको राजनैतिक इतिहासमा संविधानसभाको दुई पटक निर्वाचन भयो। दुबै पटकको निर्वाचनमा नेमकिपाका प्रतिनिधिहरूले संविधानसभामा प्रतिनिधित्व गरे। ती प्रतिनिधिहरूले संसारका समाजवादी देशका संविधानहरूको आधारमा नेपालमा पनि समाजवादउन्मुख संविधान निर्माण गर्ने कोसिस गरे। पहिला संविधानसभामा १० वर्षसम्म सशस्त्र सङ्घर्ष गरेर आएका माओवादीहरू सङ्ख्यामा धेरै थिए। एमाले, नेमकिपा, राजमो, जनमोर्चा, मालेसमेत सबैको सङ्ख्या हिसाब गर्ने हो भने संविधानसभामा बहुमत कम्युनिस्टहरू थिए। ती सबै पार्टीले समाजवादी विशेषतासहितको संविधान निर्माणतर्फ ध्यान दिएको भए धेरै हदसम्म सम्भव पनि थियो।

माओवादी र एमालेजस्ता ठुलो सङ्ख्यामा प्रतिनिधि रहेका पार्टीहरू समाजवादी संविधान लेख्नेभन्दा सरकारमा टिकिरहनेतर्फ केन्द्रित भए। सबैलाई खुशी पारेर संविधान निर्माणतर्फ लाग्दा अहिलेको संविधान निर्माण भयो। नेमकिपाले संविधानमा शोषणविरुद्धको हक, शिक्षा र स्वास्थ्य उपचार नि:शुल्क, उत्पादनका मुख्य मुख्य साधन र सेवाहरू सामाजिकीकरण, योग्यताअनुसार काम र कामअनुसार ज्यालाको बन्दोबस्त, व्यक्तित्व विकासमा समान अवसर, सम्पत्तिको सीमा तोक्ने, विदेशमा सम्पत्ति राख्न नपाइने बन्दोबस्तको लागि निरन्तर सङ्घर्ष गर्यो। नेमकिपाको एक्लो सङ्घर्षले ती विषयहरू संविधानमा समावेश गर्न सम्भव थिएन। परिणाम कम्युनिस्टहरूको बहुमत भएको संविधानसभाबाट पुँजीवादी संविधान निर्माण भयो।

**व्यवस्थापिका संसदमा नेमकिपा :**

नेमकिपाले व्यवस्थापिका संसद्लाई वैचारिक सङ्घर्ष गर्ने थलोको रूपमा प्रयोग गर्दै आएको छ। जनविरोधी विधेयकहरू र सम्झौताहरू संसद्मा प्रस्तुत हुँदा नेमकिपा एक्लैले पनि सडक र सदनमा विरोध गर्दै आएको छ। विदेशीलाई सहज रूपमा नागरिकता वितरण गर्ने उद्देश्यले ल्याइएको नागरिकता विधेयकको विरोध होस् या व्यवस्थापिकाको समानान्तर निकाय निर्माण गर्ने उद्देश्यले ल्याइएको लगानी बोर्ड ऐन होस् यस्ता हरेक देशघाती विधेयकहरूको नेमकिपाले विरोध गर्दै आयो। देशलाई अमेरिकी साम्राज्यवादको तखतमा राख्ने एमसीसीको विरोधमा पनि नेमकिपाले सडक र सदनमा निरन्तर विरोध गर्यो।

पद र पैसाको लोभ लालचमा नफसी निरन्तर देश र जनताको पक्षमा आवाज उठाउँदै

*बाँकी पृष्ठ ८ मा*

# हामी देश र जनताको नि:स्वार्थ सेवामा समर्पित हुनेछौँ

नेपाल मजदुर किसान पार्टी मजदुर, किसान र कामदारवर्गको हित हेर्ने देशभक्तहरूको पार्टी हो। नेपाल मजदुर किसान पार्टीले समाजवादको प्रचार अभियान अगाडि बढाउन निर्वाचनलाई उपयोग गर्दै आएको छ। समाजवादी व्यवस्थामा उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, शिक्षा र स्वास्थ्य नि:शुल्क, योग्यताअनुसार काम र कामअनुसारको पारिश्रमिकको बन्दोबस्त हुनेछ भने विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्थासहितको करमुक्त व्यवस्था हुनेछ। युवालाई देशभित्र रोजगारीको व्यवस्था हुनुपर्ने विषयलाई पनि नेमकिपाले जोड दिँदै आएको छ।

सोभियत सङ्घको सरकारले १८-२० वर्षमा देशलाई संसारको दोस्रो अर्थतन्त्रमा पुर्यायो भने सरकारहरूले देशलाई कर्मचारीको तलब र पेन्सनसमेतको लागि विदेशीसँग ऋण लिनुपर्ने अवस्थामा पुर्याए। उनीहरूले विदेशीसँग लिएको ऋण तिर्न थप ऋण लिँदै देशलाई ऋणको पासोमा पारे।

निर्वाचन जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरजस्तै हो। नेपालको हितविपरीतका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, फुकोट कर्णालीलगायत सन्धि सम्झौता गरी देशलाई नवउपनिवेश बनाउने देशद्रोही पार्टी र उम्मेदवारलाई हराउने एउटा दबु निर्वाचन पनि हो।

नेपालीकै लगानीमा नेपालका नदीनालाबाट बिजुली उत्पादन गरी खाना पकाउन, घरायसी तथा कृषि एवम् उद्योग-व्यापारसमेतको लागि सस्तोमा बिजुली उपलब्ध गराउनुपर्ने विषय पनि पार्टीले उठाउँदै आएको छ।

नेमकिपाले साम्राज्यवाद र विदेशी एकाधिकार पुँजीको निन्दा र भर्त्सना गर्दै आएको छ भने नेपाली युवालाई भाडाको सिपाही बनाउने सन् १९४७ को नेपाल–भारत–बेलायतबिचको त्रिपक्षीय गोर्खा भर्ती सम्झौता र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि तथा अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता अविलम्ब खारेज गर्न जोड दिँदै आएको छ। ट्रम्प प्रशासनले हालै सार्वभौम देश भेनेजुयलाका राष्ट्रपति मादुरो दम्पतीलाई अपहरण गरी अमेरिकामा लागूपदार्थ कारोबारसम्बन्धी झूटा मुद्दा लगायो। ट्रम्प प्रशासनको यो जङ्गली राजको नेमकिपाले विरोध एवम् निन्दा गर्यो भने राष्ट्रपति मादुरो दम्पतीको अविलम्ब फिर्ताको आवाज उठायो।

शासक दलहरूले देश र जनताको समस्या समयमा समाधान गर्न नसकेको र सम्भावित घुसपैठ र उपद्रवको पूर्वानुमान गर्न नसकेको हुँदा गत भदौ २३ र २४ गतेको हत्या र आगजनी भएको राष्ट्रिय मानव अधिकार आयोगको वक्तव्यमा पनि उल्लेख छ। अहिले ट्रम्प प्रशासनले इरानमा उपद्रव मच्चाउन लगाएको



र डेनमार्कको भूमि ग्रीनल्यान्ड कब्जा गर्ने धम्की दिइरहेको छ। नेपालमा भएको भदौ २३ र २४ गतेको घुसपैठ र उपद्रव मच्चाउन ट्रम्प प्रशासनको 'प्रजातन्त्रको लागि राष्ट्रिय सहयोग' (NED) र 'अन्तर्राष्ट्रिय गणतान्त्रिक संस्था' (IRI) लगायत संलग्न रहेको पनि खुलिरहेको छ। नेपालमा विदेशी पैसाबाट सञ्चालित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू (एनजीओ र आईएनजीओ) ले विदेशीकै स्वार्थको निम्ति काम गर्ने हुँदा त्यस्ता संस्थाहरूबाट नेपाली जनता सचेत हुनु आवश्यक छ।

पार्टीले उपर्युक्त विषयलगायत देश र जनताको हितका अन्य विषयबारे सडक र संसद्मा निरन्तर आवाज उठाउँदै आएको छ भने बहुदलीय व्यवस्था पुनर्स्थापनाको ३५ वर्षयता सरकारमा गएका दलहरूबाट भएका देश र जनताविरोधी कामको पनि विरोध गर्दै आएको छ।

शासकहरूले दाल, चामल, तरकारी, फलफूलसमेत वर्षमा खरबौँ रुपैयाँको आयात गरी कृषिप्रधान देशलाई परनिर्भर देश बनाए। २००७ साल, २०४६ साल, २०६२/६३ को जनआन्दोलनमा शहादत भएका नेपाली जनताको सपना ध्वस्त पारेका आजसम्मका सरकारहरूले नेपाली जनतालाई कूल २८ खर्ब रुपैयाँभन्दा बढी ऋण बोकाए भने १५ खर्ब रुपैयाँभन्दा बढी वार्षिक व्यापारघाटामा पुर्याए। सार्वजनिक संस्थानहरू निजीकरणको नाममा विदेशीसमेतलाई बेच्ने शासक दलहरू नेपालको राष्ट्रिय पुँजीलाई विदेशी पुँजीले खाने खतराबारे सचेत भएनन्।

आगामी फागुन २१ गते हुने निर्वाचनमा प्रधानमन्त्री र मन्त्री बन्ने भन्दै जनतालाई पैसा र सामान बाँडेर, भोज खुवाएर, झूटा आश्वासन दिएर जनताको मत किन्नेहरूले भोलि तिनीहरूले नेपाली जनताको घरजग्गा लुट्नेछन् र अन्तत: देश नै बेच्नेछन्। सिद्धान्तहीन निर्वाचन मोर्चा र सत्ता गठबन्धन गर्ने पुराना वा नयाँ पार्टीहरूका नाम र नेता फरक भए पनि तिनीहरूको आर्थिक र विदेश मामिला फरक भएन। यसकारण, ती पार्टी र तिनका उम्मेदवारहरूको औचित्य छैन। अबको चुनावमा पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री बनेका पार्टीहरूदेखि नेपाली जनता सचेत हुनु जरुरी छ।

देश र जनताको नि:स्वार्थ सेवा गर्न र समाजवादी प्रचार अभियानलाई अगाडि बढाउन आगामी फागुन २१ को प्रतिनिधिसभाको चुनावमा 'मादल' चिह्नमा छाप लगाई नेमकिपाका उम्मेदवारहरूलाई अत्यधिक बहुमतले जिताउनुहुन सम्पूर्ण नेपाली जनतामा हार्दिक अनुरोध गर्दछौँ।

यसअगाडि झैँ भक्तपुरका जनताले 'मादल' चिह्नमा छाप लगाई हामी पार्टीका उम्मेदवारहरूलाई विजयी गराउनु हुने विश्वास लिएका छौँ। जनताको मत पाएर पार्टीको तर्फबाट निर्वाचित हुने हामी सबै साथीहरू पार्टीको घोषणापत्र र जनताको सल्लाहअनुसार देश र जनताको नि:स्वार्थ सेवामा समर्पित हुने छौँ।

***(२०८२ माघ ६ गते उम्मेदवारी दर्तालगत्तै भक्तपुरको दरबार क्षेत्रमा आयोजित जनसभामा नेपाल मजदुर किसान पार्टीको तर्फबाट भक्तपुर क्षेत्र नं १ का उम्मेदवार एवं पार्टी सचिव प्रेम सुवालको मन्तव्यको सार सं.)***

# हरिबहादुर श्रेष्ठका कविताहरू कवितासङ्ग्रह ‘ए मेरा रातहरू’ बारे सङ्क्षिप्त चर्चा


✍ **विगोल**

कविता प्राचीन र लोकप्रिय विधा हो। कविता केवल शिल्प होइन, भाव, विचार र मूल्य पनि हो। काव्यको उद्देश्य आनन्द प्राप्त गर्न होइन शिक्षा प्रदान गर्न हो। काव्य एउटा लयबद्ध रचना हो। कविता सार्वभौमिक सम्पत्ति भएको हुँदा कुनै देशीय सीमाभित्र बाँध्न सकिँदैन। थोरै शब्दमा धेरै भन्नु कविको सबभन्दा ठुलो गुण हो। काव्यमा श्रृङ्खला र सङ्गठनमात्र होइन विषयवस्तुको चयन पनि हो। कवि विभिन्न फूलमा घुमेर रस लिने माहुरीजस्तै हुन्छ। साँच्चिकै बगैँचाका फूलहरूभन्दा कविले सिर्जना गरेका फूलहरू बेसी सुगन्धित हुन्छन्। कसैलाई ठाडै गाली गर्नु सजिलो होला तर ठाडो गाली नगरीकन कसैलाई मूर्ख र स्वाँठ देखाउनु धेरै गाह्रो हुन्छ। कला र विचार दुवैको सुन्दर संयोजक कविता हो। कविताको भाव या विचार बुझ्न कवि चिन्नुपर्छ। कविता भाषिक कला हो।

छन्द र श्लोकले कसैलाई कवि बनाउँदैन। श्लोक वा छन्द काव्यको आभूषणमात्र हो। कविमा एक स्वाभाविक दक्षता वा चतुर्याइँ हुनुपर्छ। एक सफल कविले जनताको बिचमा सद्गुण र शिष्टताको बीज छर्न सक्नुपर्छ। अमूल्य कृतिहरू स्रष्टाका कलमबाट नजन्मिएका भए पुस्तकको कल्पना गर्न सकिँदैन। सृजनात्मक कृति साहित्यिक महत्ता र समृद्धिको अभिसूचक हो।

नेपाली कम्युनिस्ट आन्दोलनका वरिष्ठ नेता एवम् राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) को साहित्यिक नाम हरिबहादुर श्रेष्ठ हो। हरिबहादुर श्रेष्ठ मार्क्सवादी साहित्यकार हुन्। स्रष्टा श्रेष्ठले साहित्यका प्रायः सबै विधामा कलम चलाएको पाइन्छ। बाल्यकालदेखि साहित्यमा रुचि राख्ने र साहित्य यात्रा थालनी गरेका साहित्यकार श्रेष्ठको ८६ वर्षको उमेरमा पनि साहित्य लेखनमा निरन्तरता छ। यसले साहित्यकार र साहित्यप्रेमीहरूको निम्ति उत्प्रेरित बनाएको छ। यो सबैको निम्ति अनुकरणीय छ। साहित्यका प्रायः सबैजसो विधामा कलम चलाउने स्रष्टा श्रेष्ठले साहित्यकै समृद्धि प्रतिष्ठा र गरिमा बढाएका छन्। नेपाली साहित्यको फाँटमा श्रमिक र बौद्धिक वर्गको पक्षमा साहित्य रचेर प्रगतिशील साहित्यको फाँटलाई चौडा बनाउने काममा कवि श्रेष्ठ सफल भएका छन्।

नेपाली साहित्यमा बहुमुखी प्रतिभा भएका साहित्यकार श्रेष्ठ कविमात्र होइनन् कथाकार, नियात्राकार, पत्र साहित्यकार, समालोचक, लेखक, शिक्षक, पत्रकार, खेलाडी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आन्दोलन र समाज परिवर्तनको निम्ति सङ्घर्षरत महान् व्यक्तिहरूको जीवनी र आन्दोलनबारे लेख्ने अन्तर्राष्ट्रवादी साहित्यकार हुन्। साहित्यकार श्रेष्ठ साहित्यलाई राजनीतिको हतियार मान्छन्। प्रगतिशील साहित्यकारहरू साहित्यलाई समाजको ऐनामात्र होइन क्रान्तिको हतियार बनाउन चाहन्छन्। प्रगतिशील साहित्यले जनतालाई सचेत र सङ्गठित गरी सङ्घर्ष र परिवर्तनको निम्ति अगाडि बढाउन उत्प्रेरित गर्छ। नेपाली भाषा र साहित्यको श्री वृद्धिको निम्ति कवि श्रेष्ठको योगदान प्रशंसनीय छ।




मार्क्सवादी साहित्यकार हरिबहादुर श्रेष्ठले विभिन्न नाउँमा नयाँ पुस्तालाई समाज र देश चिनाउने, परिवर्तनप्रति आशा जगाउने, कर्तव्यबोध बनाउने ध्येयले कविता रचेका छन्। नेपालको साहित्यिक वाङ्मयका एक जनपक्षीय साहित्यकार श्रेष्ठको हरिबहादुर श्रेष्ठका कविताहरू ( कवितासङ्ग्रह) दोस्रो ‘ए मेरा रातहरू’ बारे काव्य कृति हो। बौद्धिक वर्गले राजनीतिक माध्यमबाट मात्र होइन साहित्यिक माध्यमबाट पनि समाज परिवर्तनमा योगदान पुऱ्याउन सक्छ भन्ने ध्येयले कृति लेखेको हुन्छ। गद्यमा कविता लेख्ने श्रेष्ठको यो दोस्रो मौलिक कवितासङ्ग्रह हो। ‘आकाश बाँधिएको छैन’ पहिलो कवितासङ्ग्रह २०४२ असोजमा प्रकाशित भएको थियो। देश र जनताको सेवा गर्नु साहित्यकार र साहित्यप्रेमीहरूको मुख्य कर्तव्य हो भन्ने उद्देश्यले यो कवितासङ्ग्रह प्रकाशित गरिएको हो। प्रगतिशील साहित्यमा चाख राख्ने पाठक र साहित्यकारहरूको आग्रहअनुसार यो कवितासङ्ग्रह प्रकाशित भएको हो। गद्य कृति लेखनमा अभ्यस्त स्रष्टा श्रेष्ठका कविता ‘श्रमिक’ साप्ताहिक, ‘मजदुर’ दैनिकलगायत अन्य पत्रपत्रिकामा विभिन्न समयमा छापिएका हुन्। अझ स्रष्टा श्रेष्ठको काव्य कृतिहरूको मात्रै अध्ययन, अनुसन्धान र खोजीनीति गरी कालक्रमिक विवरणसहितको साहित्य या काव्य यात्राको ग्रन्थ प्रकाशन गर्न पाए समीचीन हुनेछ।

यो कवितासङ्ग्रह थिचिएका, पिल्सिएका नेपाली जनतालाई आफ्नो अस्तित्व रक्षा गर्न र मुक्तिको लागि क्रान्तितर्फ अग्रसर हुनुपर्छ भन्नेतर्फ केन्द्रित छ। सत्ता र पैसाको निम्ति मानवीय स्वतन्त्रता हनन गरी आफ्नो स्वार्थ पूरा गर्नेप्रति कवितामा घोचपेच गरिएको छ। देश र जनताको इच्छा र आकाङ्क्षाप्रति आँखा चिम्लिनेप्रति खबरदारी गरिएको छ। पुस्तकमा शोषण, असमानता, भ्रष्टाचार, सङ्कुचित भावना, स्वार्थी, छलछाम गर्ने, ठगी तथा आपराधिक कार्यको विरोध गरिएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा सामन्तवाद र साम्राज्यवादको चपेटामा परेका देश र जनताको पक्षमा कविताहरू रचिएको छ।

कवितासङ्ग्रहमा ३८ वटा कविता सङ्ग्रहित छन्।

देश र जनताको सेवामा सँगै हिँडेका हितैषीहरू आफ्नो बाटो छोडेर जाँदा चित्त दुख्नु स्वाभाविक हो। बाटो बिराएका मित्रहरू सही बाटोमा आउने चाहना राख्नु पनि स्वाभाविक हो। तर, कसैले बाटो बिराउँदैमा निरास हुनुपर्ने होइन। राजनीतिक क्षेत्रमा सिद्धान्तप्रति दृढ अडान हुनुपर्छ, दूरगामी सोच र ठम्याइका साथ सही बाटोमा अघि बढ्नुपर्छ। यो **‘साथीहरूलाई पर्खंदा पर्खंदै’** कविताको आशय हो।

सार्वजनिक जग्गा मिच्ने मिचाहा र अवसरवादीहरू पापीहरू हुन्; पापीहरू सजायभागी हुनुपर्छ भन्ने भाव **‘आमासँग उत्तर थिएन’** कवितामा चर्चा गरिएको छ।

**‘समृद्धिको साथी को हो ?’** कवितामा मगन्ते प्रकृतिको निन्दा गरिएको छ। दास मानसिकता रहेका नेताहरू आफ्ना सन्तानमात्र होइन देशका कलकारखाना र स्रोत साधन बेच्न पनि पछि पर्दैनन्। नेपाली रगत विदेशी भूमिमा बगिरहेकोमा चिन्ता व्यक्त गर्दै कवि शत्रुलाई मित्र र मित्रलाई शत्रु सम्झेर भ्रममा नफस्न आग्रह गर्छन्।

कला र संस्कृति जोगाउने नाममा आफ्नो इज्जत र बेइज्जतको ख्याल नगर्नेहरूलाई खबरदारी गर्दै कवि श्रेष्ठ कला, साहित्य र संस्कृतिलाई जीवन्तता दिन जोड दिन्छन्। जात्रा हो-हल्ला गरेर झगडा होइन भ्रष्टाचारी, आत्मसमर्पणवादी, भागबन्डा गर्ने मन्त्री, नेता र देशको अहित गर्ने कार्यालय प्रमुखहरूको गैरजिम्मेवारीपूर्ण कार्यको विरोध गर्नु सच्चा नागरिकको कर्तव्य भएको ठान्छन् कवि। संविधानलाई कागजको टुक्रो बनाउने, मनपरी निर्णय गर्ने शासक, विदेश पठाउने दास मालिकहरूको विरुद्ध जनता सङ्घर्षशील हुनुपर्ने स्वर **‘ए नेवार दाजुभाइ’** कवितामा पाइन्छ।

देशका जनप्रतिनिधिहरूको ध्यानाकर्षण गर्दै देशको मालिक हामी नै हौँ, दास मानसिकता नेपाल र नेपालीलाई सह्य छैन; देश डुबाउने नेता, इज्जत बेच्ने सांसद, न्याय बेच्ने न्यायाधीशजस्ता भक्षकहरूदेखि सावधान रहनुपर्ने विचार **‘ए, मेरा जनप्रतिनिधिहरू !’** कवितामा समेटिएको छ। आफ्नो गौरव र इज्जत फालेर पैसाको दासी होइन, पराइको भरमा होइन आफ्नै श्रम, सीप र अनुभव आफ्नै भूमिमा खन्याउन जोड दिइएको छ।

अफगानिस्तान, इराक, लिबिया, सिरियालगायतका देशमा विध्वंस मच्चाउने साम्राज्यवादी देशहरूदेखि कवि श्रेष्ठ सचेत छन्। सहर ध्वस्त बनाउने, लाखौँ लाख जनतालाई खरानी बनाएर संसारलाई आतङ्कित पार्ने साम्राज्यवादी देशहरू संसारका आतङ्ककारी हुन्। आतङ्कवादको अन्त्य गर्न सङ्घर्षबाहेक अर्को विकल्प छैन; नाटो देशका शासकहरूले समयमै सोचेनन् भने आफ्नै कारण काल खोजेको साबित हुने भाव **‘आतङ्कवाद वा साम्राज्यवाद’** कवितामा उल्लेख छ। यसले कम्युनिस्टहरू अन्तर्राष्ट्रवादी हुन्छन् भन्ने बोध गराउँछ।

धर्मको नाउँमा देश कब्जा गर्ने, साम्प्रदायिक भावना फैलाउने साम्राज्यवादी ट्रम्पको आतङ्कवाद गतिविधिविरुद्ध इरानका जनता सजग भएको प्रसङ्ग **‘इरानमा आतङ्कवादको छाया’** कवितामा उल्लेख छ।

सच्चा नेताहरू दूरदर्शी हुन्छन्। उनीहरू दूरगामी सोचेर काम गर्छन्। देशको स्वतन्त्रता र सार्वभौमिकताको निम्ति लड्छन्; लड्न उत्साहित गर्छन्। उच-नीच हटाउने, समानताको निम्ति समाजलाई आमूल परिवर्तन गर्न लागिरहने नेताहरू लोभलालचमा फस्दैनन्। उनीहरू घरी घरी सिद्धान्त, विचार र बोली फेर्दैनन्। तर, कति नेताहरू आफूबाहेक अरू सबै व्यर्थ सम्झन्छन्। उनीहरू पद र पैसामा भुल्छन्। विदेशीको इसारामा युद्ध र शान्तिको उद्घोष गर्ने नेताहरूलाई कवि धिक्कार्छन्। यस्तो देशभक्तिपूर्ण विचार **‘म कस्तो नेता हुँ ?’** कवितामा छर्लङ्ग पारिएको छ।

विदेशीले विषै दिए पनि सेवन गर्न पछि नपर्ने नेपालीहरूप्रति व्यङ्ग्य गर्दै कवि **‘नेपाली हामी कस्ता मूर्ख’** कवितामा चेलीबेटी बेच्ने गल्लावालको पछि नदगुर्न कवि आग्रह गर्छन्।

मागेर देश चलाउँदा देशको के अर्थ रहन्छ ? देशै छैन भन्ने सूर्यचन्द्रको झन्डा किन चाहियो ? विदेशीकै दान र ऋणमा विश्वविद्यालय चलाए केको सार्वभौमिकता भनी मगन्ते प्रवृत्तिको निन्दा गरिएको कविता हो - **‘झन्डा हाम्रो’**।

देशको गुप्तता भङ्ग गर्नु हुँदैन, देशको हात हतियारबारे कसैलाई सुसूचित गरेमा सार्वभौमिकता गुम्ने तर्क सतर्क हुनुपर्ने देशभक्तिपूर्ण विचार **‘डोको मेरो देश’** कवितामा चित्रण गरिएको छ।

युवा विदेश पुगेर बहुराष्ट्रिय कम्पनीहरू फस्टाएको र युवाहरू बेचबिखनमा परेर राजधानी कुरूप बनेकोमा चिन्ता व्यक्त गर्दै कवि **‘काठमाडौँको वैभव’** कविता रच्छन्।

**‘म नेपाली म भक्तपुरवासी ?’, ‘म मन्त्री’, ‘मन्त्री र बालुवा’, ‘अधिकारी वा गोठाला’, ‘स्थानीय विकास अधिकारी’, ‘१० वर्षे बालकको बयान’, ‘व्यापार फरक-फरक’, ‘मुखर्जी फर्किसकेछ’, ‘यी अघोरी बाबाहरू’** र **‘हाम्रा प्रधानमन्त्रीहरू’** पनि यस कवितासङ्ग्रहका कविताहरू हुन्।

यी कविताहरूमा आफ्नै देशको बद्ख्वाइँ गर्न नहुने, विदेशीको पैसा बाँडेर आश्वासन दिन नहुने, जमाना थोत्रो-पुरानो युग होइन, अध्ययन गरेर नयाँ इतिहास रचेर नयाँ युगको आह्वान गर्नुपर्ने, रगत पसिना चुहाउनेलाई पाखा लगाउने, घुस खाएर झूटो काममा हस्ताक्षर गर्न नहुने विदेशीको आदेश मानेर नुनको सोझो गर्न नहुने कुरा उल्लेख गरिएको छ। विदेशीको हितको निम्ति हस्ताक्षर गर्न नहुने, नेता र मन्त्रीलाई चिप्लो घसी नाफा सोहर्नेहरूप्रति कवितामा खबरदारी गरिएको छ। विदेशी पैसाले चलाउने राजनीतिक दल देशद्रोही र देशभक्तहरूलाई चिन्नुपर्ने विचार पनि कवितामा पाइन्छ।

विदेशीको काँधमा चढेर देशलाई द्रोह गर्ने सत्तालोभीहरूदेखि सतर्क हुनुपर्ने, पद र लोभमा नफसी देशद्रोही र देशभक्तहरूलाई राम्ररी चिन्नुपर्ने सन्देश **‘एउटा उल्कापातमा’** कवितामा छ भने **‘केही अनुभवहरू’** कवितामा देश बिग्रिए जस्तै देशका सपुत सन्तानहरू नबिग्रियून् भनी कवि आग्रह गर्छन्।

देशमा बालोद्यान, शिशु स्याहार केन्द्र, ज्येष्ठ आदर निकेतन र विश्वविद्यालयको आवश्यकता बोध गरी कवि श्रेष्ठले मानिसको योगदानअनुसार जनताले कदर गर्ने विचार **‘म सानो छँदा’** कवितामा पोखेका छन्।

वर्गसङ्घर्षले मात्रै देशमा आमूल परिवर्तन सम्भव छ भन्ने सिद्धान्त र विचारमा विश्वास राख्ने नेमकिपा आन्दोलनको मैदानबाट छोड्ने छैन भन्ने सन्देश प्रवाह गर्न कवि श्रेष्ठले **‘नेमकिपाले लडाइँको मैदान छोड्दैन’** भन्ने कविता कोरेका छन्। सदनभित्र मात्र होइन सिद्धान्त र विचारमा विचलित नभई कुनै लोभ प्रलोभनमा नफस्ने दल भनी देशभरि प्रचार पाएको नेमकिपा व्यक्तिहत्या, विस्तारवादको विरोधमा एक्लै भए पनि आन्दोलनमा लागिरहेको छ। जनताको विश्वासलाई शिरोपर गर्दै धर्ती र आकाशलाई साक्षी राखी एमसीसी, नागरिकता विधेयक, महाकाली सन्धिको विरोधमा लड्ने नेमकिपा एक दिन ताराझैँ चम्कने विश्वास पनि कवितामा समेटिएको छ।

षड्यन्त्र र जालझेलको राजनीति गर्ने मित्रहरूलाई, हत्यारा, भ्रष्टाचारी र ठगहरूलाई सुन पानीले छर्केर पवित्र बनाउनेतर्फ आफू कहिल्यै नलाग्ने वाचा गरी कवि श्रेष्ठ कसैसँग नझुकीकन आफ्नो बाटोमा निरन्तर लाग्ने प्रतिबद्धता **‘कुलाङ्गार साथीहरूलाई अन्तिम पत्र’** कवितामा सवर्णन गरिएको छ।

लाखौँ युवाहरूलाई द्रव्यदास बनाउने, सीमा स्तम्भमा आँखा गाड्नेहरूलाई आँखा खोलेर होसमा आउन आग्रह गरिएको छ - **‘ए, मेरा द्रोणाचार्य र अर्जुनहरू’** कवितामा।

राजनीतिक दलहरूको राजनीतिक संस्कृति, सिद्धान्त र विचारमा अडान नभएकै देशमा अन्योल र राजनीतिक अस्थिरता देखिएको स्मरण गर्दै कवि श्रेष्ठ ‘राजनीतिक संस्कृति’ कवितामार्फत मानव सभ्यता बन्धक नराख्न र पुर्खाको योगदान नभुल्न आग्रह गरिएको छ।

यसरी नै सन्देश प्रवाह गर्ने अन्य कविताहरू **‘प्रेम कस्ता कस्ता ?’, ‘सदन र कविता’, ‘मेरो साथी ओहदाको’, ‘ठुलो देशले काँधमा बोकेको भए’** र **‘मेरो मृत्यु पर्खने साथीलाई’** पनि हुन्।

यी कवितामा सुन्दर महलको सपना देखाएर, विदेश लगेर पैसा थुपार्ने बाँडेको सपनामा नफस्न, देशको सार्वभौमिकता बन्धकमा नराख्न, सिद्धान्त र विचारमा आगो लगाएर नक्कली राजनीति नगर्न, पद र पैसामा लोभिएर आदर्शहरू नबाँड्न, विदेशीको दबाबमा काम नगर्न, विदेशीको इसारामा दल ठुलो बनाई सरकारको नेतृत्व गर्ने परजीवी दलका नेताहरूलाई खबरदारी गरिएको छ। आन्दोलनमा सँगै हिँडेका मित्रहरू शत्रुलाई मित्र र मित्रलाई शत्रु सम्झने अवसरवादीहरू एक दिन पतन हुने विचार पनि कवितामा व्यक्त भएको छ।

साम्राज्यवादी, फासीवादी, सम्झौतावादी पक्षधरहरूको विरोधमा आवाज बुलन्द गर्ने निडर र निःस्वार्थी कार्यकर्ताहरूलाई लालसलाम भन्दै देशका गोठाले, सिपाही, किसान, मजदुरहरूको शोषणबाट मुक्त गर्न क्रान्तिको रातो झन्डा बोक्न अघि सर्न आग्रह गरिएको कविता हो - **‘एकदेव आले, तिमीलाई सयबार सलाम।’** देशको स्वाधीनता र मुक्तिको निम्ति लड्ने बहादुर क्रान्तिकारीहरूलाई पुस्तौँ पुस्तासम्म सम्झेर सम्मान गर्नुपर्ने कविता देशभक्तिपूर्ण हो।

हिजो आत्मनिर्भर भएको कृषिप्रधान देश आज शासकहरूको गैरजिम्मेवारीको कारण परनिर्भर भएकोमा चिन्ता व्यक्त गरिएको कविता हो - **‘नाकाबन्दी र शासक दलहरू’**। उक्त कवितामा अपराधी पाल्ने राजनीतिक दल, कलकारखाना निजी भन्दै विदेशमा बेच्नेहरूप्रति छ्यास्दै असल देशको असल शासन चलाउन वर्गीय चेतना आवश्यक भएको विचार कवि व्यक्त गर्छन्। छलछाम गरेर राजनीतिक कार्यकर्तालाई दास बनाउने प्रवृत्तिको निन्दा गरिएको छ।

**‘नाकाबन्दी : महानता र निर्लजता’** कवितामा स्वाधीन र सार्वभौम देशमा जनतालाई समान व्यवहार गर्नुपर्ने, पहाडी र मधेसी भनी हेलाहोचो गरी भेदभाव गर्ने र स्वदेशमै आधारभूत आवश्यकता पूर्ति गर्नुपर्ने स्वदेशको प्रेमको गाथा गाइएको छ।

नेपालको कम्युनिस्ट आन्दोलन र राजनीतिक क्षेत्रमा का. रोहित, साहित्यिक क्षेत्रमा सुपरिचित हरिबहादुर श्रेष्ठका कविता, कथा, नियात्रा, पत्र साहित्य जीवनी, समालोचनालगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भमा लेखिएका दर्जनौँ ग्रन्थहरू प्रकाशित भएका छन्। नेपालको प्रगतिशील साहित्याकाशमा हरिबहादुर श्रेष्ठको कविता सङ्ग्रहले एक इँटा थप्नेछ।

नेपालको साहित्यिक वाङ्मयमा एक जनपक्षीय मार्क्सवादी साहित्यकार कवि श्रेष्ठको कामदार वर्गीय राजनीतिसँगै देश र जनताको पक्षमा साहित्य रच्ने जनताका साहित्यकारको यो दोस्रो कवितासङ्ग्रह हो।

कविता सरल, स्पष्ट र बोधगम्य छ। कविताहरू सन्देशमूलक र शिक्षाप्रद छन्। साहित्यबारे टीकाटिप्पणी, आलोचना र समालोचना हुनु राम्रो परम्परा हो।

देश र जनताको सेवा गर्नु पनि प्रगतिशील साहित्यकारहरूको मुख्य कर्तव्य हो भन्ने उद्देश्यबाट प्रेरित छ यो कवितासङ्ग्रह।

# संविधान कुन वर्गले कुन वर्गको हितको लागि बनाएको बुझ्नु आवश्यक छ : का.रोहित

**७ दशकमा ७ संविधान**

संविधान देशको मूल कानुन हो। संविधानसँग बाँझिएको कानुन बाँझिएको हदसम्म प्रारम्भदेखि नै स्वत: बदर भागी हुन्छ।

यसअर्थमा संविधान कानुनको पनि कानुन हो। देशको मूल कानुन हो। संविधानले नै राष्ट्रको राज्य संरचना, सरकारको स्वरूप, सरकार गठन प्रक्रिया, निर्वाचन, सरकारका महत्त्वपूर्ण ३ अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन, तिनीहरूको काम, कर्तव्य र अधिकार, नागरिकका मौलिक हक अधिकारलगायतका महत्त्वपूर्ण प्रावधानहरू सुनिश्चित गरेको हुन्छ।

नेपालमा २००४ सालदेखि अहिले प्रचलित नेपालको संविधान २०७२ सम्मको संवैधानिक इतिहासलाई हेर्दा कूल ७ वटा संविधानहरू जारी भएको देखिन्छ। राणाहरूले आफनो शासनसत्ता जोगाउन बनाउन दिएको नेपाल सरकार वैधानिक कानुन, २००४, देशमा प्रजातन्त्र आएपछि जारी भएको नेपालको अन्तरिम शासन विधान, २००७, १० वर्षमा १० वटा सरकार परिवर्तन भएर पनि निर्वाचन नभएपछि राजाले जारी गरेको नेपाल अधिराज्यको संविधान, २०१५, बहुदलीय व्यवस्था नेपालको माटो सुहाउँदो भएन भन्दै राजाले २०१७ साल पुस १ गते सम्पूर्ण राज्यसत्ता आफ्नो हातमा लिएर २०१९ सालमा जारी गरेको पञ्चायती निरङ्कुश संविधान, नेपालको संविधान, २०१९, २०४६ सालको जनआन्दोलनपश्चात् जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७, २०६२/६३ को जनआन्दोलनबाट प्रतिनिधिसभाको पुनर्स्थापना भएपछि नेपालमा संविधानसभाबाटै संविधान निर्माण गर्नका लागि संविधानसभाको निर्वाचन गराउन जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ र संविधानसभाबाट जारी भएको नेपालको संविधान, २०७२ गरी सात दशकमा ७ वटा संविधान फेरबदल भएको देखियो।


रामप्रसाद प्रजापति

**संविधान कुन वर्गले निर्माण गरे ?**

किन नेपालमा छिटोछिटो संविधान परिवर्तन भएको होला ? के नयाँ नयाँ संविधानहरूले देशको हित र नागरिकहरूका मौलिक हक अधिकारहरूको सुनिश्चितता गरेका छन् त ?

भनिन्छ, संविधान जतिसुकै राम्रो भए पनि संसदमा सभामुख मुर्ख मान्छे बन्यो भने संविधानको कार्यान्वयन हुन्न र देश र जनताको हित पनि सम्भव नहुने नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) बताउनुहुन्छ।

त्यसैले संविधान साध्य होइन, देश र जनताको हितमा काम गर्ने एउटा माध्यम वा साधन मात्रै हुने गरेको छ।

कोही साथीहरू चाँडै संविधान परिवर्तन हुनु राम्रो मान्दैनन् र अमेरिकामा सदियौँदेखि एउटै संविधानले काम गरेको बताउँछन्। तर, हामी सचेत हुनु जरुरी छ कि अमेरिकी संविधान निर्माताहरू त्यतिबेला पनि दास मालिकहरू थिए भने अहिले पनि अमेरिकी शासन सत्तामा मुट्ठिभरका पुँजीपतिहरू नै छन्।

अर्थात् अमेरिकी संविधान निर्माण भएको समयदेखि हालसम्म अमेरिकामा शासन सत्तामा त्यही एउटै वर्ग रहेको छ। कामगरी खाने अमेरिकी जनताको जीवनस्तरमा कुनै बदलाव वा आमूल परिवर्तन भएको छैन।

फ्रान्सेली क्रान्तिपछि फ्रान्समा एक दशकमा १० वटा संविधान परिवर्तन भएको इतिहास छ। तर, के फ्रान्स विश्वमा पछि परेको देश हो र ?

त्यसैले संविधान कुन वर्गले कुन वर्गको हितका लागि निर्माण गरेको हो भन्ने कुरा सबैभन्दा महत्त्वपूर्ण पाटो हुन्छ।

| क्र.सं. | संविधान | माध्यम/निर्माणकर्ता | कैफियत |
|---|---|---|---|
| १, | नेपाल सरकार वैधानिक कानुन, २००४ | राणा शासक | आफ्नो सत्ता जोगाउन |
| २, | नेपालको अन्तरिम शासन विधान, २००७ | राजा | भारतको प्रभाव |
| ३, | नेपाल अधिराज्यको संविधान, २०१५ | राजा | संसद्को निर्वाचन गराउने उद्देश्य |
| ४, | नेपालको संविधान, २०१९ | राजा | निरङ्कुश पञ्चायती व्यवस्थाको स्थापना |
| ५, | नेपाल अधिराज्यको संविधान, २०४७ | संविधान मस्यौदा आयोग | प्रजातन्त्र पुर्नस्थापना |
| ६, | नेपालको अन्तरिम संविधान २०६३ | अन्तरिम संविधान मस्यौदा समितिले मस्यौदा गरी पुनस्थापित संसदबाट | संविधानसभाको निर्वाचन |
| ७, | नेपालको संविधान, २०७२ | संविधानसभा | भारत सरकारद्वारा अघोषित नाकाबन्दी |

**नेमकिपाको 'मादल' मा मत**

नेपालमा सात दशकमा बनेका सात संविधानमध्ये पछिल्लो नेपालको संविधान २०७२ जारी भएको करिब १० वर्षमा संविधान गम्भीर दुर्घटनामा पऱ्यो।



संविधान दुर्घटनामा पर्नुमा हालसम्म पटक पटक सरकारमा पुगेका राजनीतिक दलहरू र तिनका नेताहरू नै दोषी हुन भन्दा फरक पर्दैन।

अहिले राजनीतिक दलबाहेकको नागरिक सरकारले फागुन २१ गते प्रतिनिधिसभा सदस्यको लागि निर्वाचन गराउँदै छ। पटक पटक शासन सत्तामा पुगेर विदेशी इसारामा देशको सार्वभौमसत्तालाई कमजोर पार्ने, नाङ्गो विदेशी हस्तक्षेपको विरोध गर्न नसक्ने सत्तासीन विदेशी पिछलग्गु र तिनका नेताहरूलाई सजाय दिने मौकाको रूपमा फागुन २१ को निर्वाचनलाई उपयोग गरौँ।

नेपालको कम्युनिस्ट आन्दोलन जोगाउन २०३१ साल माघ १० गते स्थापना भएको नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यूले बरोबर भन्नुहुन्छ, "देश र जनताको नि:स्वार्थ सेवाबाहेक हाम्रो कुनै निजी वा पार्टीगत स्वार्थ छैन।"

राजनीतिलाई पद, पैसा र पावरको फोहरी खेल बनाउनेहरूले व्यापक काम गरिखाने जनतालाई पटक पटक झुक्याउँदै आएका छन्। नेमकिपाले नेपालको कम्युनिस्ट आन्दोलनमा प्रकाश स्तम्भको रूपमा बाटो देखाउँदै आएको सर्वविदित्तै छ।

यस पटकको निर्वाचनमा ५० वर्षभन्दा अघिदेखि देश र जनताको पक्षमा नि:स्वार्थ रूपमा सेवारत नारायणमान बिजुक्छेँ (रोहित) जस्ता देशभक्तहरूको नेपाल मजदुर किसान पार्टीको 'मादल' चिन्हमा छाप मतदान गरी नेमकिपा र नेमकिपाका उम्मेदवारहरूलाई अत्यधिक मतले विजयी गराउनु देशभक्त मतदाताहरूको कर्तव्य हो।

*२०८२ माघ १०*

# भनपाको शिशुस्याहार केन्द्रका अभिभावकहरूको भेला सम्पन्न

भक्तपुर। भक्तपुर नगरपालिकाबाट सञ्चालित ६ वटा शिशुस्याहार तथा बाल विकास केन्द्रका अभिभावकहरूको भेला माघ ८ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बालबालिका देशको भविष्य भएकोले भोलिको व्यवस्थित समाज निर्माण गर्ने सिलसिलास्वरूप नपाले व्यवस्थित रूपमा शिशुस्याहार केन्द्रहरू सञ्चालन गर्दै आएको बताउनुभयो।

समाजवादी देशहरूमा शिशुस्याहार केन्द्रहरू 'केटाकेटीको दरबार' को रूपमा सञ्चालन हुने बताउँदै उहाँले हाम्रा शिशुस्याहार केन्द्रले पनि बालबालिकालाई शारीरिक र मानसिक विकासमा उत्कृष्ट सेवा प्रदान गर्दै आएको बताउनुभयो।

शिशुस्याहार केन्द्रका शिक्षिका तथा आया दिदीहरूलाई तालिम दिँदै आएको उल्लेख गर्दै उहाँले वडा नं. १० मा नयाँ शिशुस्याहार केन्द्र सञ्चालन गर्ने तयारी गरिरहेको बताउनुभयो।

महिलाहरूको श्रमशक्तिको अधिकतम उपयोगको लागि पनि शिशुस्याहार सञ्चालनले महत्त्वपूर्ण भूमिका खेलेको बताउँदै उहाँले महिलाहरूको लागि रोजगारी सिर्जना गर्न शिशुस्याहार केन्द्र उपयुक्त माध्यम हो भन्नुभयो।

उपप्रमुख रजनी जोशीले भक्तपुर नपाले शिशुस्याहार केन्द्रहरूलाई उत्कृष्ट ढङ्गले सञ्चालन गर्ने नीतिमा अगाडि बढिरहेको विचार व्यक्त गर्दै अभिभावकहरूको सुझावअनुसार परिमार्जन गर्दै शिशुस्याहार केन्द्र अगाडि बढ्नेछ भन्नुभयो।

उहाँले शिशुस्याहार केन्द्रहरूले शिशुहरूलाई असल संस्कार दिनुका साथै बालबालिकाको सर्वाङ्गीण विकासमा पनि जोड दिँदै आएको बताउनुभयो।

कार्यपालिका सदस्य रोशनमैँया सुवालले बालबालिकाको मनोविज्ञान र पोषणसँग सम्बन्धित विषय अभिभावकहरूलाई जानकारी गराउने उद्देश्यले भक्तपुर नपाले अभिभावक भेला आयोजना गरेको बताउँदै भक्तपुर नपाले २०५६ सालदेखि शिशुस्याहार केन्द्र सञ्चालन गर्दै आएको बताउनुभयो।

बाल मनोविज्ञ पिताम्बर आचार्य र पोषणविद् सुजना बासुकलाले बालबालिकाहरूको मानसिक स्वास्थ्य र बालबालिकालाई खुवाउने खानेकुराको पोषणबारे मार्गनिर्देश गर्नुभयो।

भनपा १ वडाको शिशुस्याहार केन्द्रका इन्चार्ज नजरमैया बाटीले शिशुस्याहार केन्द्रको वार्षिक गतिविधिबारे जानकारी गराउनुभयो।

शिशुस्याहार तथा बाल विकास केन्द्रका शाखा प्रमुख दीपेन्द्र प्रजापतिले २०५६ सालदेखि सञ्चालित यस केन्द्रमा २०८१ सालसम्ममा ५ हजार ३३७ जना बालबालिका संलग्न भइसकेको र हाल दूधपाटीस्थित शिस्याहार केन्द्रमा ४९ जना, मङ्गलतीर्थस्थित शिशुस्याहार केन्द्रमा ३२ जना, गोल्मढीस्थित शिशुस्याहार केन्द्रम ४४ जना, खँचास्थित शिशुस्याहार केन्द्रमा ४४ जना, लिबालीमा ४४ जना र भोलाछेँको शिशुस्याहार केन्द्रमा ४२ जना गरी २२५ जना विद्यार्थी रहेको बताउनुभयो।

# पार्टी स्थापना दिवसको उपलक्ष्यमा प्रगतिशील गीत प्रतियोगिता हुने




भक्तपुर। नेपाल मजदुर किसान पार्टी भनपा १० वडा समितिको आयोजनामा नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा यही माघ २४ गते, शनिबारका दिन भनपा १० स्थित दथुत्व-थालाछेँमा हुने 'भक्तपुर नगरव्यापी प्रगतिशील गीत प्रतियोगिता-२०८२' को प्रगतिशील साहित्य एवं गीतसम्बन्धी प्रशिक्षण कार्यक्रम माघ ७ गते भयो।

प्रशिक्षण कार्यक्रममा बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले अगाडि बढ्नु, बिउँझिनु, सकारात्मक बाटोमा अघि बढ्नु, कला, संस्कृति र सम्पदा सिर्जना गरी समाज अगाडि बढाउनु प्रगतिशील कदम हुने विचार व्यक्त गर्दै मौलिकताले हाम्रो पहिचान जोगाउँछ भन्नुभयो।

सरकारमा गएका दलहरूको अदूरदर्शिताले देश पछाडि परेको चर्चा गर्दै उहाँले एकतिहाइ जनसङ्ख्या विदेसमा जानुपर्ने विडम्बना दु:खको कुरा हो भन्नुभयो।

गीत मानव सभ्यताको आरम्भदेखि नै भाव, विचार र अनुभूति व्यक्त गर्ने प्रभावशाली माध्यम रहँदै आएको उल्लेख गर्दै उहाँले मनोरञ्जनको साधन मात्र होइन, यो समाजको ऐना पनि हो भन्नुभयो।

समाजमा भइरहेका पीडा, सङ्घर्ष, आशा, सपना र परिवर्तनका चाहनाहरू गीतमार्फत अभिव्यक्त हुने उल्लेख गर्दै उहाँले प्रगतिशील गीतले समाजको यथार्थलाई उजागर गर्दै जनचेतना फैलाउने, अन्यायविरुद्ध आवाज र सकारात्मक परिवर्तनको दिशामा समाजलाई प्रेरित गर्ने काम गर्दछ भन्नुभयो।

उहाँले गीतमा व्यक्तिगत प्रेम, विरहभन्दा बढी सामूहिक जीवन, सामाजिक पीडा, वर्गसङ्घर्ष, समानता, स्वतन्त्रता र मानव अधिकारको विषय समेटिनुपर्छ भन्नुभयो।

नेमकिपा भक्तपुर नगर समितिका सदस्य विष्णुराम दुमरुले प्रगतिशील गीतको रचना गर्दा समाजको यथार्थ चित्रण गर्नुपर्ने उल्लेख गर्दै प्रगतिशील गीतहरू सिक्ने र सिकाउने कार्य जारी राख्नुपर्ने बताउनुभयो।

उहाँले प्रगतिशील गीतले जनतालाई सचेत र सङ्गठित गर्ने उल्लेख गर्नुभयो।

नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ, भक्तपुर नगर समितिका सदस्य हरिसुन्दर पोतामाहांले विकृति, विसङ्गति र कुलतमा आकर्षण गर्ने खालका गीतले समाजलाई अगाडि नबढाउने उल्लेख गर्दै सामाजिक र राजनीतिक रूपमा सचेतना जगाउने विषयवस्तु छनोट गरी गीत रचना गर्नुपर्ने बताउनुभयो।

उहाँले प्रगतिशील गीतको रचना गर्दा शब्द सङ्ख्या, अनुप्रास र अन्त्यानुप्रास मिलाउनुपर्ने; गीतमा सुन्दर लय, शब्द चयन, प्रस्तुति र शैलीमा ध्यान दिनुपर्ने बताउनुभयो।

भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले कार्यक्रमको स्वागत गर्दै प्रगतिशील गीत प्रतियोगिता र भक्तपुर नगरपालिकाले गरिरहेका कार्यहरूबारे चर्चा गर्नुभयो।

रामलक्ष्मी दुवालको सभापतित्वमा भएको कार्यक्रममा आभा प्रजापतिले पनि बोल्नुभएको थियो।

# नेपाली युवाहरू विदेशमा पठाउँदाको परिणाम !

काठमाडौँ। पुँजीवादी व्यवस्थाका हरेक देशमा व्यक्तिगत आर्थिक हित हेर्ने प्रवृत्ति व्यापक हुन्छ। जति ठुलठुला पुँजीपतिवर्ग, सामन्त, धनी किसान र व्यापारी हुन्छन् त्यति त्यति धनी हुने र नाफा लिने प्रवृत्ति बढ्दै गएको हुन्छ। स-साना पुँजीपति वर्ग अर्थात् केही करोड र अर्ब रुपैयाँ व्यापारी कारखानाका मालिक, बैङ्कका मालिक, हवाई सेवा र ठुलठुला बस व्यवसायी, ठेकेदारहरू आदिमा पनि आफ्नो पुँजी बढाउने लालसा र नाफा कमाउने प्रवृत्ति हुन्छ भने धनी किसान, स्थानीय स्तरका उद्योग, व्यवसायी, ठेकेदार, बस व्यवसायी, होटेलका मालिक र व्यापारीहरू स-साना पुँजीपति वर्गमा पर्छ। मध्यम किसान, हाइस्कूल र प्राध्यापकहरू, डाक्टर, इन्जिनियर, वकिल र स-साना व्यापारी, ठेकेदार आदि निम्न पुँजीपतिवर्गमा पर्दछ। नेपालमा अगाडि बढेको पुँजीवादी देशमा जस्तै आ-आफ्नो घरबार र खेत-खलिहान नभएका औद्योगिक मजदुरवर्ग (सर्वहारा मजदुर) नभई सङ्गठित भइसकेका ज्यामीहरू बढी छन्।

तिनीहरू निर्माण व्यवसायमा, केही स-साना कारखाना, व्यक्तिगत खेतीपाती र निजी वा सरकारी कार्यालयहरूमा कर्मचारीहरू छन्। नेपाल, भारत र चीनजस्ता औद्योगिक र प्रविधिमा अगाडि बढ्ने सम्भावना भएको देशका आ-आफ्ना गाउँ र सहरमा घरका अस्थायी कामदार हुनुको सट्टा वर्षभरि नै काम पाउने खाडी मुलुकहरू मलेसिया, अस्ट्रेलिया, संयुक्त राज्य अमेरिका र युरोपका पुँजीवादी देशका मजदुर, प्रहरी, सिपाही र अन्य काममा कार्यरत छन्। हालै जापान, दक्षिण कोरिया, सिङ्गापुर र अन्य दक्षिणपूर्वी एसियाली देशहरूमा पनि फैलिएका छन्।

विदेशमा युवा कामदार पठाउने कम्पनीहरूलाई पहिले राणाकालमा गल्लावालहरू भन्थे। तिनीहरू राणाहरूबाटै परिचालित हुन्थे। नेपाली सिपाहीँहरूलाई बेलायती सेना भर्ती गराई उनीहरू पैसा अर्थात् दलाली भाग कुम्ल्याउँथे। आज संयुक्त राज्य अमेरिका, युक्रेन, इजरायल तथा अन्य देशका सरकारी र निजी सेनाका सिपाही र गुप्तचर आदिमा म्यानपावर कम्पनीहरू (आधुनिक गल्लावालहरू) ले पठाउँछन्। ती कम्पनीका मालिकहरू विदेशी ठेकेदार र पुँजीपतिवर्गका पिछलग्गू वा दलाल हुन्। यसमा शासक दलका नेताहरू पनि संलग्न भएका देखिन्छन्।

यस पेसाको अरु निजी रहस्य गरिब नेपालका युवाहरू नेपालमै रहेमा भारत र चीनको मजदुर, किसान र कम्युनिस्ट आन्दोलनको प्रभावबाट वञ्चित गर्न विदेश पठाइएका हुन्। भारत, नेपाल, श्रीलङ्का र बङ्गलादेशका पढे-लेखेका युवाहरू डाक्टर र नर्सहरू कम्प्युटर चलाउने पोख्त युवाहरूमा पर्छन्। नेपाली युवाहरू पशुपालन र खेतीपातीमा पनि योग्य भनी इन्डोनेसिया अर्थात् दक्षिण पूर्वी एसियाली देशहरूमा पनि संलग्न छन्।

यस कार्यमा अर्थात् नेपाली युवाहरू विदेश पठाउने सरकारहरूमा पञ्चायत र त्यसपछिका 'प्रजातान्त्रिक सरकारहरू' र 'गणतान्त्रिक सरकारहरू' पनि संलग्न छन्। त्यसका दुई उद्देश्य छन् - नेपालमा प्रगतिशील आन्दोलन हुन नदिई शासकहरूले छोराछोरी बेचेर खाने दाउ र विदेशीहरूको सस्तो ज्यामीलाई काममा करोडपति अर्बपति बन्न अर्बपति खर्बपति भई डलरको पछि लाग्ने। उनीहरूले नेपाली जनताको २५ प्रतिशत जनताको घरबार ध्वस्त पार्दै छन्। यसले १० वर्षमै नेपाल युवाविहीन, ज्येष्ठ नागरिक र बिरामीहरूको र स्याहार नपाएका केटाकेटीको देश बन्ने सम्भावना हुन्छ।

# कम्युनेली समाजबारे मार्क्सको विश्लेषण आजको संसारमा कति सान्दर्भिक छ ?



● जोन बेलमी फोस्टर

*('मन्थ्ली रिभ्यू' का सम्पादक जोन बेलमी फोस्टरसँग 'कज कम्युन' जर्नलको सन् २०२५ सेप्टेम्बर-अक्टोबर अङ्कको लागि होएल ले मोलले अन्तर्वार्ता लिएका थिए । सोही अन्तर्वार्ता यहाँ अनुदित तथा पुन:प्रकाशित गरिएको छ ।)*

**मोल : मार्क्सले आजीवन कम्युनेली सम्पत्तिको प्रश्नबारे चिन्तन गरेको देखिन्छ । हजुरको लेख 'मार्क्स र कम्युनेली समाज' 'मन्थ्ली रिभ्यू' को सन् २०२५ जुलाई-अगस्त अङ्कमा प्रकाशित भयो । *(सो लेख गएको भदौमा 'श्रमिक' साप्ताहिकका विभिन्न अङ्कमा प्रकाशित भएको थियो ।)* त्यसमा यहाँले मार्क्सको 'ग्रुन्ड्रिजे' नामक रचनाबाट उद्दरण दिनुभएको छ । मार्क्सले त्यसमा भन्नुभएको रहेछ, "कम्युनको सदस्यको रूपमा व्यक्ति निश्चित चक्लाको निजी उद्यमी हो ।" पुँजीवादअघिका समाजहरूमा 'कम्युन' को अर्थ मार्क्सले के लगाउनुभएको थियो ? के त्यो 'समुदाय' को समानार्थी थियो ? *(फ्रेन्च भाषामा कम्युन र कम्युनाटे (समुदाय) ।)***

**फोस्टर :** बुझ्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण कुरा के भने मार्क्सले निजी सम्पत्तिलाई मात्र सम्पत्ति भनेर बुझ्नुभएन । निजी सम्पत्ति त सम्पत्तिको खालि एउटा रूप थियो । पुँजीवादी व्यवस्थामा निजी सम्पत्तिको दबदबा बढेको मात्र हो । मानव जातिको इतिहासभरि नै कम्युनेली वा सामूहिक सम्पत्तिका विभिन्न रूप हावी भएको पाइन्छ । विचारमा सम्पत्तिको अवधारणालाई आजीविकाको आधारको रूपमा प्रकृतिको दोहनका अर्थमा बुझियो । *(जोन लक र हेगेल जस्ता सुरुका विचारकले यसरी नै सोचेका थिए ।)* यस अर्थमा मार्क्सको नजरमा संसारका सबै संस्कृतिका सबै मानिससँग सम्पत्ति हुन्छ । कम्युनेली सम्पत्तिले पुँजीवादअघिका समाजहरूमा प्राकृतिक र सामाजिक अवस्थाअनुसार विभिन्न स्वरूप लियो ।

'ग्रुन्ड्रिजे' को परिच्छेदविशेषबारे यहाँले चर्चा गर्नुभयो । त्यो जर्मन मार्क प्रथाबारे मार्क्सको बुझाइ थियो । मार्क्स र एङ्गेल्सको दृष्टिमा (इतिहासकार) टासिटसले वर्णन गरेको 'मार्क प्रथा' कम्युनेली सम्पत्तिको पछिको विकसित रूप थियो । बरु त्यो भन्दा पुरानो कम्युनेली सम्पत्ति जुलियस सिजरले आफ्नो 'गालिक युद्धहरू' मा वर्णन गरेका छन् । सिजरको वर्णन टासिटसको भन्दा एक शताब्दी पुरानो थियो । त्यसमा कम्युनेली सम्पत्ति अझ शुद्ध रूपमा पाइन्छ । मार्क प्रथामा समेत सम्पत्तिको कम्युनेली व्यवस्थापनको झल्को पाइन्छ । तर, यति बेलासम्म त्यसले 'निजी उद्यमीहरू' को साझा भूमिको आवधिक पुनर्वितरणको रूप लिइसकेको थियो । ती 'निजी उद्यमीहरू' सँग जमिनको स्वामित्व थिएन तर उनीहरूले जोतभोगको सिद्धान्तका आधारमा भूमि कमाउँथे । यो सामूहिक सम्पत्तिको खालि एउटा रूप थियो । यसमा समस्त कम्युनेली सङ्गठनसँगै व्यक्तिगत/पारिवारिक जिम्मेवारीको मिलाप देखिन्छ । यहाँ म एङ्गेल्सले सन् १८८२ मा लेख्नुभएको रचना 'मार्क' पढ्न सुझाउँछु । त्यो रचनामा मार्क्सको पूर्ण सहमति थियो । जहाँसम्म मलाई याद छ, पेरिस कम्युनका सन्दर्भमा एकपल्ट एङ्गेल्सले 'हामीले (कम्युनलाई जनाउन) समुदाय शब्द प्रयोग गर्न सकिन्छ' भन्नुभएको थियो । एक अर्थमा यो निकै महत्त्वपूर्ण हो भन्ने लाग्छ । जस्तो, फर्डिनान्ड टोन्निजले 'समुदाय' (Gemeinschaft) र 'समाज' ( Gesellschaft) मा भिन्नता रहेको बताएका थिए । तर, कम्युनेलीको अर्थ निश्चय नै फरक छ । सामूहिक सम्पत्ति र उपभोग मूल्यको विनिमयका हकमा 'कम्युनेली' शब्द अझ बढी परिपूर्ण छ । विगतमा यसबारे गहन छलफल भएको थियो र यो आफैमा लामो वर्गसङ्घर्षको विषय बनेको थियो । यसकारण, यसको आफ्नै महत्त्व छ ।

**मोल : मध्ययुगको अन्त्यसम्म कम्युनेली समाजको विचार सधैँ समाजको नियन्त्रण संरचना तथा सम्पत्तिको प्रश्नसँग जोडिँदै आएको देखिन्छ । के कम्युन राजनीतिक सङ्गठन हो । के कम्युन एक राजनीतिक सङ्गठन हो ? आर्थिक सङ्गठन हो ? वा दुवै अर्थ दिने सङ्गठन हो ?**

**फोस्टर :** मेरो विचारमा दुवै अर्थ दिने सङ्गठन हो । सबैखाले समाजका कुनै न कुनै रूपमा आआफ्नै राजनीतिक नियन्त्रण संरचना हुन्छन् । तिनलाई राज्य नै भन्नुपर्छ भन्ने पनि छैन । सङ्गठनका यी सम्पूर्ण स्वरूपको प्राथमिक कार्य नै सम्पत्ति सम्बन्ध तथा उत्पादनको व्यवस्थापन गर्नु हुन्छ । कम्युनेली सम्पत्ति होस् वा निजी सम्पत्ति, सबैले स्वामित्व सम्बन्ध तथा उत्पादनलाई सुगठित पार्छन् ।

**मोल : मार्क्सले सन् १८७१ को पेरिस कम्युनको अनुभवबारे लेख्नुभयो । उहाँको विचारमा त्यो कम्युन नयाँ राज्यसत्ताको संरचनाको झलक थिएन बरु राज्य र नागरिक समाजबिचको द्वैध सम्बन्धको निषेध थियो । यहाँले ( मार्क्सको कृति) 'फ्रान्समा गृहयुद्ध' मा 'दोहनकर्ताहरूको दोहनप्रति लक्षित थियो' भनी लेखिएको बताउनुभयो । पेरिस कम्युन कसरी 'दोहनकर्ताहरूको दोहनप्रति लक्षित' भयो ?**

**फोस्टर :** सन् १८७१ को पेरिस कम्युनको नाम सन् १७८९ को ( फ्रान्सेली राज्यक्रान्तितिरको) पेरिस कम्युनबाट सापटी लिइएको थियो । नाम सापटी लिए पनि सन् १८७१ को पेरिस कम्युन फरक परिघटना थियो । फरक कुन अर्थमा भने यो पुँजीवादी क्रान्तिको हिस्सा थिएन बरु पुँजीपतिहरूविरोधी क्रान्ति थियो । यहाँलाई याद होला ( मार्क्सको कृति) पुँजीको पहिलो खण्डको अन्त्यमा मार्क्सले 'दोहनकर्ताहरूको दोहन' लेख्नुभएको छ । यसलाई उहाँले 'निषेधको निषेध' को अर्थमा हेर्नुभयो । पुँजीले युरोप र सारा विश्वका अल्याख जनताको सम्पत्तिको लुटपाट/दोहन गऱ्यो; रैथाने जनताका सम्पत्तिमाथि औपनिवेशिक लुटमार र घेराबन्दीमार्फत कब्जा जमायो । *(यसलाई मार्क्सले 'उन्मूलन' र 'उच्छेद' प्रक्रियाको रूपमा हेर्नुभयो ।)* पेरिस कम्युनले मूलत: पुँजीवादी निजी स्वामित्व/सम्पत्ति सम्बन्धलाई उल्ट्याउने र त्यसको ठाउँमा उत्पादनको अझ कम्युनेली वा




सामूहिक सम्बन्ध स्थापित गर्ने लक्ष्य लिएको थियो । यसकारण, त्यो मार्क्सले 'पुँजी' मा एक आवश्यक ऐतिहासिक विकासक्रमको रूपमा औँल्याउनुभएको 'दोहनकर्ताहरूको दोहन' को साकार रूप थियो ।

**मोल : आज पुँजीवादी समाजहरूमा 'कम्युनहरू' को अस्तित्व छ । यी कम्युनहरू त्यो कम्युनेली विगतभन्दा कुन अर्थमा फरक छन् ? यी कम्युनहरू कसरी भ्रष्ट भए होलान् ?**

**फोस्टर :** यसको जवाफ दिन गाह्रो छ किनभने आजका कम्युनहरू धेरै किसिमका छन् । बरु म क्रान्तिपछिका समाजहरू वा सङ्क्रमणकालीन समाजहरूको बारेमा अध्ययन गर्न सुझाउँछु यहाँनिर । 'मन्थ्ली रिभ्यू' को सन् २०२५ को जुलाइ-अगस्त अङ्क कम्युनविशेष थियो । त्यो क्रिस गिल्बर्ट र सिरा पास्कल मार्क्विनाको सम्पादनमा छापिएको थियो । त्यसमा मेरो लेख छ 'समाजवादी निर्माणमा कम्युनहरू' शीर्षकको । त्यस लेखमा कम्युनेली समाजका लागि भएका सङ्घर्ष कसरी अगाडि बढे भन्ने विश्लेषण छ । चीन, भेनेजुयला, ब्राजिल, सोभियत सङ्घ, हङ्गेरीलगायत विश्वका विभिन्न किसान सङ्घर्षहरूमा कम्युनेली समाजको लागि सङ्घर्ष भएको थियो । लेखमा मैले संरा अमेरिकाको कर्पोरेसन ज्याक्सन सहकारीको पनि चर्चा गरेको छु । 'मन्थ्ली रिभ्यू' को त्यो अङ्कमा गरिएका समृद्ध विश्लेषणहरूको यहाँ सार खिच्न पनि सम्भव छैन । त्यसैले यस विषयमा रुचि राख्ने सबैलाई त्यो अङ्क अध्ययन गर्न सुझाउँछु ।

**मोल : हजुरले मार्क्सको एउटा निकै सुन्दर भनाइ उद्धृत गर्नुभएको छ । मार्क्सले भन्नुभएको रहेछ, "विगतले वर्तमान र भविष्यबिच मध्यस्थता गरेको थियो ।" कम्युन जस्तो प्राचीन सङ्गठनले कसरी रहरलाग्दो भविष्यको झलक दिन सक्ला ? के यहाँले विश्वमा त्यस्तो प्रणालीको सङ्केत देख्नुभएको छ ? (जस्तो चीन, भेनेजुयला आदि ।)**

**फोस्टर :** तपाईँले उद्धृत गर्नुभएको वाक्य मार्क्सले होइन, मैले भनेको हुँ । मैले धेरै ठाउँमा यो कुरा भन्दै आएको छु । मार्क्सको ऐतिहासिक द्वन्द्ववाद वा 'निरन्तरता र परिवर्तनको द्वन्द्ववाद' बारे मेरो बुझाइबाट त्यो निष्कर्ष क्रमश: विकसित भएको हो । ऐतिहासिक भौतिकवादी दृष्टिकोणले हामीलाई 'अतीत' सजिलै हराउन्न, मर्दैन वा गाढिन्न भन्ने बुझ्न सघाउँछ । बरु अतीत विभिन्न सङ्घर्षको रूपमा निरन्तर पुनर्जीवित भइरहन्छ । यो सङ्घर्षले ऐतिहासिक परिवर्तनको अपूर्णता, नसुल्झेका र झन् कठोर बनेका अन्तर्विरोधका गाँठा र बनाउन बाँकी भविष्यलाई प्रतिविम्बित गर्छ । क्रान्तिकारी परिवर्तनबारे मार्क्सको बुझाइ सधैँ अतीतमा निर्भर रह्यो; एक यस्तो अतीत, जसले एक अर्थमा वर्तमान र भविष्यबिच मध्यस्थता गरिरह्यो ।

मैले हालसालै एउटा पुस्तक लेखिभ्याएँ - भाग्यको बन्धन तोड्दा : एपिक्युरस र मार्क्स ('मन्थ्ली रिभ्यू' प्रेस, २०२५) यो पुस्तकमा मैले मार्क्सको भौतिकवादी बुझाइ र मानव मुक्ति सम्बन्धी उहाँको अवधारणा कुन हदसम्म एपिक्युरसमा निर्भर थियो भन्ने तथ्यको व्याख्या गरेको छु । मार्क्सले विद्यावारिधिको शोधकार्य गर्ने बेला एपिक्युरसको गहिरो अध्ययन गर्नुभयो । यसले कम्युनेली/सामूहिक समाज तथा सामाजिक व्यक्तिहरूको विकासबारे उहाँको बुझाइलाई निकै प्रभावित गऱ्यो । (एपिक्युरसको समयपछिका) हजारौँ वर्षको अन्तरालमा हामीले निकै

*बाँकी पृष्ठ ८ मा*



# युरोपलाई भन्सार बढाउने धम्की ट्रम्पलाई प्रत्युत्पादक

✍ लिसा ओ'क्यारोल

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरापेका आठ देशहरू बेलायत, नर्वे र अन्य ६ युरोपेली आयोग (ईयू) सदस्य राष्ट्रहरूलाई नयाँ भन्सारको धम्की दिएका छन्। यो धम्की ट्रम्पले गत गृष्ममा ती देशहरूसँग लामो छलफलपछि गरेको सम्झौताका लागि गम्भीर धक्का मानिएको छ। ट्रम्पको भन्सारको धम्की पाउनेहरू सबै ग्रिनल्यान्डको सुरक्षाका लागि सेना पठाएका वा त्यसको समर्थन गर्ने देशहरू छन्।

तर, अमेरिकी राष्ट्रपतिको पछिल्लो धम्कीले उल्टै उनैलाई 'ब्याकफायर गर्ने' देखिन्छ। ट्रम्पको धम्कीमाथि ईयूका नेताहरूले अभूतपूर्व रूपमा तिक्त प्रतिक्रिया जनाएका छन्। फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रौँ र अन्य नेताले ट्रम्पको धम्की, त्रास र ब्ल्याकमेलसँग नडग्ने बताएका छन्। उता ट्रम्पका टिप्पणीबाट क्रुद्ध युरोपेली संसद् सदस्यहरूले अमेरिकासँग भएको व्यापार सम्झौताको कार्यान्वयन रोक्ने भएका छन्।

युरोपेली संसद्भित्रको दुई ठुला मतदान समूह 'युरोपियन पिपुल्स पार्टी (इपिपी)' र 'सोसलिस्ट एन्ड डेमोक्रेट्स (एस-एन्ड-डी)' ले शनिबार राति अमेरिका-युरोपबिच गत गृष्ममा भएको सम्झौता वर्तमान परिस्थितिमा अनुमोदन हुन नसक्ने प्रतिक्रिया दिए। 'रिन्यु' नामको उदारवादी मतदान समूह पनि सम्झौताको अनुमोदन प्रक्रिया रोक्ने पक्षमा उभिएको छ। अर्थात्, ट्रम्पको धम्कीका कारण अमेरिकालाई फाइदा पुऱ्याउने व्यापार सम्झौता नै रोकिने अवस्थामा पुगेको छ। सँगै यस विकासक्रमले अमेरिका-ईयू व्यापार सम्झौता कति कमजोर आधारमा खडा रहेछ भन्ने पनि देखाएको छ।

अमेरिकी राष्ट्रपतिका रूपमा ट्रम्पले एकतर्फी रूपमा अमेरिका भित्रिने जुनसुकै देशका सामानमाथि भन्सार बढाउन त सक्लान्। तर, उनले त्यस्तो शक्ति (ब्रसेल्स, ईयू मुख्यालय) सँग निहुँ खोजेका छन्, जसको मुख्य सक्षमता नै व्यापार सम्झौतामा रहेको छ। ट्रम्पले ईयूका जुन देशमाथि भन्सार बढाउने धम्की दिएका छन्, तिनले व्यक्तिगत रूपमा जवाफी कदम नचाली ईयूमार्फत चाल्नेछन्।

ट्रम्पले त्यस्तो शक्ति (ब्रसेल्स) सँग निहुँ खोजेका छन्, जसको मुख्य दक्षता नै व्यापारसम्बन्धी सम्झौतामा छ।

गत जुलाईमा भएको ईयू-अमेरिका व्यापार सम्झौतालाई छिटो सम्पन्न गर्न त्यतिबेला ट्रम्पले ठुलो दबाब दिएका थिए। सम्झौता अमेरिकामा लागू भइसकेको छ। तर, सम्झौताअनुरूप अमेरिकी सामान युरोप प्रवेश गर्दा शून्य भन्सार लाग्ने बुँदा अझै युरोपमा कानुनी रूपमा अनुमोदन भएको छैन। "युरोपियन पिपुल्स पार्टी (इपिपी) ईयू-अमेरिका व्यापार सम्झौताको पक्षमै छ। तर, ग्रिनल्यान्डबारे डोनाल्ड ट्रम्पको धम्कीलाई ध्यानमा राख्दै अहिलेका लागि सम्झौता अनुमोदन सम्भव छैन," इपिपीका नेता म्यानफ्रेड बेबरले भने। उता अर्को मतदाता समूह 'सोसलिस्ट एन्ड डेमोक्रेट्स (एस एन्ड डी)' का व्यापार




शाखाकी उपाध्यक्ष क्याथलिन भान ब्रेम्पटले 'अहिलेको परिस्थितिमा कुनै व्यापार सम्झौता नहुने' बताइन्।

ईयूभन्दा भिन्न रहेको बेलायतसँग भएको व्यापार सम्झौता गत मेदेखि नै कार्यान्वयनमा आएको बताइएको छ। तथापि, यो सीमित उत्पादन जस्तैः- कार, बिफ, एरोस्पेस, इथानोल र स्टिलमा लागू छ। साल्मन माछादेखि अन्य सामानको निर्यातमा भने बेलायतले १० प्रतिशत कर लगाएको छ। ट्रम्प कुनै समय युरोपका सहयोगीजस्तो देखिने र कहिले शत्रुजस्तो व्यवहार गर्ने गर्छन्। उनै ट्रम्पले ग्रिनल्यान्डका विषयमा दिएको भन्सार वृद्धिको चेतावनीले उनले आफ्नो मनपर्ने हतियार (भन्सार वृद्धि) लाई पुनः आफ्नो अडान बलियो बनाउन प्रयोग गरेको अर्थमा हेरिएको छ। सम्भवतः ट्रम्पले यस कदमले युरोपलाई विभाजन गर्नेछ र ग्रिनल्यान्ड अधिग्रहणको विरोधमा उठ्नेहरूलाई दबाउनेछ भन्ने ठानेका होलान्। ट्रम्पबाट पछिल्लो धम्की आउनु नै ग्रिनल्यान्डको विषयमा युरोपको एक ठाउँमा उभिएर गरेको विरोध प्रभावकारी बनेको संकेत भएको 'डेनिस इन्स्टिच्युट फर इन्टरनेसनल स्टडिज'का वरिष्ठ अनुसन्धानकर्ता मिकेल रुङ ओलेसेनले बताए।

"युरोपेली फौज ग्रिनल्यान्ड पठाउने समाचारपछि ट्रम्प बिचकएर पछिल्लो प्रतिक्रिया दिएका हुन्। ग्रिनल्यान्डको भूमिमा कहिल्यै अमेरिकी सेना उत्रिनेछैन। खासमा उनले वार्ताको रणनीतिका रूपमा दबाब बढाइरहेका छन्," स्काई न्युजसँग ओलेसेनले भने। शनिबारको धम्कीले ट्रम्पसँग गरिने सम्झौताको अस्थिर प्रकृतिलाई जोड दिन्छ। अहिले ईयू भने तातेको छ, जसलाई धेरैले अमेरिकी धम्कीको सामना गर्न कमजोर ठान्ने गर्छन्। पछिल्लो घटनाले निश्चित रूपमा युरोपेली नेताहरूलाई क्रुद्ध बनाएको देखिन्छ। उनीहरू अहिले असामान्य रूपमा कडा शब्दमा विरोध जनाइरहेका छन्। ट्रम्पको धम्कीबारे टिप्पणी गर्ने क्रममा ईयूकी विदेश मामिला प्रमुख काजा कालासले आफ्ना मित्रशक्तिहरूविरुद्ध धम्की दिँदा 'चीन र रुस खुसी भएको' बताएका थिए।

ईयू र बेलायत ट्रम्पले पहिल्यै लगाएको शुल्क घटाउन सघन वार्तामा छन्। ट्रम्पले विशेष गरी ब्रिटिस स्टिलमाथि २५ प्रतिशत र ईयूको उत्पादनमा ५० प्रतिशत भन्सार लगाएका थिए। तर, बेलायतले अमेरिकी प्रविधि कम्पनीमाथि कडाइ गरेकामा असन्तुष्टि जनाउँदै डिसेम्बरमा अमेरिकाले बेलायतसँग ३१ अर्ब पाउन्डबराबरको प्राविधिक लगानी सम्झौता रोक्यो। त्यतिवेला अमेरिकी वाणिज्यमन्त्री हावर्ड लुटनिकले प्रविधि कम्पनीमाथि नियमनका कारण ईयूसँग स्टिलमा कुनै सम्झौता नहुने धम्की दिएका थिए। यस्ता कदमले पहिल्यैदेखि दुई पक्षमा कटुता थपिँदै गएको थियो। अहिले त्यो सतहमा आएको हो।

*(ओ'क्यारोल द गार्जियनकी अन्तर्राष्ट्रिय व्यापार विषयकी वरिष्ठ संवाददाता हुन्।)*

***- 'द गार्जियन' बाट***

# जर्मनीले किन बनाउँदै छ युरोपमै शक्तिशाली सेना ?

✍ -जोन टी सारोपोलोस

जर्मनीमा यो वर्षको सुरुवातदेखि १८ वर्ष उमेर पुगेका पुरुषले आफ्नो शारीरिक तन्दुरुस्ती पुष्टि गर्ने प्रश्नावली अनिवार्य भर्नुपर्ने भएको छ। गत महिना पारित एक कानुनले १८ वर्ष पुगेका जर्मन पुरुषले यस्तो सूचना दिनुपर्ने अनिवार्य गरेको हो। अहिलेसम्म जर्मनीमा सैन्य सेवा प्रवेश स्वेच्छिक नै छ। तर, नयाँ कानुनले दोस्रो विश्वयुद्धपछि पहिलोपटक सरकारले चाहेमा देशका युवालाई अनिवार्य सैन्य सेवामा बोलाउन सक्ने अधिकार दिएको छ।

गत वर्ष नोभेम्बरमा जर्मनीका सेनाको सङ्ख्या एक लाख ८४ हजार पुगेको थियो, जुन ६ महिनाअघि मेको भन्दा पच्चीस सयले बढी थियो। मेमा जर्मन चान्सलर फ्रेडरिक मर्जले संसद्मा बोल्ने क्रममा पहिलोपटक राष्ट्रिय सेना वा बुन्डेसवेहरलाई 'युरोपको सबैभन्दा बलियो परम्परागत सेना बनाउने' बताएका थिए। "अहिले जर्मन फौज धेरैपछि यति ठुलो बनेको छ, र पछिल्लो पाँच वर्षभित्रै पनि यसमा उलेख्य वृद्धि देखिन्छ," पोट्सड्याममा रहेको 'बुन्डेसवेहर सेन्टर अफ मिलिटरी हिस्ट्री एन्ड सोसियल साइन्सेस' का वरिष्ठ अनुसन्धानकर्ता टिमो ग्राफले भने। जर्मन सरकारले युवाका लागि २३ महिने सैन्य सेवाको प्याकेज ल्याएको छ। राम्रो तलब सुविधा भएको यस प्याकेजले आमयुवालाई सेनामा स्वैच्छिक सेवाका लागि तान्ने सरकारको आशा छ। २३ महिने सेवालाई पछि अनिश्चितकालीन व्यावसायिक सेवामा विस्तार गर्न सकिने प्रावधान पनि राखिएको छ।

"जर्मन सरकारले यस प्याकेजअन्तर्गत तलब दुई हजार ६०० युरो (तीन हजार अमेरिकी डलर) बनाएको छ। साथमा निःशुल्क आवास, निःशुल्क स्वास्थ्य बिमा आदि सुविधा पनि भएकाले कर काटिएर जवानको हातमा लगभग दुई हजार ३०० युरो (दुई हजार ७०० अमेरिकी डलर) पर्छ। यो युवाका लागि राम्रो पैसा हो," ग्राफले भने। जर्मनीले नेटोसँग गरेको प्रतिबद्धतामा सन् २०३५ सम्ममा सक्रिय सेनाको सङ्ख्या दुई लाख साठी हजार बनाउने उल्लेख छ। प्रतिबद्धताअनुरूप त्यस अवधिमा 'रिजर्भ' सेनाको सङ्ख्या पनि दुई लाख पुऱ्याइनेछ। योसँगै जर्मन सेनाको कुल सङ्ख्या शीतयुद्धको अन्त्यतिरको जति अर्थात् पाँच लाख नजिक पुग्नेछ। यस विकासले सबैभन्दा बढी निराश मस्कोलाई बनाउनेछ।

"मर्ज नेतृत्वको जर्मन सरकारले रुससँग पूर्णस्तरको सैन्य युद्धको



तयारीलाई तीव्र बनाइरहेको छ," जर्मनीका लागि रुसका राजदूत सर्गेई नेचायेभले गत महिना जर्मन समाचार पोर्टल 'अपोलुट' सँगको अन्तर्वार्तामा भनेका थिए। तथापि, जर्मन सैन्य वृद्धिमा आमराजनीतिक सहमति निर्माणमा रुसको युक्रेन युद्धले महत्त्वपूर्ण भूमिका खेलेको छ। जर्मनीले आफ्नो सेनालाई बलियो बनाउन यो वर्ष मात्रै १०८ अर्ब युरो (१२५ अर्ब अमेरिकी डलर) खर्चँदै छ। यो उसको कुल गार्हस्थ उत्पादन (जीडीपी) को २.५ प्रतिशतबराबर हो। तुलनाका लागि सन् २०२१ को रक्षा बजेट जम्मा ४८ अर्ब युरो (५६ अर्ब अमेरिकी डलर) थियो। जर्मनीले सैन्य खर्च बढाउँदै लगेर सन् २०३० सम्ममा देशको जीडीपीको ३.५ प्रतिशत रकम रक्षामा छुट्याउने वाचा गरेको छ।

जर्मनीको चुनावी सर्वेक्षण संस्था 'पोलिटब्यारोमिटर' ले डिसेम्बरमा गरेको एक सर्वेक्षणअनुसार १० मध्ये आठ जर्मनहरू रुसी राष्ट्रपति भ्लादिमिर पुटिन युक्रेन युद्ध अन्त्य गर्ने विषयमा गम्भीर नभएको कुरामा विश्वस्त देखिए। अझ धेरैले रुसले पछि अन्य नेटो देशमाथि पनि आक्रमण गर्न सक्ने गुप्तचर अधिकारीको चेतावनीलाई विश्वास गरेको देखियो। "गुप्तचर अधिकारीले सन् २०२९ सम्ममा रुसले अन्य युरोपेली नेटो देशमाथि आक्रमण गर्न सक्ने चेतावनी दिइरहेका छन्। धेरैले रुसी मनोविज्ञानलाई युरोपको भविष्यमाथिको खतराका रूपमा हेरिरहेका छन्," ग्राफले भने।

**ट्रम्प नेतृत्वको अमेरिकाप्रति बढ्दो अविश्वास**

जर्मन समाजमा अमेरिकामाथिको बढ्दो अविश्वास सैन्य वृद्धि पछाडिको एउटा पक्ष भए रुसबाट उत्पन्न खतरा पछिल्लो सैन्य वृद्धि प्रमुख कारक हो। जून २०२५ मा सरकारी टिभी जेडडिएफले सञ्चालन गरेको एक सर्वेक्षणमा जर्मनीलाई सोधिएको थियो, 'के अमेरिकाले नेटोको सदस्यका रूपमा युरोपको सुरक्षा ग्यारेन्टी गरिरहला ?' जवाफमा ७३ प्रतिशत जर्मन नागरिक यसमा विश्वस्त देखिएनन्। डिसेम्बरसम्ममा यो हिस्सा बढेर ८४ प्रतिशत पुगेको थियो। १० मध्ये नौजना जर्मन नागरिकले युरोपमा अमेरिकी राजनीतिक प्रभावलाई हानिकारक ठान्न थालेका छन्।

नोभेम्बरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सरकारले नयाँ राष्ट्रिय सुरक्षा रणनीति सार्वजनिक गरेको थियो। त्यसमा युरोप अहिले आफ्नो 'सभ्यता विनाशको' डिलमा पुगेको उल्लेख छ। यसका लागि ब्रसेल्सको अधिक नियमनलाई जिम्मेवार ठहर गरिएको छ। 'महादेशलाई बदलिरहेको बसाइँसराइ नीति, अभिव्यक्ति स्वतन्त्रतामाथिको सेन्सरसिप र राजनीतिकविरोधीको दमन, घट्दो जन्मदर र राष्ट्रिय पहिचानको पतन' आदि पनि युरोपको अस्तित्वगत खतरा निम्त्याउन जिम्मेवार रहेको ट्रम्पको नीतिको ठम्याइ छ। खासमा ट्रम्पको नीतिमा परेको यी सबै विषय युरोपका उग्र दक्षिणपन्थीले पहिलेदेखि उठाउँदै आएका दृष्टिकोणकै पुनरावृत्ति हो।

"ट्रम्पलाई जर्मनीलाई मद्दत गर्न कुनै चासो नभएको जर्मनले महसुस गर्न थालेका छन्। त्यसमाथि राष्ट्रिय सुरक्षा रणनीति त सीधै उनीहरूलाई लात हानेजसरी आएको छ," युरोपमा अमेरिकी सेनाको कमान्ड गर्ने जनरल बेन होजेसले भने। जर्मनमाझ वासिंटनप्रतिको विश्वास कति घटेको छ भने १० मध्ये ६ जनाले अमेरिकी आणविक सुरक्षामाथि समेत विश्वास गर्न छाडेको पाइएको छ। त्यस्तै, तीनचौथाइले अमेरिकी सुरक्षालाई युरोपकै ब्रिटिस-फ्रान्सेली आणविक सुरक्षामार्फत प्रतिस्थापन भएको हेर्न चाहेको बताएका छन्।

"जर्मनहरूले अझै पनि नेटोलाई बलियो रक्षा सङ्गठनको रूपमा मान्छन्। तर, उनीहरूले अमेरिकाले नेटो सदस्यको रूपमा सुरक्षा प्रदान गर्न भूमिका खेल्न सक्ने विश्वास भने गुमाएका छन्। यसैले उनीहरू युरोपेली देश सम्मिलित नेटोको विचारलाई समर्थन गर्न थालेका छन्," ग्राफले भने। एक सर्वेक्षणले जर्मनीमा विगत सधैँ कमजोर रहेको युरोपेली एकीकृत सेनाप्रतिको समर्थन बढेर ५७ प्रतिशत पुगेको छ।

**प्रतिबद्धता कार्यान्वयनमाथिको संशय**

देशलाई सैन्य रूपमा बलियो बनाउने प्रतिबद्धता गर्ने मर्ज पहिलो चान्सलर होइनन्। उनका पूर्ववर्ती सोसल डेमोक्याट पार्टीबाट चान्सलर ओलाफ सोल्जले पनि सन् २०२२ मा युरोपको सबैभन्दा बलियो सेना निर्माण गर्ने वाचा गरेका थिए। त्यो त्यही वर्ष हो, जब रुसले युक्रेनमा पूर्णस्तरीय आक्रमण सुरु गरेको थियो।

सोल्ज संसद्बाट एकपटकका लागि १२० अर्ब अमेरिकी डलरको रक्षा खर्च बजेट पारित गर्न सफल त भए, तर बजेटअनुरूपको अतिरिक्त रकम सन् २०२४ मा बल्ल निकासा हुन थाल्यो। सोल्ज सरकारले त्यस ढिलाइका लागि त्यतिबेला नोकरशाही प्रक्रियालाई दोष दिएको थियो। तर, केही विज्ञ सैन्य वृद्धिविरुद्ध जर्मनीमा सांस्कृतिक अवरोध नै रहेको विश्वास गर्छन्।

"बुन्डेसवेहर (सेना) को छवि जर्मन समाजमा सकारात्मक छैन। त्यसैले सेनालाई करियर बनाउने भनेर कमैले मात्र सोच्छन्," युरोपियन पोलिसी एनलाइसिसकी फेलो मिन्ना अलान्डरले बताइन्। "शिक्षित र वृद्धहरू नाजी जर्मनी कति भयानक थियो भन्ने सुनेर हुर्किए। दोस्रो विश्वयुद्धको समयमा बालबालिका रहेका अहिलेका वृद्ध जर्मनका लागि सबैभन्दा खराब दुःस्वप्न रुस हो," हाल जर्मनीमा बस्ने जनरल होजेसले भने। तथापि, सन् २०२२ यता आमधारणामा द्रुत परिवर्तन आइरहेका छन्। यसले गर्दा सैन्य वृद्धिको कार्यान्वयनमा शङ्का गर्ने र विश्वास गर्ने दुवै पक्ष बलियो देखिन्छ।

*(सारोपोलोस एथेन्सस्थित स्वतन्त्र पत्रकार हुन्।)*

***- 'अलजजिरा' बाट***

# मौलिकता जोगाइराख्न स्थानीय जनताको सहयोगमा पुन:निर्माण र जीर्णोद्धार

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्न पाउँदा हामीलाई खुसी लागेको छ । भूकम्पीय दृष्टिले अत्यन्त जोखिममा रहेको नेपालमा भूकम्पपछिको पुन:निर्माणको लागि नीति निर्माण गर्न यो सम्मेलनले महत्त्वपूर्ण योगदान गर्ने आशा गर्दछु ।

नेपालमा २०७२ सालको भूकम्प गएको अहिले १० वर्ष बित्यो । त्यो दिन सम्झिँदा आज पनि हरेक मानिसको आङ सिरिङ हुन्छ । वैशाख १२ गतेको त्रासदीपूर्ण त्यो भूकम्पले देशका धेरै संरचनालाई क्षत विक्षत बनायो । गोरखा केन्द्रबिन्दु भई गएको ७.८ रेक्टर स्केलको त्यो शक्तिशाली भूकम्पबाट नेपालमा ९ हजारभन्दा बढीको ज्यान गएको, २२ हजारभन्दा बढी घाइते भएको र सयौँको सङ्ख्यामा बेपत्ता भएको रेकर्ड छ । देशभर ७४ हजारभन्दा बढी घरहरू पूर्ण क्षति भएको र ७ लाख ७६ हजार घरहरूमा ठुलो क्षति भएको अभिलेख छ ।

त्यस भूकम्पबाट नराम्ररी प्रभावित १४ जिल्लाहरूमध्ये भक्तपुर जिल्ला पनि एक हो । भक्तपुर जिल्लाका चार पालिकाहरूमध्ये भक्तपुर नगरपालिकाभित्र मात्र पूर्ण र आंशिक गरी करिब ८ हजार घर र १२० भन्दा बढी सम्पदाहरूमा क्षति पुगेको थियो । विश्व सम्पदा क्षेत्रभित्र पर्ने भक्तपुर दरबार क्षेत्र र टौमढीमा अवस्थित ङातापोल्हँ मन्दिर, वत्सला मन्दिर, पशुपतिनाथको मन्दिर, सिलु महादेवको मन्दिरलगायत धेरै महत्त्वपूर्ण सम्पदाहरू भत्केका थिए । २०७४ सालमा हामी पहिलो कार्यकालका लागि निर्वाचित हुँदा भक्तपुर नगर भूकम्पको कारण क्षत विक्षत अवस्थामा थियो । हजारौँ जनता टहरामा कष्टपूर्ण जीवन बिताइरहेका थिए । नगरको पुन:निर्माण र पुन:स्थापना हाम्रो ठुलो चुनौती थियो । पुन:निर्माणमा सहयोग गर्न विदेशीहरूले चाहना व्यक्त नगरेका भने होइनन् । हामीले आफ्नै स्रोत, साधन र जनशक्ति प्रयोग गरी पुन:निर्माणको कामलाई अगाडि बढाउने निधो गर्यौँ र सोहीबमोजिम पुन:निर्माणको काम अगाडि बढायौँ ।

भूकम्पपश्चात् नेपाल सरकार र जर्मनी सरकारबिच भक्तपुरका सम्पदाहरू पुन:निर्माणको लागि १ करोड युरो (रु. १ अर्ब २० करोड) अनुदान सहयोग सम्झौता भएको थियो । यहाँका अग्रजहरू र जनप्रतिनिधिहरूबिच व्यापक छलफल गरी हामीले विदेशीहरूको सहयोगबिना नै भक्तपुरका सम्पदाहरू पुन:निर्माणको नीति लियौँ । अहिले त्यो निर्णय अत्यन्त सही साबित भएको छ । भक्तपुरवासीहरूले गर्व गर्न पाएका छौँ । तर, त्यतिबेला भने त्यो निर्णय चुनौतीपूर्ण थियो । त्यतिबेला ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ नै हामीलाई आँट र साहस दिने बलिया आधार बनेका थिए ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित इन्जिनियरिङ कलेजहरूको प्राविधिक सहयोगमा जनतासँग मिलेर पुन:निर्माण कार्य अगाडि बढायौँ । भूकम्पबाट भएको धनजनको क्षति, चिन्ता र दु:खको त्यो अवधिलाई प्राचीन नगरको मौलिकता फर्काउने अवसरको रूपमा परिणत गर्यौँ । सम्पदा संरक्षित सहरको पहिचानसहितको आजको भक्तपुर त्यसैको परिणाम हो ।

पुन:निर्माण गर्दा नगरपालिकाले स्थानीय सीप, स्रोत र साधनहरूको अधिकतम उपयोगको नीतिलाई जोड दियो । भूकम्प प्रतिरोधी डिजाइन र मापदण्डहरूलाई कडाइका साथ लागू गरियो । परम्परागत शैलीमा निजी घर निर्माण गर्ने घरधनीहरूको लागि आर्थिक अनुदानको व्यवस्था गरियो । यसले भक्तपुर नगरको मौलिकता संरक्षणमा मद्दत पुर्‍यायो ।

हरेक संरचना सिमेन्टले नै बनाउनुपर्ने सरकारी मापदण्डको कारण पुन:निर्माण कार्यमा निकै समस्या भोग्नुपर्यो । त्यसले एकातिर स्थानीय स्रोत र साधनको प्रयोग भएन भने अर्कोतिर मौलिकता संरक्षणमा आघात पुर्‍यायो । इँटा, माटो र काठले निजी घर र सम्पदा पुन:निर्माणको मापदण्ड नबनाउनु नै समस्याको मुख्य कारण थियो । इँटा र माटो जोडाइमा घर बनाउने निजी घर धनीहरूलाई पुन:निर्माण प्राधिकरणले अनुदान उपलब्ध गराएन । त्यसले धेरै गरिब परिवारहरू सरकारी अनुदान पाउनबाट बञ्चित भए ।

भक्तपुर नगरपालिकाले मौलिकता जोगाइराख्न स्थानीय जनताको सहयोगमा २०७२ सालको भूकम्पबाट भत्किएका र अन्यसमेत गरी १७१ वटा सम्पदाको पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको छ भने डेढ दर्जन सम्पदाहरूको पुन:निर्माण कार्य भइरहेको छ । निजी घरहरू पनि केही प्राविधिक समस्या भएका बाहेक अधिकांश पुन:निर्माण सम्पन्न भइसकेको छ ।

सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार गर्दा ठेक्का प्रक्रियाबाट गर्नुहुँदैन भन्नेमा हामी दृढताका साथ लागिरहेका छौँ । सम्पदाको ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्त्व नबुझ्नेहरूले त्यसको मौलिकताको संरक्षण गर्न सक्दैनन् । यसबारे सङ्घ, प्रदेश र स्थानीय सरकार तथा प्राविधिकहरू सचेत रहन आवश्यक छ ।

समय-समयमा मर्मत सम्भार गरेका घर सम्पदाहरूमा कम क्षति पुगेको हाम्रो अनुभव छ । प्राविधिकहरूले स्थानीय स्रोत, साधनहरूको प्रयोग गर्न मिल्ने गरी राष्ट्रिय पुन:निर्माण मापदण्ड बनाउनमा जोड दिनु आवश्यक छ । हरेक नागरिकलाई भूकम्पबारे सचेत पार्न विद्यालय र कलेजका पाठ्यक्रममा समेत भूकम्पसम्बन्धी विषय समावेश गर्नु उचित हुनेछ ।

अन्त्यमा, भूकम्प प्राकृतिक नियम हो । विश्वका विभिन्न ठाउँहरूमा समय-समयमा ठुलठुला भूकम्पहरू गइरहेका छन् । नेपालमा २०८१ सालमा पनि जाजरकोट केन्द्रबिन्दु भई भूकम्प गएको थियो । त्यसले पनि धेरै धनजनको क्षति गर्‍यो । भूकम्पलाई रोक्न सक्ने अहिलेसम्म कुनै प्रविधिको विकास भएको छैन । ठुलठुला भूकम्प आए पनि मानवीय र भौतिक क्षति न्यूनीकरण भने गर्न सकिन्छ । त्यो प्राविधिकहरूको हातमा छ । यो सम्मेलनले व्यापक छलफल गरी भूकम्प प्रतिरोधी संरचना निर्माणको लागि राष्ट्रिय नीति निर्माणमा सहयोग पुग्ने निष्कर्ष निकाल्ने आशा गर्छु ।

*(भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा भएको दुईदिने भूकम्प विज्ञान र विपद्पछिको पुनर्निर्माणबारे अन्तर्राष्ट्रिय सम्मेलनमा सोमबार नगर प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*




**सुनिल प्रजापति, प्रमुख, भनपा**

## विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुनुपर्छ

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भएको भूकम्पपछिको पुन:निर्माणसम्बन्धी यस अन्तर्राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न भएकोमा खुसी व्यक्त गर्दछौँ । सम्मेलन सफल पार्न सहयोग गर्नुहुने स्वदेश र विदेशबाट पाल्नुभएका प्राध्यापक, सहभागी मित्रहरूलाई दुवै कलेज व्यवस्थापन समितिको तर्फबाट हार्दिक बधाई र धन्यवाद ज्ञापन गर्दछौँ ।

नाचगानको राजधानी, जीवित सङ्ग्रहालय र सांस्कृतिक नगरको रूपमा विश्वमा परिचित यो भक्तपुर नगरपालिका देशकै सानो पालिकाहरूमध्ये एक हो । क्षेत्रफलको हिसाबले सानो भए पनि मूर्त र अमूर्त सम्पदाहरूमा अत्यन्त धनी र सांस्कृतिक, पुरातात्त्विक तथा ऐतिहासिक दृष्टिले देशकै महत्त्वपूर्ण नगर हो । विश्व सम्पदामा सूचीकृत दरबार क्षेत्र, टौमढीलगायतमा अवस्थित ५५ झ्याल दरबार, ङातापोल्हँ, सुनढोका यहाँका विश्व प्रसिद्ध सम्पदाहरू हुन् । भक्तपुर नगरपालिकाले यहाँका मूर्त र अमूर्त सम्पदाहरूलाई एक एक गरी संरक्षण गर्दै भक्तपुरलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्दै आएको छ ।

शिशुस्याहार केन्द्रदेखि उच्च शिक्षासम्म प्रदान गर्ने भक्तपुर नेपालको एक मात्र पालिका हो । वडा वडामा शिशुस्याहार केन्द्र सञ्चालनदेखि २ वटा इन्जिनियरिङ कलेजहरूसहित उच्च शिक्षा प्रदान गर्ने ७ वटा शैक्षिक संस्थाहरू छन् । नपाको स्वामित्वमा सञ्चालित यी शैक्षिक संस्थाहरूमा ७ हजारभन्दा बढी विद्यार्थीहरूले विभिन्न विषयमा उच्च शिक्षा अध्ययन गरिरहेका छन् ।

हामीले विश्वविद्यालयहरू अनुसन्धानमा केन्द्रित हुनुपर्छ भन्ने मान्यता राख्दै आएका छौँ । नपाद्वारा सञ्चालित विभिन्न कलेजहरूले अनुसन्धानका कार्यहरू गर्दै वार्षिक रूपमा राष्ट्रिय सम्मेलन र २ वर्षमा एकपटक विभिन्न विषयमा अन्तर्राष्ट्रिय सम्मेलन पनि गर्दै छौँ । भूकम्पपछिको पुन:निर्माणसम्बन्धी यो अन्तर्राष्ट्रिय सम्मेलन पनि त्यसको सिलसिला हो । यस्ता सम्मेलनहरूबाट संसारका विभिन्न देशले गरेका प्रगति र ज्ञानहरू हाम्रा प्राध्यापक र अनुसन्धानकर्ता विद्यार्थीहरूले हासिल गर्ने अवसर पाउनेछन् । यस्ता सम्मेलनहरूलाई हामी निरन्तर चालु राख्नेछौँ ।

हाम्रा कलेजहरूले ज्ञानको क्षेत्र विस्तार गर्ने प्रयत्न गर्दै छन् । अनुसन्धानहरूले मात्रै त्यो सम्भव हुनेमा हामी विश्वास गर्छौँ । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सबै कलेजहरूका प्राध्यापकहरूलाई अनुसन्धान कार्यमा लाग्न उत्साहित गरिरहेका छौँ । अनुसन्धानमा अगाडि बढेका देशहरू मात्रै विश्वमा विकासमा अगाडि बढेको हामी पाउँछौँ ।

हाम्रा सबै कलेजहरूलाई समेटेर ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारी गरिरहेका छौँ । विभिन्न प्राविधिक कारणले गर्दा हाम्रो त्यो उद्देश्यले सार्थकता पाउन सकेको छैन । नेपालजस्तो विकासोन्मुख देशहरूमा नगरपालिकाहरूले नै ससाना विशिष्टिकृत विश्वविद्यालय स्थापना र सञ्चालन गर्नुपर्ने आवश्यकता हामी महसुस गर्दै छौँ । त्यसकारण, हामी विश्वविद्यालय सञ्चालनको लागि प्रक्रिया अगाडि बढाउँदै छौँ । सरकारबाट स्वीकृति प्राप्त भएमा ख्वप विश्वविद्यालय एउटा मौलिक विशेषतासहितको अनुसन्धानमा केन्द्रित विश्वविद्यालय हुनेछ ।

अन्त्यमा, सम्मेलनको निष्कर्ष भूकम्पसम्बन्धी मापदण्ड निर्माणमा उपयोगी हुने विश्वास छ । भक्तपुर नगरपालिकाले त्यसलाई ध्यान दिने नै छ । हाम्रोतर्फबाट नीति निर्माण तहसम्म पुर्‍याउने विश्वास पनि दिलाउन चाहन्छौँ । हाम्रो निमन्त्रणामा यहाँहरू दुई दिनसम्म भक्तपुरमा बस्नुभयो । हाम्रो व्यवस्थापनमा केही कमी कमजोरी भएको भए आगामी दिनहरूमा सुधार गर्दै जानेछौँ । आगामी कार्यक्रमहरूमा पनि यस्तै उत्साहपूर्ण सहभागिताको अपेक्षासहित बिदा हुन्छु ।

***(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा भएको दुईदिने 'भूकम्प विज्ञान र विपद्पछिको पुन: निर्माण' सम्बन्धी चौथो अन्तर्राष्ट्रिय सम्मेलनमा व्यक्त मन्तव्य)***




**कम्युनेली...**

भिमकाय प्राविधिक बदलाव भोग्यौँ । तर, उत्पादनको सामाजिक सम्बन्धलाई लिएर चलिरहेको युग लामो ऐतिहासिक सङ्घर्ष निरन्तर जारी छ । कम्युनेली समाज र वर्गशोषित समाजबिचको द्वन्द्वले सोही सङ्घर्षलाई जनाउँछ ।

चीन, भेनेजुयला र अन्यत्र पनि आज कम्युनेली सङ्गठनहरू छन् । तिनका आआफ्नै विशेषता छन् । तर, तिनीहरू मार्क्सले चासो राख्नुभएका पुँजीवादअघिका समाजमा देखापरेको ऐतिहासिक कम्युनेली सम्बन्धहरूबाट प्रेरित र तिनमै आधारित छन् । यहाँ स्थान अभावका कारण यसबारे विस्तृत चर्चा गर्न सम्भव छैन । तर, फेरि पनि म जोड दिएर यहाँलाई 'मन्थ्ली रिभ्यू' को माथि उल्लेख विशेषाङ्क अध्ययन गर्नुस् भन्छु । कम्युनकै बारेमा सन् २०२३ मा 'मन्थ्ली रिभ्यू' प्रेसले क्रिस गिल्बर्टले लेख्नुभएको गजबको पुस्तक छापेको थियो । पुस्तकको नाम थियो – 'कम्युन वा केही छैन ! भेनेजुयलाको कम्युनेली आन्दोलन र समाजवादी अभियान' । त्यो पनि पढ्नुहोला ।

*(जोन बेलमी फोस्टर विश्वविख्यात मार्क्सवादी पत्रिका 'मन्थ्ली रिभ्यू' का सम्पादक हुनुहुन्छ । 'मन्थ्ली रिभ्यू' संरा अमेरिकाको न्युयोर्क सहरबाट मासिक रूपमा प्रकाशित हुने स्वतन्त्र समाजवादी पत्रिका हो ।*

*फोस्टर अमेरिकाको ओरेगन विश्वविद्यालयमा समाजशास्त्रका प्रोफेसरसमेत हुनुहुन्छ । उहाँले आफ्नो जीवन सिद्धान्त तथा इतिहासको आलोचनात्मक जाँचपडतालमा समर्पित गर्नुभएको छ । उहाँ मूलत: पुँजीवादका आर्थिक, राजनीतिक र पर्यावरणीय अन्तर्विरोधहरूको गहन अध्ययनमा केन्द्रित हुनुहुन्छ । यसरी उहाँले सामाजिक सिद्धान्तलाई विस्तृत परिधि प्रदान गर्नुभएको छ । पुँजीवादको राजनीतिक अर्थशास्त्र, आर्थिक सङ्कट, पर्यावरणीय सङ्कट र मार्क्सवादी सिद्धान्तसम्बन्धी उहाँका धेरै लेखरचना र पुस्तक प्रकाशित छन् । उहाँ 'प्रकृतिको लुटपाट', 'मार्क्स र पृथ्वी : एक आलोचना', 'एकाधिकार पुँजीवादको सिद्धान्त', 'अनन्त मन्दी', 'वातावरण अभियन्ताहरूले पुँजीवादबारे जान्नैपर्ने कुरा', 'पर्यावरणीय फाटो : धर्तीविरुद्ध पुँजीवादको युद्ध', 'महावित्तीय सङ्कट : कारण र परिणाम', 'पर्यावरणीय क्रान्ति', 'परमवास्तुको आलोचना', 'पुँजीवादविरुद्ध पर्यावरण', 'मार्क्सको पर्यावरण : भौतिकवाद र प्रकृति', 'नाफाको भोक', 'असुरक्षित पृथ्वी', 'पुँजीवाद र सूचना युग', 'इतिहासको प्रतिरक्षामा', 'धर्मराउँदो अर्थतन्त्र' जस्ता चर्चित पुस्तकका लेखक/सहलेखक हुनुहुन्छ । उहाँका रचना कम्तीमा विश्वका २५ भाषामा प्रकाशित भइसकेका छन् ।)*

**स्रोत : एमआर अनलाइन**

**अनुवाद : सम्यक**

**देश...**

आएको नेमकिपाको नेपालको राजनीतिक इतिहासमा छुट्टै छाप कायम भएको छ । पार्टीले लिएको सिद्धान्त र विचार कार्यान्वयन गर्ने सिलसिलामा अलिकति पनि विचलित नभई नेमकिपाका नेता कार्यकर्ताहरू कार्यरत छन् । संसदमा प्रतिनिधित्व गर्ने सबै जसो पार्टीहरू सरकारमा सहभागी भए पनि इमानदारीपूर्वक जनताको सेवा नै राजनीति हो भन्ने मान्यता राख्दै आएको नेमकिपा भने अहिलेसम्म कुनै पनि पुँदीवादी सरकारमा सहभागी भएको छैन । पुँजीवादी सरकारमा गएर आमूल परिवर्तन हुनेमा नेमकिपा विश्वास गर्दैन । निर्वाचनबाट जितेर समाजवाद स्थापना गर्ने भनेर सरकारमा गएका एमाले र माओवादीहरू पुँजीवादको फोहर पोखरीमा उम्कनै नसक्ने गरी डुबेका छन् । उनीहरूबाट समाजवादी क्रान्ति र समाजवाद अब असम्भव भइसकेको छ ।

२०८२ भदौ २३ र २४ गते युवाहरूको विध्वंसात्मक प्रदर्शनपछि देशमा आएको परिवर्तित राजनीतिक परिस्थितिलाई ध्यानमा राखेर नेमकिपाले निर्वाचनलाई उपयोग गर्ने नीति लिएको छ । राज्यका तीन अङ्ग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका ध्वस्त हुनु भनेको देश खरानी हुनु हो । देशले अप्रिय स्थिति भोग्नुपर्यो । त्यो परिस्थिति निर्माण हुनुमा २०४६ सालदेखि हालसम्म सरकारमा जाने राजनीतिक दलहरू नै मुख्य दोषी भएको ठहर गर्दै बिग्रेको परिस्थितिलाई केही हदसम्म भए पनि सपार्न निर्वाचन उपयुक्त विकल्प हुने नेमकिपाको स्पष्ट विचार रहेको छ । त्यसैले फागुन २१ गते हुन गइरहेको निर्वाचनमा नेमकिपाले ५९ जिल्लामा १२० क्षेत्रमा आफ्ना उम्मेदवारहरू उठाएको छ । महिला उम्मेदवारहरू सबैभन्दा बढी उठाउने पार्टी नेमकिपा हो । नेमकिपाले ४५ प्रतिशत महिला उम्मेदवार उठाएको छ । आगामी निर्वाचनलाई नेमकिपाले देशभक्तहरू र देशघातीहरूबिचको सङ्घर्षको रूपमा लिएको छ ।

यसरी ५२ वर्षसम्म देशमा समाजवादी क्रन्तिको वातावरण निर्माण गर्न निरन्तर सङ्घर्षरत नेमकिपाको कार्यकर्ता बन्न पाउँदा जो कोहीलाई गर्व लाग्नु स्वाभाविक छ । नेमकिपाका नेता कार्यकर्ताहरू आधा शताब्दीसम्म देश र जनताको सेवामा समर्पित भएर लड्यो समाजवादी व्यवस्था स्थापना नभएसम्म अर्को आधा शताब्दी लड्न पनि तयार छन् । पार्टीको ५२ औँ स्थापना दिवको अवसरमा सबै नेता, कार्यकर्ता र शुभच्छुकहरूप्रति हार्दिक शुभकामना !

# जिल्ला जिल्लामा पार्टी स्थापना दिवस


बारा



काभ्रे



काठमाडौं


पर्सा


कालीकोट


दैलेख

**बारा**

नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा बाराको कलैया उपमहानगरपालिकामा माघ १० गते कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा केन्द्रीय सदस्य सुनिल प्रजापतिले देशमा समाजवादी व्यवस्था स्थापना गर्ने उद्देश्यले नेमकिपाले काम गरिरहेको बताउनुभयो ।

जनताको जीवनस्तर परिवर्तन गर्न समाजवाद आवश्यक भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “देशमा मलको अभाव छ । शासकहरूको अदूरदर्शिताको कारण विदेशमा युवाहरूले मरिमेटी काम गर्नुपर्ने बाध्यता छ ।”

नेक्रामहिलासङ्घका केन्द्रीय कोषाध्यक्ष रोशनमैँया सुवालले नेमकिपाको सिद्धान्त प्रकाशस्तम्भको रूपमा रहेको चर्चा गर्दै इमानदारीपूर्वक देश र जनताको सेवा गर्नु नै नेमकिपाको उद्देश्य हो भन्नुभयो ।

नेमकिपा बारा जिल्ला समितिका अध्यक्ष मुक्ति यादवले नेमकिपाले देश र जनताको सेवाको लागि कार्य गरिरहेको बताउनुभयो । शिक्षा र स्वास्थ्य निःशुल्क हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले नेमकिपाका कार्यकर्ताहरू सत्ताको लोभमा फस्दैनन् भन्नुभयो ।

उहाँले भन्नुभयो, “नेमकिपाले तेल, खाना, खाजा बाँडेर भोट माग्दैन । कुनै सुविधा दिने प्रलोभन गर्दैन । जति भोट हो त्यो इमानदारीको भोट हो ।”

**जुम्ला**

नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा माघ १० गते अन्तरक्रिया कार्यक्रम भयो ।

पार्टी जिल्ला समिति जुम्लाद्वारा आयोजित कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले संशोधनवादी र अवसरवादीहरूदेखि सावधान रहनुपर्ने औँल्याउँदै पार्टी स्थापना र निर्वाचनबारे बताउनुभयो ।

उहाँले नेमकिपा अमेरिकी साम्राज्यवाद, भारतीय विस्तारवाद र पुँजीवादसँग सङ्घर्ष गरी समाजवाद स्थापना गर्न लागिपरेको उल्लेख गर्नुभयो ।

उहाँले नेमकिपा देश र जनताको सिपाही हुनुका साथै विश्व कम्युनिस्ट आन्दोलनको एक सच्चा पहरेदार भएको बताउनुभयो ।

आगामी निर्वाचनमा देश चलाई असफल भएका र देश जलाउनेहरूसँग भिडन्त गर्नुपर्ने अवस्था आएको उल्लेख गर्दै उहाँले नेमकिपाले देश र जनताको अधिकारको निम्ति सङ्घर्ष गरिरहेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा जुम्लाका अध्यक्ष पूर्णलाल खत्रीले सभापतिको आसनबाट नेमकिपा नेपाली जनताको सहयोगमा चुनाव लड्ने भएकोले सबै नेपाली जनतालाई देश जोगाउन मतदान गर्न अपिल गर्नुभयो ।

जिल्ला पार्टीका उपाध्यक्ष बिर्खबहादुर रावतले पार्टीको सिद्धान्त र विचार जनताको घर आँगनमा पुऱ्याएर सचेत गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

शिक्षक धर्मेन्द्र अधिकारीले नेमकिपा सिद्धान्त र विचारमा अडान भएको र देश र जनताप्रति समर्पित पार्टी हो भन्नुभयो ।

जिल्ला समिति जुम्लाका सदस्य यज्ञबहादुर बुढथापाले कार्ल मार्क्सले प्रतिपादन गरेको सिद्धान्त विज्ञानसम्मत छ भन्नुभयो ।

सतलसिंह रावतले कार्यक्रमले व्यक्तित्व विकास गर्न र आफ्नो कार्य क्षमता बढाउन टेवा पुऱ्याउँछ भन्नुभयो ।

सुनिल काफ्लेले शिक्षा, स्वास्थ्य निःशुल्क र रोजगारीको सुनिश्चित गर्ने समाजवाद स्थापना गर्न नेमकिपा सङ्घर्षरत छ भन्नुभयो ।

पार्टी जिल्ला सदस्य रामबहादुर नेपालीले सही दल छान्ने आधार दल सानो र ठुलोको होइन, सिद्धान्त र विचार हो भन्नुभयो ।

जिल्ला सदस्य सन्तबहादुर खत्रीले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कर्णाली प्रदेश सदस्य राजेश्वर देवकोटाले स्थापनाकालदेखि नेमकिपाले देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा देवीबहादुर बुढथापा, मनप्रसाद उपाध्याय, पूर्णचन्द्र, मिनबहादुर सार्की, यज्ञबहादुर बुढथापालगायतले बोल्नुभएको थियो ।

स्मरणीय छ, जुम्लामा नेमकिपाले बिर्षबहादुर रावतलाई प्रतिनिधिसभा सदस्यको निम्ति उम्मेदवारी दिएको थियो ।

उम्मेदवारी मनोनयन दर्ता गर्न जुलुस निर्वाचन कार्यालय पुगेको थियो ।

मनोनयन दर्तापछि आयोजित सभामा उम्मेदवार बिर्ष रावतले नेमकिपा जुम्ली जनताको पुरानो र देशभक्त पार्टी हो भन्नुभयो ।

चुनाव प्रचारप्रसार गर्न जिल्ला अध्यक्ष पूर्णलाल खत्रीको अध्यक्षतामा निर्वाचन समिति गठन गरिएको थियो ।

**काभ्रे**

नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवस तथा उम्मेदवार परिचयात्मक कार्यक्रम बनेपामा माघ १० गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य कृष्णबहादुर तामाङले नेमकिपाका अग्रजहरूले अनेकन आँधी र हुरीको सामना गर्दै आजको स्थितिमा पुऱ्याएको हुँदा उहाँहरूप्रति गर्व छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “नीति र सिद्धान्तविहीनहरू अनेकौँ आए र विलाएर गए तर नेपाल मजदुर किसान पार्टी शत्रुहरूको हरेक जालझेल र षड्यन्त्रलाई चिर्दै निरन्तर अघि बढिरहेको छ ।”

पार्टीलाई धोखा दिएर जानेहरू कुलतमा लागेर बिग्रिएको उदाहरण दिँदै उहाँले इमानदार भएमा एक्लै भए पनि शिर उँचो हुने बताउनुभयो ।

नेमकिपा काभ्रे जिल्ला समितिका अध्यक्ष कृष्णकुमार वैद्यले तत्कालीन नेपाल कम्युनिस्ट पार्टी पुष्पलाल समूहमा रहँदा श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँद्वारा लिखित ‘खोटा विचारको खण्डन’, ‘रुसी-संशोधनवाद सामाजिक-साम्राज्यवादमा पतन’, ‘नेपाल-भारत सम्बन्ध र भारत’ जस्ता ऐतिहासिक दस्तावेजहरूको आधारमा २०३१ माघ १० गते नेपाल मजदुर किसान पार्टी (तत्कालीन नेपाल मजदुर किसान सङ्गठन) को स्थापना भएको बताउनुभयो ।

नेमकिपा काभ्रे जिल्ला समितिका सल्लाहकार डा. हरिप्रसाद मानन्धरले तत्कालीन नेपाल कम्युनिस्ट पार्टीमा मुख्य शत्रु को हो ? भन्नेमा स्पष्ट नभएको अवस्थामा नेपाल मजदुर किसान पार्टीले साम्राज्यवाद, विस्तारवाद र सामन्तवाद तीन टाउके सर्प भएकोले तीनवटै पक्ष मुख्य शत्रु भएको ठहर गरेको बताउनुभयो ।

नेमकिपा काभ्रे जिल्ला समितिका उपाध्यक्ष पुण्यशोभा श्रेष्ठले नेमकिपाले मार्क्स र एङ्गेल्सको शिक्षाअनुसार देश र जनताको निःस्वार्थ सेवा गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा काभ्रेपलाञ्चोक जिल्ला निर्वाचन क्षेत्र नं. १ का उम्मेदवार राजु तामाङ, निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार मुना तामाङ र नेक्रायुसङ्घ काभ्रेका पूर्वअध्यक्ष ज्ञानेन्द्र डंगोलले शुभकामना मन्तव्य दिनुभयो ।

**काठमाडौं**

नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा पार्टी काठमाडौँ जिल्ला समितिले प्रवचन तथा उम्मेदवार परिचय कार्यक्रम गरेको छ ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले नेमकिपाले क्रान्तिकारी संसद्वादको सिद्धान्तअनुसार निर्वाचनलाई उपयोग गर्दै आएको भनाइ राख्नुभयो ।

उहाँले नेमकिपाले भारतीय नाकाबन्दीविरुद्ध सडक र संसद्मा विरोधका गतिविधि सञ्चालन गरेको स्मरण गर्दै देशघाती एमसीसी सम्झौता, नागरिकता विधेयकको विपक्षमा मतदान गरेको उदाहरण राख्नुभयो ।

उहाँले पुँजीवादी संसदीय व्यवस्थाले क्रान्तिकारी भूमिसुधार नगर्ने र शिक्षा र स्वास्थ्य उपचारको बन्दोबस्त सम्पूर्ण रूपमा राज्यले नलिने विषयमा नेमकिपा स्पष्ट रहेको भन्दै नेमकिपाले क्रान्तिबाट आएको सरकारको नेतृत्व गर्ने धारणा राख्नुभयो ।

कुनै व्यक्ति परिवर्तन हुँदैमा देशमा तात्त्विक फेरबदल नहुने भन्दै केन्द्रीय सदस्य गोसाईले नवउदारवादी नीति रहेसम्म गरिब किसान र मजदुरको हित नहुने तर्क गर्नुभयो ।

उहाँले दर्शन र विचार नभएको पार्टीले देशको नेतृत्व गर्न नसक्ने भन्दै भ्रष्टाचारको अन्त्य र सुशासनको बन्दोबस्तको निम्ति पुँजीवादी व्यवस्था फालेर समाजवादी व्यवस्था नै ल्याउनुपर्छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सनकमान महर्जनले आदर्श विचार र सिद्धान्तविहीन दलहरूले देशलाई अगाडि बढाउन नसक्ने भएकोले नयाँ दलले नयाँ भ्रम फैलाउनेबारे सचेत हुनुपर्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य राजवीर डंगोलले पार्टीको इतिहासबारे स्पष्ट पार्दै विगतको निर्वाचनको समीक्षा गरी जनताबिच पार्टीको घोषणापत्र र विचारबाट सुसूचित गर्नुपर्ने बताउनुभयो ।

नेमकिपा काठमाडौँ जिल्ला समितिका सभापति नारायण महर्जनको सभापतित्वमा भएको कार्यक्रममा जिल्ला सदस्य ज्ञानुमाया दराईले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रममा जिल्ला सचिव शैलेश डंगोलले पनि बोल्नुभएको थियो ।

पार्टी स्थापना दिवसकै अवसरमा यहीँ फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्नुभएका १० वटै क्षेत्रका, समानुपातिक उम्मेदवार र राष्ट्रियसभा काठमाडौँबाट महिला उम्मेदवारहरूले आफ्नो परिचयसहित मन्तव्य राख्नुभएको थियो ।

**रत्ननगर**

नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेमकिपा जिल्ला समिति, चितवनको आयोजनामा भेला एवम् प्रशिक्षण कार्यक्रम माघ १० गते रत्ननगरको गडौलीमा सम्पन्न भयो ।

सो कार्यक्रममा जिल्ला अध्यक्ष हरिप्रसाद दुवालले मजदुर किसानलाई राजनैतिक रूपमा सचेत र सङ्गठित पारेर शासकवर्गमा उठाउन नेमकिपा स्थापनाकालदेखि सङ्घर्षरत रहेको स्पष्ट पार्नुभयो । उहाँले नयाँ र पुराना शासक दलहरूको आर्थिक र विदेश नीतिमा फरक नभएको कारण दाल, चामल, तरकारी, फलफूलसमेत खर्बौंको आयात गर्नुपर्ने अवस्था आएको बताउनुभयो ।

उहाँले शासक दलहरूको सिद्धान्तहीन निर्वाचन मोर्चा र सत्ता गठबन्धन देश र जनताको हितविपरीत भएको बताउँदै नेमकिपाको राजनीति भनेको निःस्वार्थ रूपमा देश र जनताको सेवा गर्ने हो भन्नुभयो । उहाँले समाजवादी व्यवस्थामा मात्रै आर्थिक समानता, उत्पादनका मुख्य-मुख्य साधन र सेवा सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, योग्यताअनुसार काम र कामअनुसार ज्यालालगायत व्यवस्था हुने भएकोले सङ्घर्षबाहेक अर्को विकल्प नभएको बताउनुभयो ।

नेमकिपाको तर्फबाट चितवन क्षेत्र नं. १ का उम्मेदवार अर्जुन प्रजाले नेमकिपा र अन्य पार्टीबारे भिन्नता बताउँदै नेमकिपाले उम्मेदवारी दिनुको कारणबारे स्पष्ट पार्नुभयो ।

उक्त कार्यक्रममा विष्णु शर्मा, ज्ञानेन्द्र प्रजा, सुमित्रा महतो, मोहनबहादुर चेपाङलगायतले बोल्नुभएको थियो ।

**कालीकोट**

नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कालीकोटको आयोजनामा पार्टीको ५२ औँ स्थापना दिवस कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले पार्टी स्थापनाका आधारहरूको चर्चा गर्दै नेपालको कम्युनिस्ट आन्दोलनको संशोधनवादी धारलाई चुनौती दिँदै पार्टीको मुख्य उद्देश्यलाई बचाउनु मुख्य जिम्मेवारी ठानेर पार्टीको स्थापना गरिएको बताउनुभयो । उहाँले स्थापनाकालदेखि पार्टीले देश र जनताको सेवामै बिताएको र आगामी वर्षमा पनि देश र जनताको स्वार्थमै बित्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “निर्वाचन खुला विश्वविद्यालय हो । यसबाट लाखौँ लाख जनताको राजनैतिक स्तर उठाउन मद्दत पुग्ने हुँदा पार्टीले निर्वाचनलाई उपयोग गरिराखेको र यस पालिको निर्वाचनलाई पनि एक राजनैतिक सङ्घर्षका रूपमा लिनेछ । विगतको चुनावबाट गएका प्रतिनिधिहरू आफू केन्द्रित हुँदा जनताले पटक-पटक धोका खाएको र योपटक जनताले मादल चिह्नमा छाप लगाएर बदला लिनेछन् ।”

उहाँले आफूलाई कम्युनिस्ट दाबी गर्नेहरू निर्वाचनमा नगद र जिन्सी वितरण गरी मतदातालाई वस्तुभाउ सम्झिने गरेको हुँदा पार्टी कार्यकर्ता सचेत रहनुपर्ने बताउनुभयो ।

पार्टी जिल्ला समिति कालीकोटका अध्यक्ष खड्गराज शाहीले पार्टी स्थापना दिवसको शुभकामना दिँदै फागुन २१ गते हुने निर्वाचन शासक दल र जनताबिचको लडाइँ हुने बताउनुभयो ।

जनताले कसको साथ दिने भन्ने कुरा जनतामै निर्भर हुने हुँदा जनताले आफ्नो वर्ग शत्रु र वर्ग वैरी चिन्ने सुनौलो मौका भएको उहाँले बताउनुभयो । उहाँले पार्टीले निर्वाचनलाई पनि एक राजनैतिक सङ्घर्षका रूपमा लिएको र यो निर्वाचन पुँजीवादी र साम्राज्यवादी शक्तिविरुद्ध हुने बताउनुभयो ।

पार्टी ज्येष्ठ सदस्य नौलासिंह गिरीको अध्यक्षतामा सम्पन्न सभामा जिल्ला समिति सचिव धनञ्जय अधिकारीले पनि बोल्नुभएको थियो ।

**दैलेख**

नेपाल मजदुर किसान पार्टी चामुण्डा विन्द्रासैनी नगर समितिको आयोजनामा माघ १० गते नेमकिपाको ५२ औँ स्थापना दिवस ‘नेपालको

**बाँकी पृष्ठ १० मा**

## सन्दर्भ : बङ्गलादेशको जुलाई विद्रोह

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – १६

● रामरतन चौधरी

युक्रेन पहिले सोभियत रुसको अभिन्न अङ्ग थियो । खुश्चेभदेखि गोर्भाचोभसम्मको शासनकालमा साम्राज्यवादी अमेरिकाले सोभियत रुसलाई सैद्धान्तिक, राजनीतिक र कूटनीतिक क्षेत्रमा पराजित गर्‍यो । गोर्भाचोभ सरकारका सबैजसो सल्लाहकार अमेरिकी विश्वविद्यालयका विशेषज्ञ तथा अमेरिकी गुप्तचर विभाग सीआईएका एजेन्टहरू थिए जसले रुसको कम्युनिस्ट व्यवस्थालाई छिन्नभिन्न पार्‍यो । अमेरिकी 'छद्म युद्ध' तथा रुसी संशोधनवादीहरूको कारण सन् १९९१ मा रुस १५ टुक्रामा विभाजित भयो । त्यसैबेला युक्रेन पनि छुट्टै देश बनेको हो । युक्रेन किसानहरूको मलिलो भूमि भएको देश हो । यसलाई युरोप र एसियाको सङ्गमस्थल पनि मानिन्छ ।

सोभियत सङ्घको विघटनपछि बनेको युक्रेन सन् १९९६ सम्म संविधानविहीन मुलुक रह्यो । सन् १९९० को दशकमा युक्रेनी कम्युनिस्ट पार्टी (CPU) युक्रेनको सबैभन्दा सफल पार्टी थियो । यसकारण सन् १९९४ र सन् १९९८ को निर्वाचनमा कम्युनिस्ट पार्टीले चुनाव जित्यो । तर, पनि कम्युनिस्ट पार्टीलाई सत्ताबाहिर राखेर लियोनिड क्राभचुक (Leonid Kravchuk) र लियोनिड कुच्मा (Leonid Kuchma) सत्तासीन भए ।

युक्रेनका कम्युनिस्टहरू सोभियत सङ्घकालीन सामाजिक र लोककल्याणकारी कार्यक्रमको निरन्तरता चाहन्थे । तर, युक्रेनका सरकारी उद्योगधन्दाहरू कुलीनहरूको हातमा गयो । संविधानमा कम्युनिस्टहरूले प्रस्ताव गरेको लोककल्याणकारी कार्यक्रम कुलीन परिवारका नेताहरूले ६ हजारभन्दा बढी संशोधन गरेर कटौती गरे । सन् २००० मा कुच्माले कम्युनिस्ट पार्टी (CPU) को एउटा गुटलाई उक्साएर पार्टी फुटाउने काम गरे । यसले युक्रेनमा कम्युनिस्ट पार्टीलाई निर्णायक हुन नसक्ने गरी कमजोर बनायो । कुच्मा र क्राभचुकले निजीकरणको योजना लागु गरेर देशलाई लुट्नुसम्म लुटे । जनअसन्तोष बढ्दै गयो । सन् २००४ सम्म युक्रेनमा लियोनिड कुच्मा राष्ट्रपति थिए । आफूप्रति जनअसन्तोष बढ्दै गएपछि कुच्माले आफ्ना प्रधानमन्त्री भिक्टर यानुकोभिचलाई अघि सारे । यानुकोभिचलाई रुसी समर्थक मानिन्छ ।

कुच्माको अलोकप्रियताबिच एक बैङ्क प्रशासक भिक्टर युश्चेन्को (Viktor Yushchenko) ले 'हाम्रो युक्रेन' (Our Ukraine) नामक पार्टी गठन गरे । सन् २००२ मा यो पार्टीले बहुमत ल्यायो । युश्चेन्कोको पार्टीलाई अमेरिकाले प्रशस्त आर्थिक सहयोग गरेको थियो । त्यसैले युश्चेन्को युक्रेनलाई अमेरिकी नेतृत्वको सैन्य सङ्गठन नेटोमा जोड्न चाहन्थे ।

**सुन्तले क्रान्ति (Orange Revolution)**

सन् २००४ मा सम्पन्न निर्वाचनमा भिक्टर यानुकोभिच (Viktor Yanukovych) थोरै मतान्तरले विजयी भए । तर, अमेरिका र पश्चिमाहरूले मतदाताहरूलाई भड्काएर वैधानिक रूपले निर्वाचित यानुकोभिचविरूद्ध आन्दोलन गराए । सन् २००४ नोभम्बरको अन्त्यदेखि २००५ जनवरीसम्म युक्रेनको राजधानी किभमा 'सुन्तले क्रान्ति' (Orange Revolution) को नाममा प्रदर्शन भयो । यो अमेरिकाद्वारा प्रायोजित रङ्गीन क्रान्ति (Colour Revolution) को सिलसिला थियो । युश्चेन्कोको राजनीतिक पार्टीको झन्डा पनि सुन्तले रङ्गकै थियो । प्रदर्शनमा महिलाहरूले सिपाहीहरूको ढाल रङ्गाउन सुन्तला रङ्गका फूल ल्याएका थिए । प्रदर्शनकारीहरूले सुन्तला रङ्गको झन्डा, रिबन, लुगा लगाएर प्रदर्शन गरे । प्रदर्शनमा सर्वप्रथम विद्यार्थी र व्यवसायीहरूलाई उतार्ने काम भयो । सो प्रदर्शनले जननिर्वाचित भिक्टर यानुकोभिचको जितलाई ओझेलमा पार्‍यो ।

१७ दिनको प्रदर्शनपछि युक्रेनको संवैधानिक अदालतले राष्ट्रपतिको चुनाव दोहोर्‍याउने आदेश दियो । २१ नोभेम्बर २००४ मा दोस्रो पटक भएको चुनावमा पश्चिमा खेमाका भिक्टर युश्चेन्कोले जिते । भिक्टर युश्चेन्कोलाई विजयी बनाउन अमेरिका र पश्चिमाहरूले भरपुर आर्थिक सहयोग गरे । युश्चेन्कोलाई युरोपेली सङ्घका पाँच प्रभावशाली सदस्यहरूले नोबेल शान्ति पुरस्कारको निम्तिसमेत प्रस्ताव गरे । यद्यपि, युश्चेन्कोको सरकार अस्थीर बनिरह्यो । उनको कार्यकालमा युक्रेनको औद्योगिक उत्पादन घट्यो र ठुला बैङ्कहरू धमाधम टाट पल्टिए । बेरोजगारीको सङ्ख्या पनि बढ्यो । यसकारण सन् २०१० को चुनावमा युश्चेन्कोको पार्टी पाँचौ स्थानमा झर्‍यो । त्यतिबेला भिक्टर यानुकोभिचको पार्टीले ४८ प्रतिशत मत ल्याएर पुनः सरकार गठन गर्‍यो ।

**युरोमैदान (Euromaidan) विद्रोह**

सन् २०१४ मा अन्तर्राष्ट्रिय मुद्रा कोषले युक्रेनलाई अत्यावश्यक मालसामान र सेवामा कर बढाउन र कामदारको ज्याला नबढाई सामाजिक सुरक्षाका कार्यक्रम कटौती गर्न भन्यो । तर, भिक्टर सरकारले यो कार्यक्रमद्वारा लाखौं युक्रेनीको रोजगार गुमेर जनअसन्तोष बढ्ने आँकलन गरी मुद्रा कोषको आग्रहलाई अस्वीकार गर्‍यो । सन् २०१३ नोभेम्बरमा यानुकोभिचले युरोपेली सङ्घसँगको सम्झौतामा हस्ताक्षर नगर्ने निर्णय पनि गरे । यसैकारण पश्चिमाहरूले कट्टर राष्ट्रवादी र नवनाजीवादीहरूलाई समेटेर युक्रेनमा युरोमैदान (Euromaidan) विद्रोहको आगो सल्काए । यो आन्दोलनमा प्रदर्शनकारीहरूले सरकारद्वारा भएको भ्रष्टाचार, शक्तिको दुरुपयोग, मानव अधिकार हननजस्ता विषयहरू उठाए । यही समयमा पश्चिमाहरूको सहयोगमा सीआईएसँग प्रत्यक्ष जोडिएका अपराधीहरूले पनि युक्रेनमा उत्पात मच्चाए । वामपन्थीहरूमाथि आक्रमण हुन थाल्यो । हत्या, हिंसा, बलात्कारका घटनाहरू बढे । महिनौँसम्म चलेको विरोध प्रदर्शनको कारण अन्ततः युक्रेनका रुसी समर्थक राष्ट्रपति भिक्टर यानुकोभिच २०१४ फेब्रअरी २२ मा रुस भाग्न बाध्य भए ।

**युक्रेनलाई नेटो (Nato) मा आवद्ध गराउने चाल**

दोस्रो विश्वयुद्धको समयमा अमेरिकी नेतृत्वको सैन्य सङ्गठन नेटो (Nato) बनेको थियो । शितयुद्धको अन्त्यपछि नेटो पनि विघटन हुनुपर्ने हो । तर, अमेरिका र पश्चिमाहरूले नेटोलाई रुसी सीमातिर बढाउन थाले । पश्चिमाहरूले सन् २००६ देखि नै युक्रेनलाई नेटोमा संलग्न गराउने प्रयास गर्दै आएका थिए । संरा अमेरिका र पश्चिमाहरूको दबाबमा इस्टोनिया, लात्भिया, लिथुआनियालगायत पूर्वीयुरोपेली देशहरू नेटोमा सामेल भए । सन् २००६ मा अमेरिकाले युक्रेनलाई नेटोमा ल्याउने निर्णय गर्‍यो । तर, २०१० मा युक्रेनको संसद्ले कुनै पनि सैन्य गुटमा आवद्ध नहुने निर्णय गर्‍यो । सन् २०१२ मा युक्रेनलाई नेटोमा संलग्न गराउने चलखेल फेरि बढ्यो । सन् २०२१ डिसेम्बरसम्ममा अमेरिकाले युक्रेनलाई हतियारवद्ध गरायो । नेटोले रुससँग सीमा जोडिएका देशहरूमा खर्बौं डलरको हतियार तथा सैन्य सामग्री राखेको छ । यसले रुसको सुरक्षा चुनौती बढायो ।

संरा अमेरिका नेटोको विस्तार गरेर हतियारको व्यापार गर्न चाहन्छ । युक्रेनमा प्राकृतिक ग्याससलगायत प्राकृतिक स्रोतहरूको अपार भण्डार छ । संरा अमेरिकालगायत नेटो देशहरू युक्रेनमा रहेका खनिज तथा प्राकृतिक स्रोत नियन्त्रण गर्न चाहन्छन् । अमेरिकाको अर्को मनसाय रुस र युरोपको सम्बन्ध बिगार्नु पनि हो । युरोपसँग सम्बन्ध सुमधुर भए रुस थप शक्तिशाली बनेर आफ्नो शक्ति डगमगाउने डर छ अमेरिकालाई । अमेरिका युरोपेली ऊर्जा बजारमा रुसको प्रतिस्पर्धा घटाउने दाउमा पनि छ । यसकारण संरा अमेरिकाले युरोप र रुसको सम्बन्ध बिगार्नको निम्ति युक्रेनलााई नेटोमा आवद्ध गराउन खोजेको प्रस्ट छ ।

**भोलोडिमिर जेलेन्स्की (Volodymyr Zelenskyy) र युद्ध उत्तेजना**

भोलोडिमिर जेलेन्स्की (Volodymyr Zelenskyy) युक्रेनका एक कमेडियन कलाकार थिए । यिनलाई अमेरिका र पश्चिमा मुलुकहरूले रुसविरूद्ध तयार पारे । उनले सन् २००३ मा एक टिभी प्रोडक्सन कम्पनी बनाएका थिए । जसले चलचित्र, कार्टुन र टिभी कमेडी शो बनाउने गर्थ्यो । जुन अत्यन्त सफल रह्यो । सन् २०१० को दशकमा टिभी र फिल्ममा उनको करियर अगाडि बढ्दै गयो । सन् २०१४ मै जेलेन्स्कीले Servant Of the People नामको एक कमेडि सिरिज बनाए । यो सिरिज सन् २०१५ मा अत्यन्त हिट भयो । यो सिरिजलाई २०१५ देखि २०१९ सम्म प्रसारण गरिएको थियो । उक्त सिरिजमा एक राष्ट्रपतिले देशको तमाम समस्या समाधान गरेको कथा समेटिएको छ । कलाकारिताले जेलेन्स्कीलाई चर्चाको शिखरमा पुर्‍यायो । सन् २०१९ मा पश्चिमा समर्थक भोलोदिमिर जेलेन्स्कीले ७३.२२ प्रतिशत मत प्राप्त गरेर तत्कालीन राष्ट्रपति पेट्रो पोरोशेन्कोलाई परास्त गरे । निर्वाचन जितेर उनी युक्रेनको पहिलो यहुदी राष्ट्रपति बने ।

जेलेन्स्की राष्ट्रपति भएपछि रुससँगको सम्बन्ध बिग्रन थाल्यो । अमेरिकाको निर्देशनमा जेलेन्स्कीले युक्रेनलाई नेटो सेनामा आवद्ध गराउने प्रयास गरे । यसले युद्ध उत्तेजना बढाउने काम गर्‍यो । अमेरिकी नेतृत्वमा रहेको नेटो सेनामा युक्रेन समावेश भएर रुसमाथि सुरक्षा चुनौती बढाउन खोजेपछि रुस र युक्रेनबिच सन् २०२२ फेब्रअरीदेखि युद्ध सुरू भयो । २०२२ फेब्रअरीको एक बिहीबार रुसी टेलिभिजनको प्रातःकालिन कार्यक्रममा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले "रुसी सैनिकको हमलाको लक्ष्य युक्रेनमाथि नियन्त्रण गर्नु नभई युक्रेनलाई 'सैनिकीकरण' हुन नदिनु र 'नाजीकरण' बाट मुक्त गर्नु भएको" बताएका थिए । जेलेन्स्कीको गलत नीतिले आज युक्रेन युद्धको चपेटामा परेको छ ।

**रुसविरुद्ध युक्रेनलाई भडकाउन सीआईएको लगानी**

युक्रेनको मुख्य गुप्तचर निर्देशनालयका पूर्वप्रमुख (२०१५-२०१६) लेफ्टिनेन्ट जनरल भ्यालेरी कोन्ड्राट्युकले फेब्रुअरी २०२४ मा एबीसी न्यूजसँगको कुराकानीमा भने, "CIA ले युक्रेनी गुप्तचर अधिकारीहरूलाई तालिम दिन र रुससँगको सीमामा करिब एकदर्जन गोप्य कार्यक्रम सञ्चालन गर्न लाखौं डलर खर्च गरेको थियो ।" (abc NEWS, by Patrick Reevell, 2025 junuary 17)

नेपालमा पनि संरा अमेरिकाले आफ्ना कठपुतली तयार पार्न ठुलो लगानी गरेको खुल्दै छ । सञ्चारमाध्यममार्फत आफ्ना आज्ञापालकहरूलाई चर्चामा ल्याएर निर्वाचन जिताउने र सरकारमा पुर्‍याएर नेपाललाई नियन्त्रण गर्ने दाउमा अमेरिका छ । अमेरिका नेपालमा आफ्नो सेना ल्याएर चीनलाई चुनौती दिने रणनीतिमा पनि छ । आफ्नो उद्देश्यमा अमेरिका सफल भए नेपाल पनि युक्रेनजस्तै रणमैदान बन्ने छ । यसकारण, नेपाली जनताले आउँदो निर्वाचनमा चर्चाको शिखरमा रहेका नेपाली आवरणका अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका दलालहरूलाई परास्त गर्नु जरुरी छ ।

*२०८२ माघ ११ गते*

---

**जिल्ला...**

कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारको खण्डन' पुस्तकमा अन्तरक्रिया गरी मनाइयो ।

नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाहीको अध्यक्षतामा सम्पन्न उक्त अन्तरक्रिया कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले वर्गविरोधीसँग कुरा मिलाउनु, आन्तरिक कुरा विरोधीसँग पुर्‍याउनु र वर्गविरोधीहरूसँग सहकार्य गरी व्यक्तिगत फाइदा उठाउन खोज्नु पार्टीको सिद्धान्तविपरीत भएको चर्चा गर्दै खोटा विचारको खण्डन नेपालको कम्युनिस्ट आन्दोलनमा देखिएको गलत विचारको संगालो हो भन्नुभयो ।

नेपालको कम्युनिस्ट आन्दोलनको इतिहास बुझ्न यो पुस्तक अध्ययनको आवश्यकता भएको औँल्याउँदै उहाँले नेमकिपा नेपालको कम्युनिस्ट आन्दोलनमा प्रकाशस्तम्भका रूपमा अगाडि बढ्दै आएको स्पष्ट पार्नुभयो । उहाँले समाजवादी व्यवस्थाका लागि सबै कार्यकर्तालाई अगाडि बढ्न आग्रह गर्दै समाज परिवर्तनका लागि क्रियाशीलताको खाँचो रहेको बताउनुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य केशेन्द्रप्रकाश कार्कीले समाजवादी व्यवस्था स्थापनाका लागि अध्ययन र लगनशीलताको खाँचो रहेको चर्चा गर्दै खोटा विचारको खण्डन एक महत्त्वपूर्ण हतियार भएको प्रस्ट पार्नुभयो ।

अर्का केन्द्रीय सदस्य बखत थापाले योजनाबिना कुनै पनि कार्य सफल नहुने चर्चा गर्दै पार्टी र समाजको चिन्ता गरेर कार्यकर्ता अगाडि बढ्नुपर्छ भन्नुभयो । उहाँले वैचारिक स्पष्टता कायम गर्दै जनतालाई सचेत र सङ्गठित गर्नुपर्ने आवश्यकता औँल्याउँदै निःस्वार्थ रूपले जनताको सेवा गर्नु नै राजनीति हो भन्नुभयो ।

नेमकिपा प्रदेश समिति सदस्य निरक शाहीले फागुन २१ को चुनावलाई ओझेलमा नपार्न चेतावनी दिँदै गलत विचारले समाज बन्न सक्दैन भन्नुभयो ।

चामुण्डा बिन्द्रासैनीमा सम्पन्न उक्त कार्यक्रममा नवराज ढकाल, जेपी तिमिल्सिना, नगेन्द्र कार्की, हर्कबहादुर शाही, धनकुमारी शाही, शिवराज जैसी, इन्द्र चौलागाईं, खगेन्द्र शाही, गोरख केसी, बासुदेव कँडेल र जीवबहादुर शाहीले पनि बोल्नुभएको थियो ।

त्यसैगरी पार्टीको ५२ औं स्थापना दिवस कार्यक्रम महाबु गाउँपालिकाको काप्री खोलामा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा कर्णाली प्रदेश समितिका सदस्य उदयजङ शाहीले पार्टीको स्थापना नेपालमा कम्युनिस्ट आन्दोलन बचाउनका लागि भएको उल्लेख गर्दै कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउने र विदेशीको इसारामा चलाउन खोज्नेका विरुद्ध २०३१ साल माघ १० गते नेमकिपा स्थापना भएको हो भन्नुभयो ।

उहाँले चुनावलाई जनताको चेतनास्तर नाप्ने मापनको रूपमा उपयोग गरेको विचार व्यक्त गर्दै स्थापना दिवसले हाम्रो पार्टीको उद्देश्य र सिद्धान्तबारेमा बोल्ने लेख्ने काम गर्न जरुरी भएको बताउनुभयो ।

नेमकिपा दैलेखको १५ औं जिल्ला सम्मेलन तयारी समितिका संयोजक जगत वलीले पार्टीले ५१ औं वसन्त पार गर्दै तत्कालीन कम्युनिस्ट पार्टीभित्र रहेर नेपाल कम्युनिस्ट पार्टीभित्र भएका संशोधनवादी विचारबाट अलग भएर रोहितले नेमकिसङ्गठन स्थापना गर्नुभयो । उहाँले जनताको आधारभूत आवश्यकताको जिम्मा सरकारले लिनुपर्ने आवश्यकता औँल्याउँदै शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी गर्नुपर्ने कुरा नेमकिपाले सविधानमै राख्नुपर्ने अडान लिएको स्मरण गर्नुभयो ।

उहाँले अध्ययन गरेर जनतामाझ अन्तरक्रिया गर्नुपर्ने बताउँदै जनतालाई राजनीतिक रूपमा सचेत गर्न पार्टीको स्थापना भएको बताउनुभयो । फागुन २१ गते हुने निर्वाचनमा नेमकिपाबाट दैलेख निर्वाचन नं. १ बाट प्रतिनिधिसभा सदस्य आफ्नो उम्मेदवारी भएकोले कसैको भ्रममा नपरी नेमकिपाको मादल चिह्नमा मतदान गर्न उहाँले अनुरोध गर्नुभयो ।

नेमकिपा दैलेखका सल्लाहकार बमबहादुर सिंहले पार्टीको विचार र सिद्धान्तलाई आत्मसात गर्नुपर्ने बताउनुभयो ।

नेमकिपा महाबु गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापा मगरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेक्राविसङ्घ २२ औं दैलेख जिल्ला सम्मेलन तयारी समितिका संयोजक खेमराज दाहाल, नेमकिपा दैलेख १५ औं जिल्ला सम्मेलन तयारी समिति सदस्य लक्ष्मी सिंह र नेमकिपा महाबुका सदस्य हेमन्तबहादुर सिंहले पनि बोल्नुभएको थियो ।

**अछाम**

नेपाल मजदुर किसान पार्टी अछामको आयोजनामा नेमकिपाको ५२ औं स्थापना दिवसको अवसरमा कार्यकर्ता प्रशिक्षण कार्यक्रम कमलबजार नगरपालिका वडा नं. ६ गैरीटाँड बजार सम्पन्न भयो ।

उक्त प्रशिक्षणमा नेमकिपा अछामका अध्यक्ष झंकरबहादुर शाहीले नेपालमा समाजवादी प्रचार अभियान कसैले चलाएको छ भने त्यो नेपालमा समाजवादी प्रचार अभियान कसैले चलाएको छ भने त्यो नेमकिपाले मात्र चलाएको छ भन्नुभयो ।

नेमकिपा वडा समिति अध्यक्ष विनोदबहादुर शाहीको सभापतित्वमा भएको सो कार्यक्रममा ने.क्रा.वि. सङ्घ अछामका वीरेन्द्र शाही, नेपाल क्रान्तिकारी युवा सङ्घका जिल्ला अध्यक्ष समास शाही, नेपाल क्रान्तिकारी महिला सङ्घकी रिउली शाही र नेपाल मजदुर किसान पार्टी वडा सचिव गीता शाहीलगायतले बोल्नुभएको थियो ।

**सुर्खेत**

नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ सुर्खेतको जिल्ला भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सल्लाहकार सदस्य नर्मा गुरुङले नेपाल मजदुर किसान पार्टी स्थापनाका आधारहरूको बारेमा बताउँदै नेपालको कम्युनिस्ट आन्दोलनलाई सही दिशानिर्देश गर्ने काम नेमकिपाले गरिर हेको बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले वर्गीय समाजमा महिला पनि वर्गीय दृष्टिकोणबाट चल्ने बताउँदै महिलालाई सचेत पार्नुपर्ने बताउनुभयो ।

नेमकिपा सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले पुँजीवादी दलहरू धाक-धम्की दिने, भोज खुवाउने, पैसा बाँड्ने, अराजनीतिक काम गरेर मात्र निर्वाचन जितेका छन्; तिनीहरूले देश र जनताको हितमा काम नगर्ने हुँदा हामी सक्रिय हुनुपर्छ भन्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य धनेन्द्र विक, लालबहादुर थापा, रणबहादुर राना, खेमराज कँडेल, तुल्सी सिजापती, मीना सिजापति, रमा गिरी, सर्मिला विक, महेन्द्र सिजापतिलगायतका वक्ताले बोल्नुभएको थियो ।

नेक्राविसङ्घ सुर्खेतका अध्यक्ष कमल शाहीको अध्यक्षतामा जिल्ला भेला सम्पन्न भयो । भेलाले महेन्द्र सिजापतिको अध्यक्षतामा ९ सदस्यीय नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ सुर्खेत जिल्ला समिति पुनःगठन गर्‍यो ।

**कैलाली**

नेपाल मजदुर किसान पार्टी आठौं जिल्ला सम्मेलन तयारी समिति कैलालीको आयोजनामा पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा माघ १० गते प्रवचन कार्यक्रम लम्कीचुहा २ मा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले पुँजीवादी संसदीय व्यवस्थाबाट आमूल परिवर्तन सम्भव नभएको स्पष्ट पार्दै पुँजीवादी व्यवस्थाले शिक्षा र स्वास्थ्य उपचारको बन्दोबस्त सम्पूर्ण रूपमा राज्यले नलिने विषयमा नेमकिपा स्पष्ट रहेको बताउनुभयो ।

उहाँले दर्शन र विचार नभएको पार्टीले देशको नेतृत्व गर्न नसक्ने भन्दै भ्रष्टाचारको अन्त्य र सुशासनको बन्दोबस्तको निम्ति पुँजीवादी व्यवस्था फालेर समाजवादी व्यवस्था नै ल्याउनु स्पष्ट पार्दै नेमकिपा समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षरत छ भन्नुभयो ।

नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावलले समाजवादी व्यवस्थामा उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, शिक्षा-स्वास्थ्य निःशुल्क र युवालाई स्वदेशमै रोजगार, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त र शोषणविरुद्ध हकको बन्दोबस्त हुन्छ भन्नुभयो ।

उहाँले नेपाली युवालाई भाडाको सिपाही बनाउने सन् १९४७ को नेपाल-भारत-बेलायत बिचको त्रिपक्षीय गोर्खा भर्ती सम्झौता र सन् १९५० को नेपाल-भारतबिचको असमान सन्धि खारेज गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ कैलाली अध्यक्ष गुप्तबहादुर शाहीले नेपाल मजदुर किसान पार्टीको स्थापना हुनुको कारणबारे स्पष्ट पार्नुभयो ।

प्रवचन कार्यक्रममा नेमकिपा कैलाली सदस्य ज्योति, पदम सलामी मगर, नेक्रामहिला सङ्घ कैलाली सचिव जानकी शाही, नेक्रायुसङ्घ कैलाली अध्यक्ष प्रेम सिजापती, कैलाली क्षेत्र नं.१ की उम्मेदवार सुनिता भण्डार, क्षेत्र नं. ३ की उम्मेदवार जुनु महतारा शाही, क्षेत्र नं.४ की उम्मेदवार अमृता भुल र क्षेत्र नं. ५ की उम्मेदवार तृष्णा पुनले पार्टीको स्थापना दिवसको शुभकामना दिनुभएको थियो ।

# नेपाल मजदुर किसान पार्टीका प्रत्यक्षतर्फ उम्मेदवारहरू

| क्र.सं. | जिल्ला | क्षेत्र नं. | प्रत्यक्ष उम्मेदवार |
|---|---|---|---|
| १ | पाँचथर | १ | लछुमन तामाङ |
| २ | इलाम | १ | तुल्सीकेशरी छुजु |
| ३ | झापा | १ | हिरेन्द्रप्रसाद भट्टराई |
| ४ | | २ | चन्द्रकुमारी गारु |
| ५ | | ३ | धर्मलक्ष्मी लघु |
| ६ | | ४ | तुल्सीलक्ष्मी दुमरु |
| ७ | मोरङ | ३ | प्रशुराम विश्वास थारु |
| ८ | | ४ | जयराम थारु |
| ९ | | ५ | गंगाकुमारी राजवंशी |
| १० | | ६ | तिलकराम राजवंशी |
| ११ | सुनसरी | १ | महेश श्रेष्ठ |
| १२ | | २ | गीता श्रेष्ठ बजिको |
| १३ | | ३ | प्रकृति बासी |
| १४ | | ४ | चञ्चला न्हिसुतु |
| १५ | धनकुटा | १ | उत्तम साखकर्मी |
| १६ | संखुवासभा | १ | राजकुमार लघु |
| १७ | भोजपुर | १ | राजाराम बासी |
| १८ | खोटाङ | १ | ध्यानप्रसाद ढकाल |
| १९ | सोलुखुम्बु | १ | कमलबहादुर मगर |
| २० | ओखलढुङ्गा | १ | सविना प्रजापति |
| २१ | उदयपुर | १ | पूर्णबहादुर बुढाथोकी |
| २२ | | २ | विष्णुबहादुर खत्री |
| २३ | सप्तरी | २ | निलमकुमारी यादव |
| २४ | | ३ | प्रभुप्रसाद साह |
| २५ | | ४ | रामनारायण साह |
| २६ | सिराहा | १ | श्रीलाल पासमान |
| २७ | | २ | राजकुमार पासमान |
| २८ | | ४ | रामेश्वर साह |
| २९ | धनुषा | ३ | गंगा वैद्य |
| ३० | महोत्तरी | १ | कृष्णश्वरी दुवाल |
| ३१ | | २ | राजी मण्डल |
| ३२ | सर्लाही | १ | रमाकान्त कापर |
| ३३ | | ३ | रमा कोइराला |
| ३४ | रौतहट | १ | वैद्यनाथप्रसाद चौधरी |
| ३५ | | २ | शेख अमिरुल हक |
| ३६ | | ३ | रेखाकुमारी पटेल |
| ३७ | | ४ | दिनेशप्रसाद साह |
| ३८ | बारा | २ | चन्दन कुमार यादव |
| ३९ | | ३ | रामकुमार एकवाल राउत |
| ४० | पर्सा | १ | प्रमोदप्रसाद पटेल |
| ४१ | | २ | मुकेश कुशवहा |
| ४२ | | ३ | सरोजकुमार साह |
| ४३ | | ४ | साहब मिया तेली |
| ४४ | दोलखा | १ | विमला श्रेष्ठ |
| ४५ | रामेछाप | १ | केशरी श्रेष्ठ प्रधान |
| ४६ | सिन्धुपाल्चोक | १ | गीतादेवी कर्माचार्य |
| ४७ | | २ | म्हेन्दो तामाङ |
| ४८ | सिन्धुली | १ | राजेन्द्र बखुन्छे |
| ४९ | | २ | रामेश्वरी कोजू |
| ५० | धादिङ | १ | चन्द्रदेवी बासुकला |
| ५१ | | २ | प्रिया भट्ट |
| ५२ | नुवाकोट | १ | रवीन्द्र डंगोल |
| ५३ | | २ | सुवास भट्ट |
| ५४ | काठमाडौँ | १ | रमिला ज्याख्व |
| ५५ | | २ | सर्मिला माली |
| ५६ | | ३ | मदन श्रेष्ठ |
| ५७ | | ४ | आशलाल श्रेष्ठ |
| ५८ | | ५ | शोभालाल डंगोल |
| ५९ | | ६ | इन्द्रकुमारी बज्राचार्य |
| ६० | | ७ | गणेशमाया डंगोल |
| ६१ | | ८ | बन्दना श्रेष्ठ |
| ६२ | | ९ | शान्त महर्जन |
| ६३ | | १० | विन्द्रा महर्जन |
| ६४ | भक्तपुर | १ | प्रेम सुवाल |
| ६५ | | २ | रमेश वैद्य |
| ६६ | ललितपुर | १ | सरिता गोसाई |
| ६७ | | २ | चिरिमैया महर्जन |
| ६८ | | ३ | रमिला महर्जन |
| ६९ | काभ्रे | १ | राजु तामाङ |
| ७० | | २ | मुना तामाङ |
| ७१ | मकवानपुर | १ | रञ्जना सुवाल, भनपा १० |
| ७२ | | २ | सरोज तामाङ |
| ७३ | चितवन | १ | अर्जुन प्रजा |
| ७४ | | २ | शोभा बासुकला |
| ७५ | | ३ | बद्रीलक्ष्मी कवां |
| ७६ | गोरखा | १ | मनकुमारी श्रेष्ठ |
| ७७ | | २ | रामशरण बुढाथोकी |
| ७८ | लमजुङ | १ | गुहेश्वरी प्रजापति |
| ७९ | कास्की | २ | मीना न्हिसुतु |
| ८० | | ३ | विनिता अवाल |
| ८१ | तनहुँ | १ | रामलक्ष्मी दुवाल |
| ८२ | | २ | लक्ष्मण अधिकारी |
| ८३ | पर्वत | १ | ऐलिना सुवाल |
| ८४ | गुल्मी | १ | मैयालक्ष्मी त्यात |
| ८५ | पाल्पा | २ | कृष्णशोभा मुस्याख्व |
| ८६ | नवलपरासी पश्चिम | २ | रञ्जना सुवाल, भनपा ४ |
| ८७ | रुपन्देही | १ | हिमलाल पाण्डे |
| ८८ | | २ | रोशिना ब्याञ्जू |
| ८९ | | ३ | सुग्रीम चाइ |
| ९० | | ४ | कमल कोजू |
| ९१ | | ५ | जगिलाल थापा |
| ९२ | दाङ | २ | नविनकुमार शाही |
| ९३ | बाँके | १ | सुर्जा थापा |
| ९४ | | २ | प्रकाश शाह |
| ९५ | | ३ | भूमि महतरा |
| ९६ | बर्दिया | १ | पवित्रा शाही |
| ९७ | | २ | धर्मराज जैशी आचार्य |
| ९८ | सल्यान | १ | लालबहादुर थापा |
| ९९ | जुम्ला | १ | विर्खबहादुर रावत |
| १०० | कालीकोट | १ | नन्दबहादुर शाही |
| १०१ | जाजरकोट | १ | धनीराम जैशी |
| १०२ | दैलेख | १ | जगतबहादुर ओली |
| १०३ | | २ | बखतबहादुर थापा |
| १०४ | सुर्खेत | १ | गजबहादुर खत्तडी मगर |
| १०५ | | २ | तुल्सी खड्का |
| १०६ | पश्चिम रुकुम | १ | धनबहादुर विक |
| १०७ | अछाम | १ | सुरेन्द्रबहादुर शाही |
| १०८ | | २ | झङ्करबहादुर शाही |
| १०९ | बझाङ | १ | दलबहादुर बोहरा |
| ११० | डोटी | १ | खगेन्द्रबहादुर शाही |
| १११ | कैलाली | १ | सुनिता भण्डारा |
| ११२ | | २ | लक्ष्मी पुन मगर |
| ११३ | | ३ | जुनु महतारा शाही |
| ११४ | | ४ | अमृता भूल |
| ११५ | | ५ | तृषणा पुनमगर |
| ११६ | दार्चुला | १ | रमेशकुमार रावल |
| ११७ | बैतडी | १ | नवराज कोइराला |
| ११८ | डडेलधुरा | १ | सुरेन्द्रराज भट्ट |
| ११९ | कञ्चनपुर | १ | कटकबहादुर शाही |
| १२० | | २ | सीताराम राना |
| १२१ | | ३ | मिनु गिरी |

'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिक नियमित पढौँ !

कविता

## चोट त आफैलाई पर्ने हो

✍ माया

*दिदीबहिनी हो, दाजुभाइ हो,*
*पैसामा छाप नहालौँ,*
*भोजमा भोट नदेऔँ,*
*चोट त आफैलाई पर्ने हो,*
*देशलाई झनै दुख्ने हो ।*

*घोषणापत्र हेरौँ,*
*नि:शुल्क शिक्षा छ कि छैन,*
*नि:शुल्क उपचार छ कि छैन,*
*देशभित्र रोजगारी छ कि छैन,*
*खुला सिमाना रक्षा हुने*
*वाचा छ कि छैन ।*

*खरबौँ ऋण किन बोकाएको ?*
*भ्रष्टाचार किन गरेको ?*
*किसानको पसिना खोइ पुछेको ?*
*मजदुरको बेदना खोइ बुझेको ?*
*बिजुली सस्तोमा खोइ ?*
*नदीनाला किन बेचेको ?*
*एक-एक गरी सोधौँ ।*

*२०८२ माघ १०*

# देशको चौतर्फी विकासको लागि सन्तुलित विकास आवश्यक

देशको चौतर्फी विकासको लागि सन्तुलित विकास गर्नु आवश्यक छ । सन्तुलित विकास गर्न देशभर नै विकासको योजना पुऱ्याउनुपर्छ । यसको लागि देशको बजेट स्थानीय तहमा पर्याप्त पुऱ्याउनुपर्छ । देशको ५० प्रतिशत बजेट स्थानीय तहमा पुऱ्याउनुपर्छ भन्ने विचार नेमकिपाको हो । देशको विकास हरेक स्थानीय तहसम्म पुऱ्याउन सकेको भए, विकेन्द्रीकरणको सिद्धान्त लागू गरेको भए स्थानीय तहको विकास हुन्थ्यो; स्थानीय जनताले काम पाउने थिए । विकास गाउँ-गाउँ र बस्तीमा पुगे जनताले काम पाउनेछन्; भोकै बस्नुपर्ने छैन र कामको खोजीमा विदेश जानुपर्ने बाध्यता हुँदैन । आज कामकै खोजीमा हरेक दिन हजारौँ युवा, युवती र विद्यार्थीहरू बिदेसिँदै छन् ।

नेपालीले नै देशको विकास गर्नुपर्छ भन्ने धारणा नेमकिपाको हो । आफ्नै देशको स्रोत र साधन प्रयोग गरेर देशकै जनशक्ति परिचालन गरेर सरकार अघि बढेको भए विकास हुन्छ र देश विस्तारै आत्मनिर्भर हुँदै जानेछ । देशको हरेकजसो काममा विदेशीको भर परेपछि देश कहिल्यै आत्मनिर्भर हुनेछैन । देशका शासकहरू आफ्नै खुट्टामा उभेर विकास गर्ने बाटो नखोजेको हुँदा देश परनिर्भर हुँदै गएको हो । देशको विभिन्न ठाउँमा रहेका खनिज तथा सामानहरू अध्ययन, अनुसन्धान गरेर उपयोग गरेमा जनताका आधारभूत आवश्यकता पूर्ति हुन्छ । यसले देशको आयस्रोत बढ्छ र विकासका साथै जनताको जीवनस्तर उठ्छ । विदेशी सहयोगमा भर पर्दा विदेशी चलखेल बढ्छ र कुनै पनि बेला यहाँ अराजनीतिक, उच्छृङ्खल, तोडफोड र आगजनीका घटना घट्न सक्छ ।

सरकारले बिनाअनुमति या खुलमखुला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू देशमा भित्र्याउनु ठीक होइन । आर्थिक सहयोग र विकासको नाउँमा छिरेका गैरसरकारी संस्थाहरूले केही देख्ने गरी स-साना काम गरेको देखाएर आधीभन्दा बढी रकम उनीहरूले पालेका व्यक्तिहरूले लगेका हुन्छन् । जनताको सेवा र देशको विकासभन्दा पैसाको छेलोखेलो गरेर स्थानीय अगुवाको मन बिगार्ने र विदेशी दलाललाई पोस्ने काम गरिएको हुन्छ । गैरसरकारी संस्थाले गर्ने काममा कुनै अनुगमन हुँदैन । कहाँ कुन संस्थाले कति सहयोग गरेको छ, कति खर्च भयो ? कुनै लेखाजोखा हुँदैन । नेपाल सरकारले बिनाअनुमति खुलमखुला छोड्न नहुने हो । तर, त्यसको कुनै अध्ययन अनुसन्धान भइरहेको छैन । वास्तवमा यो आर्थिक सहयोग र विकासको नाउँमा प्रत्यक्ष या अप्रत्यक्ष रूपमा विदेशी चलखेल देशमा भित्र्याउनु हो ।

विगत लामो समयदेखि नेमकिपाले देशमा रासायनिक मल कारखाना खोल्नुपर्ने माग गर्दै आएको हो । कृषिप्रधान देशमा नेपाल सरकार र देशकै व्यापारी, उद्योगपतिहरूको सहयोगमा मल कारखाना खोलेको भए देशको अरबौँ रकम बच्थ्यो; कृषकहरूलाई मलको समस्या हुँदैनथ्यो । बढी भएको मल निर्यात गर्न सकिन्थ्यो । देशमा जहिल्यै मलको अभाव हुँदैनथ्यो र देशको एक महत्त्वपूर्ण आयस्रोत बन्थ्यो । मल कारखाना खोल्न बेलाबखत अध्ययन अनुसन्धान गरेर आवश्यक बजेट छुट्याइएको खबर पनि आएको हो तर, सञ्चारमाध्यममा आएको त्यो खबर कसरी कता हराउँछ, थाहै हुँदैन ।

नेमकिपाले सदन र सडकमा कहिले पनि व्यक्तिगत र दलगत स्वार्थ हेरेको छैन । देश र जनताको सेवा नै नेमकिपाले आफ्नो स्वार्थ ठान्छ । देश र जनताको हितबाहेक नेमकिपाले अर्को स्वार्थ हेरेको छैन । सीमा अतिक्रमण, अन्तर्राष्ट्रिय मूल्य र मान्यताविपरीत नेपाल-भारत सीमामा बनाएको बाँधको विरोध गर्ने दल नेमकिपा नै हो । किसानले जोत्दै आएको जग्गामा मोही कायम भएपछि मात्रै द्वैधस्वामित्व अन्त्य गर्नुपर्ने थियो; कमैयाहरूले जोत्दै आएको जग्गामा मोही भाग दिएर कमैया मुक्त गर्नुपर्ने थियो । तर, नेकाको तत्कालीन सरकारले द्वैधस्वामित्वको नाउँमा किसानलाई र कमैया मुक्तको नाउँमा कमैयालाई निष्कासन गर्ने काम गऱ्यो । यसमा कम्युनिस्ट भनिने सरकारमा पुगेका ठुला दलहरूले पनि समर्थन गरे । के यो कदम किसान र कमैयाहरूको विरोधमा भएन ? देशका राष्ट्रिय सवालमा यस्ता यावत कुरामा नेमकिपाले सडक र सदनमा आवाज उठाउँदै आएको हो । यसरी देश र जनताको पक्षमा आवाज उठाउने र सिद्धान्त र विचारमा अडान रही काम गर्ने दल नेमकिपा हो । नेमकिपाको यो अभियानमा जनताले पनि साथ दिनुपर्छ ।

भ.जि.का.द.नं. १–०५०/५१
भ.पु.जि.हु.का.द.नं.१–७४/७५



# रौतहटको इनरवारीमा कार्यकर्ता भेटघाट

रौतहट । नेपाल मजदुर किसान पार्टी रौतहट जिल्ला समितिको आयोजनामा माघ १२ गते रौतहट क्षेत्र नं. २ को इनरवारीमा कार्यकर्ता भेटघाट कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले पुँजीवादी शिक्षा नीतिले दुई प्रकारका जनशक्ति तयार भइरहेको बताउँदै जनताका छोराछोरीलाई निःशुल्क शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने राज्यको दायित्व भएको बताउनुभयो ।

पैसा लिएर भोट दिने र पैसा दिएर भोट किन्ने अवस्था रहेसम्म देशको विकास नहुने बताउँदै उहाँले आसन्न प्रतिनिधिसभाको निर्वाचनमा इमानदारीपूर्वक जनताको सेवा गर्ने पार्टी र उम्मेदवारलाई मत दिएर जिताउन आवश्यक छ भन्नुभयो ।

तराई विकास नहुनुमा यहाँका राजनैतिक व्यक्तित्वहरू दोषी रहेको चर्चा गर्दै उहाँले यहाँका जनताको चेतनास्तर वृद्धि नहुँदा देश आर्थिक र राजनैतिकरूपमा पछाडि परिरहेको बताउनुभयो ।

'राजनीति भनेको जनताको सेवा हो, राजनीति व्यापार गर्ने थलो होइन' भन्दै उहाँले भ्रष्टाचार गर्नेहरूलाई जनताले कारबाही गर्न नसक्नु नै देश पछाडि पर्नुको प्रमुख कारण भएको बताउनुभयो ।

नेमकिपा आकारमा सानो पार्टी भए पनि पार्टीको सिद्धान्त र विचार व्यापक भएको बताउँदै उहाँले विचार र सिद्धान्तमा चल्ने पार्टीलाई चुनावमा जिताउनु आजको आवश्यकता हो भन्नुभयो ।

नेमकिपाले आर्थिक समानताको लागि सङ्घर्ष गरिरहेको बताउँदै उहाँले भक्तपुर नपाले शिक्षा र स्वास्थ्यमार्फत गरेको विकासले आज देशकै नमुना नगर बन्न सफल भएको बताउनुभयो । नेका र एमाले पञ्चहरूकै पदचापमा हिँडिरहेको वर्तमान राजनीतिक घटनाक्रमबाट स्पष्ट भएको उहाँले बताउनुभयो ।

नेमकिपा रौतहट जिल्ला अध्यक्ष दिनेशप्रसाद साहको सभापतित्वमा भएको कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सरोजकुमार साह, नेमकिपा समानुपातिक उम्मेदवार परमानन्द राय यादवले पनि बोल्नुभएको थियो ।

**सर्लाहीमा...**

असमानता अन्त्य गरी समाजलाई परिवर्तन गर्न लागिपरेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं सर्लाही क्षेत्र नम्बर १ का उम्मेदवार रमाकान्त कापरले पुँजीवादी व्यवस्थामा किसान मजदुरहरूले दुःख पाइरहेको उल्लेख गर्दै काम गरी खाने जनतालाई शासक वर्गमा उठाउने उद्देश्य नेमकिपाको हो भन्नुभयो ।

उहाँले भारतीय विस्तारवाद र पुँजीवादी व्यवस्थाले गर्दा बहुमत जनताले दुःख पाइरहेको हो भन्नुभयो ।

नेक्रामसङ्घका केन्द्रीय कोषाध्यक्ष रोशनमैयाँ सुवालले समाजवादी प्रचार अभियानमा नेमकिपाले निरन्तरता दिइरहेको उल्लेख गर्दै सहकारीको रकम ठग्नेहरू पनि राजनीतिमा आइरहको बताउनुभयो ।

उहाँले विदेशबाट परिचालित व्यक्तिहरू पनि राजनीतिमा सक्रिय भइरहेकोले सतर्क हुनु जरुरी छ भन्नुभयो । कामद गाउँमा भएको सो कार्यक्रममा कार्यकर्ता किसुंदेव शर्मा, सरोजकुमार साह र छोरीमैयाँ सुजखुले पनि नेमकिपाले निर्वाह गर्दै आएको भूमिकाबारे चर्चा गर्नुभयो ।

# समाजवादी व्यवस्था स्थापनाको लागि नेमकिपा सङ्घर्षरत

पर्सा । नेपाल मजदुर किसान पार्टीको तर्फबाट पर्सा जिल्लाका ३ वटा क्षेत्रबाट उम्मेदवार हुनुभएका उम्मेदवारहरूको परिचयात्मक कार्यक्रम माघ ११ गते सिरही पर्सामा सम्पन्न भयो ।

पार्टी कार्यकर्ताहरूबिच भएको उक्त परिचयात्मक कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले नेपाल मजदुर किसान पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र माओ विचारधारा रहेको स्पष्ट पार्दै नेमकिपा सिद्धान्तमा अडिग छ भन्नुभयो ।

नेमकिपाले जनताको राजनीतिक स्तर नाप्ने ब्यारोमिटरको रूपमा निर्वाचनलाई उपयोग गर्दै आएको उल्लेख गर्दै निर्वाचनबाट आमूल परिवर्तन सम्भव छैन भन्नुभयो ।

बहुदल र गणतन्त्रपछिको सरकारहरूले जनताको इमानदारीपूर्वक सेवा नगरेको हुँदा फागुन २१ गतेको चुनावमा अहिलेसम्म सत्तामा पुगेका शासक पार्टीहरूलाई पराजित गर्न नेमकिपाको मादल चिह्नमा मतदान गर्न उहाँले आग्रह गर्नुभयो ।

कामदार जनताको शासन सत्ता कायम हुने समाजवादी व्यवस्था स्थापनाको लागि नेमकिपा सङ्घर्षरत रहेको स्पष्ट पार्दै उहाँले आफ्नो अमूल्य मतलाई सही सदुपयोग गर्न अनुरोध गर्नुभयो ।

पर्सा क्षेत्र नं. ३ मा नेमकिपाका उम्मेदवार सरोजकुमार साहले देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्ने बाहेक नेमकिपाको अर्को कुनै स्वार्थ नभएको हुँदा सम्पूर्ण कामदार जनताले नेमकिपालाई मतदान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

शासक पार्टीको लोभलालचमा जनता फस्न हुनुहुँदैन, नेपाल विकास नहुनुमा शासक पार्टीहरूले गरेको भ्रष्टाचार, कमिसनतन्त्र नै प्रमुखरूपमा दोषी छ, उहाँले भन्नुभयो ।

**पार्टीले...**

नै बेच्ने खतरा रहेको हुँदा अबको चुनावमा पालैपालो प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री बनेका पार्टीहरूदेखि नेपाली जनता सचेत हुनु जरुरी भएको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "देश र जनताको निःस्वार्थ सेवा गर्न र समाजवादी प्रचार अभियानलाई अगाडि बढाउन आगामी फागुन २१ को प्रतिनिधिसभाको चुनावमा 'मादल' चिह्नमा छाप लगाई नेमकिपाका उम्मेदवारहरूलाई अत्यधिक बहुमतले जिताउनुहुन सम्पूर्ण नेपाली जनतामा हार्दिक अनुरोध गर्दछौँ ।"

नेमकिपाले संसद्मा जनताको भावनाबमोजिम प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आएको चर्चा गर्दै नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईंले देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्न नेमकिपा पछि नपर्ने प्रस्ट पार्नुभयो ।

उहाँले शासक दलहरूको अकर्मण्यताकै कारण देश पराधीन बन्दै गइरहेको, विदेशी हस्तक्षेप बढेको, आर्थिकरूपमा जर्जर बन्दै गइरहेको उल्लेख गर्दै नेपाली कामदार तथा देशभक्त जनताको एकताबाट मात्र देश जोगिनेछ भन्नुभयो ।

नेमकिपाले देशभक्तिपूर्ण आन्दोलनको इमानदारीपूर्वक नेतृत्व गरिरहेकोबारे प्रस्ट पार्दै जिल्ला अध्यक्ष गोसाईंले सिंहदरबार जलाउनेलाई मात्र होइन सिंहदरबारलाई विदेशी दलालको अखडा बनाउने देशघातीहरूलाई दण्डित गर्न आवश्यक भएको बताउनुभयो ।

उम्मेदवारी मनोनयन दर्ता गर्नुपूर्व नेमकिपा कार्यालय गोल्मढीबाट जुलुस अगाडि बढेको थियो ।

जुलुसमा सम्पूर्ण 'देशभक्त जनता एक होऔँ', 'एमसीसीका मतियारहरू होशियार', 'विदेशी हस्तक्षेप बन्द गर !' लगायतका नारा लगाइएको थियो ।

त्यस्तै भक्तपुर निर्वाचन क्षेत्र नं. २ मा नेमकिपाको तर्फबाट रमेश वैद्यले उम्मेदवारी दिनुभएको छ ।

उम्मेदवारी दर्तापछि भएको सभामा पार्टीका केन्द्रीय सदस्य अनुराधा थापामगरले नेमकिपाले जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारीको साथै देशको स्वाधीनता र सार्वभौमसत्ताको विषयमा पनि आवाज उठाउँदै आएको बताउनुभयो ।

"नेमकिपा मजदुर, किसान र कामदारवर्गको हित हेर्ने देशभक्तहरूको पार्टी भएकोले फागुन २१ गतेको निर्वाचनमा पार्टीका उम्मेदवार रमेश वैद्यलाई जिताउन मादल चिह्नमा मतदान गर्न अनुरोध गर्दछु", उहाँले भन्नुभयो ।

नेमकिपा भक्तपुर निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार रमेश वैद्यले वर्गविहीन समाज स्थापना गर्न नेमकिपाले जनतालाई राजनीतिकरूपमा सचेत र सङ्गठित गर्दै आएको चर्चा गर्दै पार्टीले स्थापनाकालदेखि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादविरूद्ध सङ्घर्ष गर्दै आएको बताउनुभयो ।

मादल चिह्नमा मतदान गरी आफूलाई निर्वाचित गर्न अनुरोध गर्दै उहाँले आफ्नो उम्मेदवारी शोषण, अन्याय र अत्याचारको विरोध गर्नु रहेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपा मध्यपुरथिमि नगर समितिका उपाध्यक्ष वीरकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

**निःस्वार्थभावले...**

उहाँले नेमकिपाले सुरुदेखि व्यक्तिहत्याको विरोध गर्दै व्यापक जनतालाई राजनीतिक रूपले सचेत गर्नुपर्ने विषयमा जोड दिँदै आएको बताउनुभयो । मार्क्स, एङ्गेल्सले क्रान्ति चुनावबाट होइन, सशस्त्र सङ्घर्षले नै हुने निष्कर्ष निकाल्नुभएको चर्चा गर्दै उहाँले भन्नुभयो, "सोभियत सङ्घमा स्तालिनको मृत्युपछि आएको नेतृत्वले चुनावबाट समाज आउने बताइयो । त्यो संशोधनवादी नीतिको हामीले विरोध गऱ्यौँ ।"

कार्यक्रममा पार्टीका सचिव प्रेम सुवालले माघ महिनाभरि नै पार्टी प्रकाशनको अध्ययन-अन्तरक्रिया गरी पार्टी स्थापना दिवस मनाउने हालै सम्पन्न परिषद्को निर्णय सुनाउँदै त्यहीअनुसार जिल्ला जिल्लामा कार्यक्रम भइरहेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "३५ वर्ष यताका सरकारहरूले देश र जनताको समस्या समयमा समाधान गर्न नसकेको र सम्भावित दुर्घटनाबारे पूर्वअनुमान गर्न नसकेको हुँदा गत भदौ २३ र २४ गतेको घटना भएको नेपालको राष्ट्रिय मानव अधिकार आयोगले सार्वजनिक गरेको छ ।"

पार्टीले सडक र सदन दुवैतिर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयमा आवाज उठाउँदै आएको बताउँदै उहाँले सचेत र सङ्गठित जनशक्तिबिना देशमा आमूल परिवर्तन नहुने प्रस्ट्याउनुभयो । उहाँले पार्टीले अराजकतावादको खण्डन गर्दै आएको प्रस्ट पार्नुभयो ।

देशमा एनजीओ तथा आईएनजीओसँग देशको राष्ट्रिय बजेटभन्दा बाहिर अरबौं खरबौं रहेको तथ्य बाहिर आएको चर्चा गर्दै उहाँले त्यस्तै बजेटबाट सञ्चालित संस्थाहरूले जनतालाई देशको विरुद्ध जासुसी गराउनेतर्फ सचेत हुनुपर्ने बताउनुभयो ।

ट्रम्प प्रशासनका एनईडी र आईआरआईमार्फत खर्चेर देशमा विध्वंस मच्चाएको कुरा अमेरिकाबाटै सूचना प्रकाशमा आएको तथ्यमाथि प्रकाश पार्दै उहाँले संरा अमेरिकी राष्ट्रपति ट्रम्पको जङ्गली शासनविरुद्ध अमेरिकी जनताले आवाज उठाइरहेको उल्लेख गर्नुभयो ।

विमोचित पुस्तक 'ए, मेरा रातहरू' को बारेमा कार्यक्रमका सभापति एवं आयोजक समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईंले भन्नुभयो, "पार्टीले महाधिवेशन, परिषद् र अहिले स्थापना दिवसमा छुट्टाछुट्टै पुस्तकहरू प्रकाशित गरेर एउटा नयाँ संस्कृति बसाउन खोजेको छ ।"

उहाँले २०४२ सालमा 'आकाश बाँधिएको छैन' पछि २०८२ सालमा 'ए मेरा रातहरू' पढ्न पाएको उल्लेख गर्दै कविता सरल भाषा तर गहन भाव अभिव्यक्त भएको पाइन्छ भन्नुभयो । अनुभवको गहिराइमा डुबुल्की मारेर रचिएको कवितामा मौलिक बिम्ब र प्रतीकहरू रहेको उहाँले भन्नुभयो ।

उहाँले प्रकाशित पुस्तकहरूको नियमित अध्ययन र अन्तरक्रिया भइरहेको बताउनुभयो ।

विमोचित अर्को पुस्तक 'सम्पादकीय सङ्कलन दोस्रो खण्ड' बारे स्रष्टा समाजका अध्यक्ष लक्ष्मण जोशीले कुनै पनि पत्रिकाको सम्पादकीय त्यो पत्रिकाको मुटु हुन्छ, त्यसमा पत्रिकाको दृष्टिकोण, मूल्य मान्यतासमेत प्रस्ट उल्लेख हुने हुँदा त्यसको विशेष महत्त्व हुन्छ तर धेरै पाठकहरू समाचारमात्र पढ्ने गर्छन् भनी गुनासो गर्नुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशसभाका सांसद सिर्जना सैंजूले नेपालको राजनीतिमा नेमकिपाले खेल्दै आएको भूमिकामाथि प्रस्ट पार्नुभएको थियो ।

योग गरौं, स्वस्थ जीवन अपनाऔं

- नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ।
- योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ।
- नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ।
- बिहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं।
- योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं।
- बालबालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ।
- योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो।

योग गरौं: स्वास्थ्य बनौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**एकक्षण** — प्रधान

# सिद्धान्त र घोषणापत्रको सम्झौताबिना राजनीतिक दलहरूको गठबन्धन अनैतिकताको सुरुआत

राजनीतिक दलहरू एक न एक सिद्धान्त, विचारबाट प्रेरित भई एक आदर्श समाज निर्माण गर्ने उद्देश्य लिई स्थापना भएका हुन्छन् । सङ्गठित र एकमना समूहका राजनीतिक दलहरू एक चिन्तनशील र जिम्मेवार समूह हुन् । सारमा, हरेक राजनीतिक दलहरू उक्त उद्देश्यबाट प्रेरित र समर्पितहरूको जिम्मेवार समूह हुन् ।

सैद्धान्तिकरूपले सही अनि देश र जनताप्रति समर्पित भएर लागे पनि चामलमा कहिलेकाहीँ धान मिसिएजस्तै शुद्ध राजनीतिक दलहरूमा पनि एक-दुई वटा दल जानेर वा नजानेर मिसिनु समाजकै ऐना भन्न मिल्छ, सचेतताका साथ पार्टीहरू 'धान' बाट जोगिनुपर्ने हुन्छ ।

एउटा राजनीतिक दलको तल्ला वा माथिल्ला समितिहरूमा पनि 'धान' मिसिनु अनौठो विषय नहोला । यसबाट पनि नेपाली नागरिक, निर्वाचन आयोग र त्यसका विभिन्न अङ्ग, कर्मचारी र नागरिकहरू सचेत हुनु कर्तव्यबोधको विषय हो ।

तर, नेपालको भौगोलिक कठिनाइ, आवश्यक बाटोघाटोको अपर्याप्तता, विविध जात-जाति र भाषाभाषीहरूको सङ्गमस्थल जस्तै भएको हुनाले राजनीतिक दलहरूले कम समयमा सबै नागरिक र मतदाताहरूलाई समानरूपले आ-आफ्नै भाषामा चित्त बुझाएर सम्झाउन र बुझाउनु पनि एक व्यावहारिक कष्टसाध्य काम हो । तर, साहसका साथ कम समयमै जनतामा गएर आ-आफ्ना दलका उद्देश्य र घोषणापत्रबाट सचेत पार्ने कार्यमा अग्रसर हुनु सबै दलकै सकारात्मक पक्ष हो ।

फेरि पनि सबैमा एउटा भन्नैपर्ने विषय हो - लिपि र साहित्य नै नभएको र नेपाली भाषा पनि राम्रोसँग नबुझ्ने हाम्रा नेपाली दाजु-भाइ, दिदी-बहिनीहरूलाई कसरी बुझाउने र सबैमा सबै दलको सन्देश कसरी पुऱ्याउने भन्नेबारे निर्वाचन आयोगले गम्भीररूपले सोच्न सके साह्रै मनकारी र परोपकारी काम हुनेछ ।

यस्ता समस्याहरूको समाधानमा निश्चय पनि समय लाग्ला तर समयान्तरमा समाधान पनि होला । तर, आर्थिक असमानता भएको समाजमा ठुलो समस्या र धेरै बेमेलका पत्रहरू भएजस्तै राजनीतिक दलहरू पनि सशक्त, मध्यम र आर्थिक, भौतिक शक्तिभन्दा पनि देशको तह नमिलेको समाजलाई तह मिलाउने भावनाबाट प्रेरित उच्च विचारका दलहरू पनि अवश्य केही होलान् । यस्तो स्थितिमा निर्वाचन आयोगले प्रचार कार्यमा पनि समानताको आधारमा अवसर दिनु न्यायसङ्गत हुनेमा कुनै शङ्का छैन ।

शासक दलहरूले नै यसप्रकारका अवसरहरू पाउने हो भने नयाँ निर्वाचनको के आवश्यकता भन्ने प्रश्न पनि बारम्बार उठेकै विषय हो । 'जहाँ धन वा लक्ष्मी छ, त्यही शक्ति छ' र 'जहाँ शक्ति छ त्यही लक्ष्मीको बास छ ' भन्ने पुरानो कहावतलाई नयाँ समाजमा लागु नहुने व्यवहारमा सबै मिलेर लागु गर्न सके सबै नेपाली जनता नयाँ समाजमा असमानताको पीडाबाट मुक्त भए नेपाली जनताले आशाको श्वास फेर्न पाउनेछन् ।

यसकारण, सैद्धान्तिक र वैचारिक एकताका बिन्दुहरूबिना नै निर्वाचनमा आउने दलहरूले निर्वाचन जित्नको लागि मात्रै गठबन्धन गर्न दिनु भनेको 'निर्वाचनपछि तिमीहरू फुट्न सक्छौ' भन्ने अर्थमा लागु हुने सम्भावना छ । यो स्थितिलाई निरन्तरता दिएमा बारम्बार 'दल बदल' रोगले नेपाली जनताले कहिले मुक्ति पाउने छाँटकाँट देखिन्न । देश र जनतालाई आर्थिक, राजनीतिक र नैतिकरूपले नयाँ युगमा लैजाने प्रतिबद्धता लिएको आजको नेपालले कहिले पनि सग्लो राजनीतिक शिक्षा र व्यवहार प्राप्त नहुने अनुमानले नयाँ पुस्ताले फेरि पनि आशाको किरणको दर्शन नपाउने नै भए कि भन्ने आशङ्का छ ।

हो, जनता र देशको निःस्वार्थरूपले सेवा गर्ने कार्यक्रमलाई सपथको रूपमा बोकेर हिँड्ने दलहरूले नै निर्वाचनपछि गठबन्धन गर्ने अवसर गर्न पाए सुनमा सुगन्ध हुने थियो ।

# जुम्लामा नेमकिपाको चुनाव प्रचारले गति लिँदै

जुम्ला । नेमकिपाले जिल्ला जिल्लामा निर्वाचनको प्रचार प्रसार गर्ने क्रममा सोमबार जुम्लाका रारालिहीलगायतका स्थानमा चुनाव प्रचार भयो ।

गाउँ-गाउँ र बस्ती बस्तीमा भएको भेटघाट कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले नेमकिपाले इमानदारीपूर्वक राजनीति गरिरहेको उल्लेख गर्दै कुनै पनि मतदाता लोभलालचमा फस्न नहुने बताउनुभयो ।

उक्त भेटघाट कार्यक्रममा जुम्लाका उम्मेदवार विर्षबहादुर राउत, समानुपातिक उम्मेदवार यज्ञबहादुर बुढ्थापा तथा रोजीकला भण्डारीले सामन्ती र पुँजीवादी पार्टीका उम्मेदवारहरूलाई हराउनुपर्नेमा जोड दिनुभयो ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३